सर्वाधिक बिक्री हुने
# साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका
कान्तिपुर पब्लिकेशन्स
• वर्ष १२ ... र, फागुन ११, २०६३ • SAPTAHIK • Nepali National Weekly • Feb 23, 2007 • पृष्ठ २४ • मूल्य रु. ८/-

SALE
BaLeNO www.baleno.com
S&K SAMUEL & KEVIN
Bouddha; 4465008 | Bluestar Complex; 4228833


तस्विर : इ-नशा डटकम

# अरुणिमा कि ऋचा ?

■ दिवस गुरागाईं

नेपाली चलचित्र वृत्तमा 'बी ग्रेड' नायिकाका रूपमा चिनिने अरुणिमा लम्साल तथा ऋचा घिमिरेको सम्भावना प्रबल देखिन थालेको छ। निर्माता, निर्देशक एवं चलचित्रप्रेमीहरू अबको 'नम्बर वान' को दौडमा यी दुई नायिकालाई हेर्न थालेका छन्। विश्लेषकहरूले अब अरुणिमा कि ऋचा ? भनेर तर्क-वितर्क पनि गर्न थालिसकेका छन्।

नायिका करिश्मा मानन्धर र जल शाह अमेरिका पलायन भएका छन्। नेपालभित्रै रहेका निरुता सिंह र विपना थापाको क्रेज खस्कँदो छ। यो अवस्थामा एक नम्बरमा पुगेकी नायिका रेखा थापा अति व्यस्त छिन्। अबको एक वर्षसम्म नयाँ चलचित्रका लागि रेखासँग समय छैन। यसबीच थप केही राम्रा चलचित्र दिन सके रेखालाई उनको आसनबाट डगमगाउन सक्ने कोही हुनेछैनन्। यद्यपि चलचित्र निर्माणको वर्तमान भेलमा अरू एक-दुई नायिका व्यस्त हुने पक्का छ। नयाँ र प्रबल सम्भावना बोकेका नायिकाहरूको प्रवेश नभएका कारण पनि अरुणिमा तथा ऋचाको भविष्य सुनौलो देखिएको हो।

नरेन्द्र थापाको चलचित्र देशदेखि विदेशसम्ममा अरुणिमा तथा ऋचा दुवै छन्। उक्त चलचित्रमा दुवैको बराबर भूमिका छ। ऋचाले राजु शाहको चलचित्र 'सपनाको नौलो संसार' भर्खरै सकेकी छिन् भने अरुणिमाले दिलीप रायमाझीद्वारा निर्मित चलचित्र 'हामी साथीभाइ' भर्खरै सकेकी छिन्। त्यसैगरी अरुणिमासँग हाल श्याम भट्टराईको 'मर्यादा'लगायत चार चलचित्र छन् भने ऋचासँग सुनिल थापाको 'पीडा', दीपक रायमाझीको 'डेन्जर'सहित चारवटै चलचित्र छन्। यो होडमा अर्की नायिका उषा पौडेल पनि धेरै पछि छैनन्। समय-परिस्थितिले साथ दियो भने अरुणिमा र ऋचाको यो रेसमा उषाले उनीहरूलाई उछिन्न सक्छिन्। उषालाई प्रबल सम्भावनायुक्त नायिका मान्ने निर्माता-निर्देशकहरूको कमी पनि छैन।

### ऋचा घिमिरे



- ऋचा अविवाहित छिन्।
- ऋचा कालो वर्णकी तर हिस्सी परेकी छिन्।
- ऋचाको पहिलो चलचित्र 'तिम्रो माया ९९ मेरो माया १००' हो। घिमिरे उक्त चलचित्रकी सहनायिका थिइन्।
- ऋचा टेलिचलचित्रमै बढी देखिन्छिन्।
- ऋचाले अभिनय गरेको राम्रो चलचित्र विरलै भेटिन्छ।
- ऋचा आधुनिक युवतीका रूपमा बढी सुहाउँछिन्।
- ऋचासँग उनका आगामी दिनहरू व्यस्त बनाउने गरी चलचित्र छन्।

### अरुणिमा लम्साल



- अरुणिमा विवाहित छिन्।
- अरुणमा गोरी र हिस्सी परेकी छिन्।
- अरुणिमाको पहिलो चलचित्र 'यस्तै रहेछ जिन्दगी' हो। उक्त चलचित्रमा अरुणिमाको नाममात्रैको भूमिका थियो।
- अरुणिमा टेलि-चलचित्रमा धेरै देखा परिन्। उनी देखिएका महका टेलिचलचित्र चर्चित भए।
- अरुणिमाको धड्कन राम्रै चलचित्रमा गनियो।
- अरुणिमालाई गाउँले युवतीको भूमिका बढी सुहाउँछ।
- अरुणिमा हाल थुप्रै चलचित्रमा व्यस्त छिन्।

**के भन्छन् निर्माता-निर्देशक ?**

अरुणिमा र ऋचा दुवैको भविष्य राम्रो देखेको छु। दुवै योङ छन्, राम्रो अभिनय गर्छन्, ट्यालेन्टेड छन् अनि सुन्दर पनि। दुवैमा आ-आफ्ना गुण छन्। उनीहरूको हालको दौड नम्बर वानकै हो। अरुणिमाको 'धड्कन' हेरेपछि मैले उनलाई आफूद्वारा निर्मित चलचित्र 'हामी साथीभाइ' मा लिएको हुँ।

**दिलीप रायमाझी, नायक/निर्माता**

बाँकी पृष्ठ ५ मा



तस्विर : साइबरसंसार डटकम

**साप्ताहिक तथा फेयर एन्ड टिनको सुपर टिन- २००७ सम्बन्धी घोषणा अन्तिम पृष्ठमा**


पृष्ठ २४ मा विवाह देवियानीको


पृष्ठ ९ मा मिया बिबी राजी


पृष्ठ २२ मा विश्वकप क्रिकेट विशेष


मध्यपृष्ठमा बबिना शर्मा

साप्ताहिक


## क्यासेट

### लाटीको पोइ



धौलागिरि क्यासेट सेन्टरले गायक दीपक छेत्रीका हास्यगीतहरूको संग्रह 'लाटीको पोइ' बजारमा ल्याएको छ। संग्रहमा एक दुई तीन, लाटीको लोग्ने, बूढी स्वास्नी, आँच ओ काका लगायत आठवटा गीत समावेश छन्। संग्रहमा संगीत गायक स्वयंको छ भने शब्द सुन्दर राई, दीपक छेत्री तथा नवराज पोखरेलको छ।

### थर्स डे



गायक मेघ लामाको पहिलो गीतिसंग्रह थर्स डे श्रोतामाझ आएको छ। म्युजिक प्वाइन्टले बजारमा ल्याएको यो गीतिसंग्रहमा आठवटा गीत संग्रहित छन्। संग्रहमा जेम्स प्रधान, भरत सिटौला, मेघ लामा, सुसन लामा, रमेश अधिकारी, राहुल प्रधान तथा कुन्दन पाण्डेको संगीत छ भने शब्द भूपेन्द्र नीराजन, मेघ लामा, सुसन लामा, रमेश अधिकारी एवं नरेश भट्टराईको छ।

### आऊ है फर्केर



पदम दुलाल तथा रमिला थापामगरका दोहोरी गीतहरूको संग्रह 'आऊ है फर्केर' श्रोतामाझ आएको छ। यो संग्रहमा स्वर राजु परियार, पदम दुलाल, रमिला थापा, रनबहादुर थापा र अन्जना थापाको छ भने शब्द तथा लय रनबहादुर थापा र अन्जना थापाको छ। संग्रहको साइड 'ए' मा आऊ है फर्केर तथा साइड 'बी' मा माया छ भनी दोहोरी गीत समावेश छन्।

## रंगमञ्च

-विश्वेश्वरप्रसाद कोइरालाको राजनीतिसँग सम्बन्धित एक मात्र कथा 'एक रात' नाटकमा रूपान्तरित भएको छ। सर्वनाम नाट्यसमूहका लागि निर्देशक अशेष मल्लद्वारा लेखन तथा निर्देशन गरिएको उक्त नाटकलाई बीपी कोइराला भारत-नेपाल फाउन्डेसनले प्रस्तुत गरेको हो। आज काठमाडौंको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा मञ्चन गरिने उक्त नाटक यसअघि भारतको बनारसमा मञ्चन गरिएको थियो। राजनैतिक बन्दीका रूपमा एक युवक सरकारद्वारा मारिनुअघि के-कस्तो मानसिकतामा हुन्छ भन्ने कुरा उक्त नाटकले प्रस्ट पारेको छ।

## ग्यालरी

-दक्षिण कोरियाका चर्चित मानसिक रोग विशेषज्ञ डा. कुनहो ली नेपाली कलाका पारखी हुन्। अढाई दशकअघि पहिलो पटक नेपाल आएका लीले यही कारण पनि पटक-पटक नेपाल भ्रमणको कार्यक्रम बनाइरहेका हुन्छन्। ली कोरियामा चित्रकला प्रदर्शनीको आयोजना गर्ने उद्देश्यले चित्र संकलनका लागि नेपाल आएका थिए। उनी आफूलाई मन परेका चित्रहरू खरिद गरेर कोरियामा लगी प्रदर्शन गर्दै कला-संस्कृतिको क्षेत्रमा नेपाल र नेपालीलाई परिचित गराउँदै आएका छन्। लिका अनुसार यस पटक पनि उनले थुप्रै चित्र संकलन गरेका छन्, जसलाई उनले कोरियामा प्रदर्शन गरी त्यसबाट उठेको रकम नेपालमै खर्च गर्ने योजना बनाएका छन्।

-सिद्धार्थ आर्ट ग्यालरी, बबरमहलमा गत फागुन ५ देखि १० गतेसम्म चित्रकला प्रदर्शनी सम्पन्न भएको छ। निरन्तर खुला ढोका शीर्षक राखिएको उक्त चित्रकला प्रदर्शनीमा ढोकामा चित्र तथा कविताहरूको प्रयोग गरिएको थियो।

-कलाकार रागिनी उपाध्यायका चित्रहरूको प्रदर्शनी द आर्ट सप दरबारमार्गमा भैरहेको छ। माघ २८ गते आइतबार जर्मन राजदूत फ्रान्ज रिङ तथा उनकी श्रीमती वैली रिङले संयुक्त उद्घाटन गरेको यो चित्रकला प्रदर्शनी फागुन १३ गते आइतबारसम्म चल्नेछ। द साउन्ड अफ लभ शीर्षक राखिएको यो प्रदर्शनीमा माया-प्रेममा आधारित ३२ वटा चित्र समेटिएका छन्।

-इटहरीस्थित असहाय बालआश्रम र धरानस्थित सरस्वती बालआश्रमको सहयोगार्थ फोटोग्राफर गोपाल राईले राजधानीको सिर्जना आर्ट ग्यालरीमा एकल तस्बिर प्रदर्शनीको आयोजना गरेका छन्। प्रकृतिप्रेमी र मानवीय भावनाहरूप्रति संवेदनशील राईले प्रदर्शनीमा ३० वटा तस्बिर राखेका छन्।

-बुद्ध आर्ट ग्यालरीमा १० जना कोरियाली तथा ५ जना नेपाली चित्रकारको चित्रकला प्रदर्शनी सम्पन्न भएको छ। पानीरंगमा तयार पारिएका ३० वटा चित्रको उक्त प्रदर्शनी गत सोमबार समापन भएको हो। नेपाल वाटर कलर सोसाइटीका अध्यक्ष रत्नकुमार राईले उक्त चित्रकला प्रदर्शनीको उद्घाटन गरेका थिए।

## पुस्तक

### रोएर हाँसेका जिन्दगीहरू

हुम्लाका कवि वसन्त रोकाया बाध्यताश्रीका तीसवटा गद्यकविताको संग्रह रोएर हाँसेका जिन्दगीहरूलाई ग्रामीण विकास तथा अध्ययन केन्द्रले प्रकाशित गरेको हो। व्यक्तिगत ३० रुपैयाँ तथा संस्थागत ६५ रुपैयाँ मूल्य राखिएको यो पुस्तक कविताका पारखीहरूका लागि स्वादिलो खुराक हुन सक्छ।

### अक्षर खेल्ने आँगन

कवि गोविन्द नेपालका ४० वटा फुटकर कविताको संग्रह अक्षर खेल्ने आँगनलाई गरिमा प्रकाशनले प्रकाशित गरेको हो। गद्य कविताका पारखीहरूका लागि यो संग्रह समय कटाउने एउटा राम्रो माध्यम हुन सक्छ। पुस्तकको मुल्य १ सय ५० रुपैयाँ छ।

### घाउमाथि घाउ

गजलकार रासाले रचना गरेका ६२ वटा गजलको संग्रह घाउमाथि घाउलाई सायमी प्रकाशन काठमाडौंले प्रकाशित गरेको हो। गजल पारखीहरूका लागि यो पुस्तक एउटा राम्रो खुराक हुन सक्छ। पुस्तकको मूल्य संस्थागत १ सय २५ तथा व्यक्तिगत ६५ रुपैयाँ छ।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

बलियो साता छ। काममा सफलता मिल्नेछ। बोलीको प्रभावका साथै पराक्रम एवं सोच्ने शक्ति बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। मानसम्मान पनि प्राप्त होला। धन आर्जन गर्ने अवसर जुट्नेछ। आफ्नै प्रयासले नयाँ काम हात पार्न सफल भए पनि घरेलु समस्याले सताउने तथा स्वास्थ्यमा गडबडी आउने क्रम यथावत् रहनेछ।

### वृष

दिन बलिया छन्। मन प्रसन्न रहनेछ। काममा सफलता मिल्नेछ। आफन्तहरूबाट उचित सहयोग प्राप्त हुनेछ। सोच्ने शक्ति एवं पराक्रम बढ्नुका साथै फलदायी यात्रा हुनसक्छ। अध्ययनमा पाइने सफलता कायमै रहनेछ। वैदेशिक कार्यमा लाग्नेहरूका लागि साता अनुकूल रहनेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। अरूको विश्वास जित्न सकिनेछ।

### मिथुन

सुरुमा खर्च एवं विवाद बढ्नेछ। स्वास्थ्यमा समस्या आउनाले काममा पनि अवरोध खडा हुनसक्छ। अरूबाट आलोचित पनि हुनुपर्नेछ। शरीरमा चोटपटक लाग्न सक्छ। लेनदेनमा विवाद बढ्नेछ। आम्दानीको मार्ग बन्द हुनेछन्। शत्रु बढ्नेछन् भने धनमाल हराउन सक्छ। विश्वास गरेकाहरूले धोका दिनेछन्। सोमबारदेखि प्रयास गरे केही सफलता मिल्न सक्छ।

### कर्कट

समष्टिमा साता राम्रो छ। सुरुमा मानसम्मान मिल्नुका साथै बुद्धि बढ्नेछ। धन आर्जन तथा यात्रा गर्ने अवसर जुट्नेछ। अरूबाट सहयोग पनि प्राप्त हुनेछ। भाग्यले साथ दिनुका साथै अध्ययनमा सफलता मिल्नेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। सोमबार तथा मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा स्वास्थ्यमा समस्या उत्पन्न हुने योग छ।

### सिंह

सुरुमा नैराश्यता एवं उदासीनताले सताए पनि शनिबारदेखि मानसम्मान मिल्नेछ। सोच्ने शक्तिका साथै आम्दानी बढ्नेछ। आफन्तहरूको सहयोग प्राप्त होला। अध्ययनमा सफलता प्राप्त हुनेछ। बुधबार तथा बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने देखिन्छ। स्वास्थ्यमा समस्या देखापर्ने हुँदा खानपानमा ध्यान दिनुहोला। सफलताका लागि गोपनियता आवश्यक छ।

### कन्या

स्वास्थ्यमा समस्या देखापर्ने हुँदा खानपानमा ध्यान दिनुहोला। नैराश्यता एवं उदासीनता बढ्नेछ। सफलताका लागि धैर्य आवश्यक छ। कुरा काट्नेहरू बढ्नेछन्। आइतबारदेखि भाग्यले साथ दिन थाल्नेछ। मानसम्मान मिल्नुका साथै काममा सफलता एवं धन आर्जन गर्ने अवसर जुट्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। यात्रा हुनसक्छ।

### तुला

यात्रा गर्ने एवं भेटघाटमा रमाउने अवसर मिल्नेछ। बोलीको प्रभाव एवं पराक्रमका साथै धार्मिक कार्यमा रुचि बढ्नेछ। मानसम्मान पनि प्राप्त होला। आम्दानीको तीव्रता कायमै रहनेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग भए पनि शनिबार र आइतबार स्वास्थ्यमा समस्या एवं काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ।

### वृश्चिक

परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर मिल्नेछ। अध्ययनमा सफलता प्राप्त हुनेछ। सोच्ने शक्ति बढ्नेछ। मानसम्मान एवं अरूबाट सहयोग प्राप्त होला। भेटघाटमा रमाउने अवसर जुट्नेछ। सोमबार र मंगलबार स्वास्थ्यमा समस्या देखापर्ने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ।

### धनु

सुरुमा गलत विचारले सताउनेछ। घरेलु समस्याका साथै खर्च एवं विवाद बढ्नेछ। स्वास्थ्यमा समस्या उत्पन्न हुनुका साथै धनमाल हराउन सक्छ। घाउचोटको सम्भावना देखिन्छ। शनिबारदेखि मंगलबारसम्म परिश्रम गर्नुपरे पनि आम्दानी बढ्ने तथा यात्रा हुने योग छ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अरूबाट सहयोग पनि पाउनुहोला।

### मकर

आफन्तहरूको आलोचनाले मनोबल घट्नेछ। गलत विचार, शत्रु एवं रिस बढ्नुका साथै स्वास्थ्यमा समस्या देखा पर्न सक्छ। विश्वास गरेकाहरूले धोका दिनेछन्। बिनाकारणको समस्याले दु:खी बनाउनेछ। बुधबार तथा बिहीबार प्रसन्नता एवं पराक्रम बढ्ने तथा यात्रा हुने योग छ। अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने देखिन्छ।

### कुम्भ

पराक्रम एवं सोच्ने शक्ति बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूको उचित सहयोग मिल्नेछ। अध्ययनमा सफलताका साथै मानसम्मान प्राप्त हुनेछ। बोलीको प्रभाव बढ्नेछ। खर्च तथा शत्रु बढ्ने हुँदा विचार पुऱ्याउनुहोला। झूटा आरोप पनि लाग्न सक्छ। अरूको विश्वास गरिहाल्नु उचित हुँदैन।

### मीन

सुरुमा नैराश्यता एवं उदासीनता बढ्नेछ। शत्रु, खर्च एवं विवादले सताउनेछ। शनिबारदेखि पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग छ। आफन्तहरूको उचित सहयोग मिल्नेछ। सोच्ने शक्ति बढ्नुका साथै अध्ययनमा सुधार आउनेछ। धन आर्जन गर्ने अवसर पनि जुट्नेछ। व्यवसाय सन्तोषजनक रहनुका साथै यात्रा हुनसक्छ।

### यो साताको पञ्चाङ्ग

फागुन १२ गते : शिक्षा दिवस, फागु प्रारम्भ (फागुको चीर गाड्ने दिन), १५ गते : आमलकी एकादशी।





जण्डिसको सही उपचार
वैज्ञानिक आयुर्वेदिक पद्धतिबाट
ग्यारेण्टीका साथ।
सम्पर्क :
धन्वन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.
धुम्बाराही चोक, रिङ्गरोड, काठमाडौं।
फोन नं. : ४३७९०९६, ४३७१७७१

सुखी विवाहित जीवनको लागि
सेवाको १३ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस्।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

खुल्यो खुल्यो खुल्यो
निशुल्क ब्युटिसियन ट्रेनिङ्ग खुल्यो।

NGO को सहयोगमा नेपाल सरकारवाट मान्यता प्राप्त विदेशवाट तालिम लिएका बरिष्ठ ब्यूटिसियनहरुद्वारा अत्याधुनिक मेसिनहरुवाट छोटो समयमै कोर्षहरु ग्यरेण्टीकासाथ Basic Diploma, Advance, Teaching/ Spacial Beautician Course मा सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।
New ITC ट्रेनिङ्ग सेन्टर
गोगंबु गणेशस्थान रोड, काठमाण्डौं
फोन नं. ०१-२०२३६१८

## साता संक्षेप

फागुन ४– राजाबिना सेना दिवस सम्पन्न ।

- नेपालमा आर्थिक वृद्धिदर अनुमानभन्दा कम, यस पटक ४ प्रतिशतभन्दा कम आर्थिक वृद्धि हुने योजना आयोगको ठहर ।
- चिसोका कारण ४ को मृत्यु, देशका धेरैजसो पहाडी क्षेत्रमा परेको हिउँका कारण कष्टकर बनेको जनजीवन सामान्य बन्न एक साता लाग्ने ।
- आदिवासी जनजाति महासंघद्वारा उपत्यका बन्द, जनजीवन सामान्य प्रभावित ।
- सिंहदरबारमा पेस्तोलसहित माओवादी गिरफ्तार ।

फागुन ५– पशुपति दर्शन गर्न गएका राजामाथि ढुङ्गा प्रहार, घटनाका सम्बन्धमा छानबिन समिति गठन ।

- संविधानसभापछि विश्व बैंकले नेपालका लागि दिँदैआएको सहयोग बढाउने ।

फागुन ६– बैंकको ऋण नतिर्ने ८० जनाको राहदानी रद्द, राहदानी रद्द हुनेमा राजनैतिक व्यक्ति पनि परे ।

- विवाहको लगनका मुखमा सुनको मूल्य बढ्यो, सुनको मूल्य प्रतितोला १८ हजारभन्दा बढी ।

फागुन ७– राजा ज्ञानेन्द्रद्वारा देशवासीका नाममा सन्देश, माघ १९ तत्कालीन बाध्यता भएको भन्दै त्यसको प्रतिरक्षा ।

- विराटनगरमा माओवादी सभा, राजाको सन्देशले देशमा गणतन्त्र घोषणा गर्नुपर्ने आवश्यकता भएको ठहर ।
- राष्ट्रसंघद्वारा हतियार प्रमाणीकरण सम्पन्न, आधिकारिक तथ्याङ्क बाहिर ल्याउन माओवादी अवरोध ।

फागुन ८– राजाको सन्देशको देशभर विरोध, अन्य कम्युनिस्ट घटकका भातृ सङ्गठनद्वारा पनि देशमा गणतन्त्रको घोषणा गर्नुपर्ने माग ।

- मधेसी जनाधिकार फोरमद्वारा विरोध कार्यक्रमको घोषणा, फागुन १४ देखि पूर्वी तराईमा यातायात बन्द गर्ने चेतावनी ।

फागुन ९– राजाको सन्देशका विषयमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा प्रधानसेनापति रुक्माङ्गत कटुवाल, प्रधानन्यायधीश अनुपराज शर्मा तथा भारतीय राजदूत शिवशङ्कर मुखर्जीसँग भेटवार्ता ।

- माओवादी लडाकुहरूद्वारा शिविरमा आधारभूत मानवीय सामग्री नभएको भन्दै शिविर छाड्ने चेतावनी ।
- संविधानसभा निर्वाचनमा अस्थायी मतदातालाई पनि भाग लिन पाउने प्रावाधान गरिने ।

## हतियार प्रमाणीकरण सकियो

# माओवादी सरकारमा जान अझै समय लाग्ने

**साप्ताहिक समाचार**

काठमाडौं– संयुक्त राष्ट्रसंघका प्रतिनिधिहरूद्वारा माओवादीका हतियार तथा लडाकुहरूको गणना कार्य एक साताअघि समाप्त भएको छ । हतियार तथा लडाकुको गणना कार्य समाप्त हुनेबित्तिकै सरकारमा जाने माओवादीको आशामाथि प्रधानमन्त्री कोइरालाको एउटा टिप्पणीले पानी खन्याएको छ । कोइरालाबाट संयुक्त राष्ट्रसंघले हतियार व्यवस्थापन भैसकेको जानकारी सरकारलाई प्राप्त भैसकेपछि मात्र माओवादीलाई सरकारमा लगिने जानकारी आएको छ । प्रधानमन्त्री कोइरालाको यो भनाइ विशेष अर्थमा आएको टिप्पणी विज्ञहरूले गरेका छन् ।

जानकारहरूका अनुसार माओवादीहरूले हतियार व्यवस्थापनको अर्थ हतियार तथा सेनाको पहिचानका रूपमा लिएका छन् । त्यसैले माओवादीले माघको पहिलो सातासम्ममा माओवादीका सेना निश्चित स्थानमा पुग्ने तथा हतियारको भण्डार गर्न आफ्नो तर्फबाट सहयोग गरेको थियो । यही आधारमा माओवादी नेतृत्वले फागुनको पहिलो सातासम्ममा आफूहरू अन्तरिम सरकारमा पुगिसक्ने अनुमान गरेका थिए, तर संयुक्त राष्ट्रसंघले माओवादीको ब्यारेक निर्माण, ब्यारेकको सुरक्षाको प्रबन्ध, हतियार राखिएको कन्टेनरमा सिसीटिभीद्वारा हतियार अनुगमनको व्यवस्था, प्रत्येक ब्यारेकमा संयुक्त राष्ट्रसंघको कार्यलयको निर्माणलाई हतियार व्यवस्थापनको महत्त्वपूर्ण आधारका रूपमा व्याख्या गरिएको छ । 'आठ दलको सहमतिमा जुनसुकै बेला सरकार गठन हुन सक्छ, किनभने त्यो सरकार तथा माओवादीबीचको सहमतिको कुरा हो तर संयुक्त राष्ट्रसंघको कार्य सैनिक गतिविधिलाई पूर्णतया: अनुगमन गर्नु हो ।' संयुक्त राष्ट्रसंघका नेपालस्थित प्रतिनिधि इयान मार्टिनको हवाला दिँदै काठमाडौंस्थित कार्यालयका एक कर्मचारीले साप्ताहिकसँग भने– 'पूर्णतया: अनुगमनको अर्थ सुरक्षासम्बन्धी सम्पूर्ण प्रक्रिया बुझ्नुपर्छ ।' मार्टिनको यो भनाइले संयुक्त राष्ट्रसंघले त्यसबेला मात्र हतियार व्यवस्थापन भएको जनाउ दिनेछ, जुनबेला संयुक्त राष्ट्रसंघले पूर्ण रूपमा हतियार व्यवस्थापन भैसकेको अनुभव गर्नेछ । विज्ञहरूका अनुसार जापानलगायतका मुलुकले भर्खरै मात्र हतियारविहीन सैनिक पठाउने निर्णय गरेको तथा विभिन्न देशबाट १ सय ५० सुरक्षाविज्ञ नेपाल आउन अझै एक साता लाग्ने भएकाले पनि माओवादीसहितको सरकार निर्माणमा ढिलाइ हुने देखिन्छ ।

अर्कातिर सैनिकसँग सम्बन्धित गुप्तचर संस्थाले माओवादीले आफ्ना सबै हतियार नबुझाएको प्रतिवेदन सरकारलाई बुझाएपछि संयुक्त राष्ट्रसंघले यस विषयमा बुझ्न थप समय लाग्ने जनाएको छ । माओवादी उच्च नेतृत्वको सुरक्षाका लागि केही हतियार शिविरबाहिर राखेको लिखित जानकारी प्राप्त गरे पनि कति हतियार बाहिर छन् भन्ने यकिन जानकारी आफूलाई भैनसकेको संयुक्त राष्ट्रसंघले जनाएको छ । माओवादीका ७ मुख्य शिविसहित १४ सहायक शिविरमा २७ हजार ६ सयजति माओवादी लडाकुको पहिचान गरे पनि उनीसँग केवल ३ हजार ५ मात्र आधुनिक हतियार (साधारण बन्दुकदेखि एके फोटीसेभेनसम्म) मात्र रहेको पाइएको छ । नेपाली सेनाले भने माओवादीसँग कम्तीमा ६ हजार यस्ता हतियार भएको अनुमान गरेको छ । 'केही हतियार नेतृत्वको सुरक्षाका लागि बाहिर राखिएको सत्य हो तर लुकाउने कुनै नियत छैन ।' माओवादी डेपुटी कमान्डर तथा विधायक अनन्त भन्छन्– 'हामी शान्तिपूर्ण प्रक्रियामा समावेश भैसकेपछि पनि हतियारको कुरा उठाएर हामीलाई बदनाम गर्न खोज्नुको उद्देश्य स्पष्ट छ ।' विधायक अनन्त माओवादीलाई ढिलो गरी सरकारमा लाँदा संविधानसभा निर्वाचन पर सार्न सजिलो हुने भएकाले थप हतियारको कुरा उठाउने गरिएको आरोप लगाउँछन् ।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको माओवादीलाई सरकारमा लैजाने विषयमा आएको पछिल्लो टिप्पणीपछि माओवादी अध्यक्ष प्रचण्डको स्वर पनि फेरिएको छ । प्रधानमन्त्री कोइरालाको गृहनगर विराटनगरमा माओवादीको जनसभामा अध्यक्ष प्रचण्डले एक साताभित्र आफूहरूलाई सरकारमा नलगे बृहत् आन्दोलन गर्ने चेतावनी दिए । प्रचण्डको यो चेतावनीलगत्तै नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाल तथा एमालेकै तर्फबाट सरकारमा सामेल पर्यटन मन्त्री प्रदीप ज्ञवालीले पनि माओवादीलाई फागुनको पहिलो साताभित्रै सरकारमा सामेल गर्नुपर्ने बताए । यति हुँदाहुँदै पनि प्रधानमन्त्री कोइराला आफ्नो विचारमा दृढ देखिनुले माओवादीसहितको सरकार निर्माणमा थप विलम्ब हुने देखिएको छ ।

## १५ औं वर्षमा कान्तिपुर पब्लिकेसन्स




काठमाडौं, गएको फागुन ७ देखि कान्तिपुर पब्लिकेसन्स १५ औं वर्षमा प्रवेश गरेको छ । पब्लिकेसन्सले गत मंगलबार आफ्नो १४ औं वार्षिकोत्सव रक्तदानलगायतका विभिन्न कार्यक्रम गरेर मनायो । पब्लिकेसन्सले २०४९ साल फागुनदेखि कान्तिपुर तथा दी काठमाडौं पोस्टको प्रकाशन प्रारम्भ गरेको हो ।

वार्षिक उत्सवका अवसरमा पब्लिकेसन्समा कार्यरत पत्रकार तथा पत्रिका सम्पादनमा महत्त्वपूर्ण भूमिका खेल्ने कर्मचारीहरूलाई पुरस्कृत गरियो । पुरस्कृत पत्रकारहरूमा नारीका संवादताता सिर्जना दुवाल, कान्तिपुर दैनिकका संवाददाता बालकृष्ण बस्नेत, काठमाडौं पोस्टका संवाददाता तिलक पोखरेल, कान्तिपुर एफ एमका समाचारकर्मी पवन आचार्य तथा विराटनगरस्थित पत्रकार माधव घिमिरे छन् । त्यस्तै विशेष पुरस्कारबाट लाहानका संवाददाता भरत जर्घामगर, ई-कान्तिपुरका सुरेशनाथ न्यौपाने सम्मानित भए । पुरस्कार प्राप्त गर्ने कान्तिपुरकर्मीहरूमा भानुभक्त मरासिनी, चेतबहादुर खतिवडा, होमबहादुर मोक्तान, किरण खड्का, ज्ञानबाबु महर्जन, विश्वेश्वर श्रेष्ठ, पारस भारद्वाज तथा नवराज नेपाल छन् ।

कान्तिपुर पब्लिसन्सका अध्यक्ष हेमराज ज्ञवालीको अध्यक्षतामा सम्पन्न वार्षिकोत्सव समारोहमा प्रबन्ध निर्देशक कैलाश सिरोहिया, साप्ताहिक तथा नारीका सम्पादक सुवास ढकाल, नेपाल साप्ताहिकका सम्पादक किशोर नेपाल, काठमाडौं पोस्टका सम्पादक प्रतीक प्रधान तथा कान्तिपुर दैनिकका सम्पादक नारायण वाग्लेले आ-आफ्नो धाराणा व्यक्त गरे । कार्यक्रममा निर्देशकद्वय विनोदराज ज्ञवाली तथा स्वस्तिका सिरोहियाको पनि उपस्थिति थियो ।

## मुखाले

-गृहमन्त्रीले क्षमा मागेर पुग्दैन, राजीनामा नै दिनुपर्छ ।

**उपेन्द्र यादव**
**अध्यक्ष, मधेसी जनाधिकार फोरम**

-मैले माओवादीले बुथकब्जा गरेर पनि संविधानसभाको निर्वाचन आफ्नो पक्षमा पार्ने कुरा गरेकै छैन ।

**सीपी गजुरेल**
**नेता, नेकपा (माओवादी)**

-संविधान संशोधन गर्दा प्रतिपक्षको व्यवस्था गर्नु हुँदैन ।

**कृष्णबहादुर महरा**
**नेता, नेकपा (माओवादी)**

-जबसम्म संयुक्त राष्ट्रसंघ आफैंले माओवादी हतियार व्यवस्थापन भैसकेको पुष्टि गर्दैन, माओवादीलाई सरकारमा लाने प्रश्नै आउँदैन ।

**गिरिजाप्रसाद कोइराला, प्रधानमन्त्री**

-माघ १९ पछिका सबै जस-अपजस हामी (म) ले लिनुपर्दछ ।

**राजा ज्ञानेन्द्र**

-अब राजा ज्ञानेन्द्रलाई मानवताविरोधी कार्यमा संलग्न भएकोमा जेल नहाल्ने हो भने हामीले फेरि लोकतन्त्रको लडाइँमा हेमिनुपर्छ ।

**कृष्ण पहाडी, मानवअधिकारकर्मी**

English 30% Discount
3-month-packages
TOEFL/IELTS Pre.
Chinese, Japanese, German, French, Spanish, Korean & Hebrew languages
(अंग्रेजी जान्दै नजान्नेकालागि पनि व्यवस्था)
Language Books/Cassettes/ Video-CDs are sold here!
OLC's New Branch
Mitra Park, Chabhil, 4-461459

English Language
Own course books, audio-visual, self-practice lab
Chinese, Japanese, German, French, Spanish, Korean & Hebrew languages
(अंग्रेजी जान्दै नजान्नेकालागि पनि व्यवस्था)
TOEFL/IELTS Preps.
O'seas Language C. Bag Bazar, 4-268945, Jamal 4-244741
Interactive English (Language VCDs) available in the market OLC, 4-247897

मासिक किस्ता
रू.८४४/- मा
कलर टि.भि
फ्रिज, कम्प्यूटर, वासिङ्ग मेशिन, भ्याकुम, डि.भि.डि., म्यूजिक सिष्टम, आदी ।
बल्खु: ४३०१८९२ क्षेत्रपाटी: ४२६९२०० सितापाइला: ४२७९१४२, कलंकी: ४६७१०१५ माछापोखरी: २१७२७९८, कोटेश्वर: ४४६२८६७, कुमारीपाटी: ५५५४०६८, सूर्यविनायक: ६६१४२६७, चावहिल: ४४९५९६५

The Flying Institute
for complete
Airhostess Training
Classes are run by the established professionals.
Call 4465653 or Visit
The Flying Institute
Minbhawan, Kathmandu

महिला तथा पुरूषहरूको लागी
निःशुल्क व्यूटिसियन ट्रेनिङ्ग
NGO को सहयोगमा नेपाल सरकारद्वारा मान्यता प्राप्त हबिब, डा. ब्लोशम कोचर साथै विदेशबाट तालिम प्राप्त प्रशिक्षकहरूद्वारा अत्याधुनिक मेशिनमा कोर्ष ग्यारेन्टीका साथ Basic, Advance, Diploma र हेयर कटिङका साथै अन्य Special कोर्षहरूमा ग्यारेन्टीका साथ रोजगारीको अवसर सहित भर्ना खुल्यो ।
विदेश जानेहरूको लागी विशेष कोर्षको पनि व्यवस्था छ ।
सम्पर्क: एन्जल ब्यूटी होम
न्यूरोड लेडिज एण्ड जेन्स् पार्लर -०१६२०७९०४, डिल्लीबजार -४४२४२५६, बाईपास -२१०४०२०
सुर्य विनायक (ट्रलिबस स्टप संगै) -६६१५७७७, कुपण्डोल (कानदेवथान चोक) -५५२३७५१
चावहिल चोक -२१९००८७, ठमेल (सिद्धीगणेश स्कूल अगाडी) -४७००४७७

विशेष ५०% छुटमा होटल तालिम शुरू
नेपाल सरकारबाट स्वीकृत प्राप्त, विदेशबाट होटल म्यानेजमेन्ट गरी पाँचतारे होटलमा काम गरिरहेका सेफबाटै प्रशिक्षण दिइने/अन्तराष्ट्रीय स्तरमा समेत ख्याती कमाउन सफल नेपालको एकमात्र ट्रेनिङ सेन्टर
तालिमहरू: कुक, वेटर, क्याप्टेन, तन्दुरी, वारमेन, स्टोरकिपर, हाउसकिपिङ्ग, रूम ब्वाई, वेल ब्वाई, फ्रन्ट अफिसर, रिसेप्सनिष्ट, सुपरभाईजर, वेकरी
सबैको स्पेशल क्लास पनि हुन्छ ।
विशेषताहरू: पाँच तारे होटलहरूमा कार्यरत सेफबाटै तालिम दिइने, फ्री वेटर क्लास, फ्री अंग्रेजी भाषा, ६ जनामा १ जना फ्री, स्वदेशी तथा वैदेशिक रोजगारको सहयोग गरिने । थप तालिमलाई होटलमा पनि पठाइने व्यवस्था ।
साहारा होटेल तालिम सेन्टर (S.M.T.T.C.)
फोन: २०४०७८२, ९८५१०९३६२९, नयाँ बानेश्वर (शिव दर्शन हल अगाडी)
रयाडीसन कूकिङ्ग तालिम सेन्टर (R.M.D.T.T.C.)
फोन: ४४६४७२०, नयाँ बानेश्वर, (BICC पानी ट्यांकीको ठीक अगाडी)

100% रोजगार मुलक
होटल तालिम
★ कुक ★ वेटर ★ हाउसकिपिङ्ग आदि ।
साथमा इजरायली तथा अंग्रेजी भाषा
कामना, कोटेश्वर
4601878, 2120697

BBC International Training School
CTEVT र विदेशबाट तालिम प्राप्त वरिष्ठ विज्ञद्वारा अत्याधुनिक मेशिनद्वारा ग्यारेन्टीका साथ सिकाइने Basic, Diploma, Advance Beautician Teacher तथा अन्य कोर्समा विशेष छुटका साथ धमाधम भर्ना लिइरहेको छ ।
सम्पर्क: BBC Beauty Home
२३३११८६ (गणेश मन्दिर माथी पहिलो तल्लो)
२००३५३९ (डिल्लीबजार, कालिकास्थान चोक)
सिकि सकेपछि कामको व्यवस्था गरिएको छ ।

होटल तालिम मोडर्नमा
Switzerland & UK बाट अनुभव प्राप्त गरी अनुभवी प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिइने
Cook, Waiter, Bakery, Barman, Captain, Bell Boy, Supervisior, Care Giver, Housekeeping, Domestic Helper मा धमाधम भर्ना लिईदैछ ।
Cook Training गर्नेकालागि Waiter, Housekeeping वा English Language FREEमा
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल Ktm
Ph:- 4363215, 2315801

(हजारौको सफल उपचारको अनुभव)
केश झर्न तुरुन्तै रोकी उमार्ने तेल
750-00
बेदाग र गोरो मुहारको लागि रूप अमृत (R. Water, Sunscreen & Shampoo Free) - 1600/-
चाउरीपना हटाउने क्रिम - 1050/-
स्तन बढाउने (क्रिम/VBR) - 1650/-
हेयर स्ट्रेटर - 1050/-
शरीरको उचाई बढाउने - 1250/-
ग्याष्ट्रिक/दम/बाथ - समाधान - 350/-
प्रेसर/सुगर/ढाड दुखाई-समाधान - 550/-
तुरुन्त मोटोपना घटाउने बेल्ट - 2400/-
Natural Treatment 100% Guaranteed
आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 2110057
For Trade Inquiry:- 9841330144

निःशुल्क व्यूटिसियन ट्रेनिङ्ग
NGO को सहयोगमा विगत ९ वर्षदेखि संचालित नेपाल सरकारद्वारा स्वीकृत प्राप्त विदेशबाट तालिम लिएका वरिष्ठ व्यूटिसियनहरुद्वारा अत्याधुनिक मेशिनहरुमा छोटो समयमा कोर्ष ग्यारेन्टीका साथ Basic, Diploma, Advance, Beautician Teacher Training, Hair dressing / Special Short कोर्षका सिमित सिटमा रोजगारीको अवसार सहित भर्ना खुल्यो ।
नारायणगढ ०५६-५३२७५५ ITC तु. सम्पर्क: प्रशिक्षण केन्द्र
बनेपा ०११-६६०३७२, नयाँ बानेश्वर २०४२६५२, डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, कोटेश्वर चोक २०८१६७०, कलंकी चोक: २१९०२१८, ठमेल चोक २१९०८००, गोंगबु चोक २०८११०९, चावहिल चोक ४४९३३६१, लगनखेल बसपार्क २१२२४४८

# षडयन्त्रको गन्ध

राष्ट्रिय प्रजातन्त्र दिवसको अवसर पारेर राजा ज्ञानेन्द्रले देशवासीका नाममा दिएको सन्देशले एक पटक फेरि नेपाली जनतालाई झस्काएको छ । जनआन्दोलन–२ ले अधिकार विहीन बनाएको र नेपालको अन्तरिम संविधानले राजतन्त्र निलम्बन गरेको अहिलेको अवस्थामा राजा ज्ञानेन्द्रको सन्देशको उद्देश्य रहस्यकै गर्भमा छ । सन्देशमा राजा ज्ञानेन्द्रले आफूद्वारा चालिएको ‘माघ १९ को कदम’ लाई तत्कालीन परिस्थितिको बाध्यताको नाम दिएर आफूलाई चोख्याउने प्रयास गरेका छन् । उक्त कदमलाई सन्देशमा ‘जनताको चाहना बमोजिम’ भन्ने शब्दको जलप लगाएर नेपाली जनताको अपमान मात्र गरेको नभई नेपाली जनताको बलिदानलाई समेत उपहासको विषय बनाइएको छ । खासगरी सबैजसो राजनैतिक दलले उक्त सन्देशलाई अनधिकृत वक्तव्य भनिसकेको अवस्था र सरकारद्वारा राजाको निरंकुश कदमलाई ढाकछोप गर्ने नियत उक्त सन्देशमा प्रष्ट छ भन्ने विचार व्यक्त भएपछि उक्त सन्देश सार्वजनिक हुनुका पछाडि सक्रिय तत्त्वहरूका बारेमा सरकारले स्पष्टरूपमा जनतालाई सूचित गर्नुपर्छ ।

अहिले मुलुक अन्तरिम संविधान अन्तर्गत नै शासित छ भने राजतन्त्र निलम्बनको अवस्थामा छ । निलम्बन हुनुको अर्थ त्यसका बारेमा अन्तिम फैसला बाँकी नै छ भन्ने हो । राजतन्त्रका बारेमा संविधान सभामार्फत् नेपाली जनताले नै अन्तिम फैसला गर्नेछन् भन्ने सद्भाव राजनैतिक दलहरूले देखाएका कारणले मात्रै अहिले राजा ज्ञानेन्द्र र उनको परिवार नारायणहिटी राजदरबारमा रहन पाएको हो । यो अवस्थामा राजाले कुनै पनि अवसरका नाममा देशवासीका नाममा यस्तो किसिमको सन्देश प्रसारित गर्नु हुँदैनथ्यो । राजाको सन्देश कसरी आयो ? यसले के कुरातर्फ संकेत गरेको छ भने– राजा मुलुकको परिस्थितिअनुसार चुपचाप बसेका छैनन् । उनी कुनै न कुनै रूपमा आफ्नो अस्तित्व जोगाउन सक्रिय छन् । त्यसो त आफ्नो अस्तित्वका लागि संघर्ष गर्न सबैलाई समान अवसर उपलब्ध हुन्छ । त्यसो भन्दैमा जनताको निर्णयको प्रतीक्षामा बसेको संस्थाले जनताको निर्णय आउनु अगावै कुनै प्रतिगामी खेलमा सक्रिय हुनु मुलुक र मुलुकबासीका निम्तिमात्र होइन, स्वयं राजसंस्थाको हितमा पनि हुँदैन ।

फागुन ७ गते राजाको सन्देश अचानक सञ्चारमाध्यममा देखापरेको पक्कै होइन । यसका लागि निकै लामो कसरत गरिएको हुनुपर्छ । राजाको सन्देश सार्वजनिक हुनुको कारकतत्व तथा त्यसको प्रभावको सम्बन्धमा सरकार अहिलेसम्म मौन छ । बुझ्नुपर्ने कुरा के हो भने जनआन्दोलन–२ पछि जारी अन्तरिम संविधान २०६३ ले राजालाई कुनै पनि किसिमको सार्वजनिक वा संवैधानिक भूमिका दिएको छैन । यस्तो अवस्थामा राजाको सन्देश अस्वाभाविक मात्र नभई त्यसले जनआन्दोलन–२ ले विस्थापित गरेको प्रत्यक्ष शासनकाललाई समेत वैधता दिने चेष्टा गरेको छ । यो नेपालको भावी राजनीति षडयन्त्रबाट मुक्त छैन भन्ने कुराको संकेत पनि हो । यसतर्फ सबैले सचेत रहनुपर्छ ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरु पढ्न ।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

# यात्रा थरी–थरीका

*इट इज बेटर टु ट्रेभल वैल द्यान टु एराइभ*
**–भगवान् बुद्ध**



डा. डी.पी. भण्डारीसँग अन्तरंग

एकान्त कोठाभित्र, आफैंभित्र केही खुल्दुली, केही आश्चर्यको मिश्रित भाव जाग्यो- बुद्धवाणी पढेपछि चैनहीन चञ्चलतामा केही बेर गमें महावाणीको विरोधभासबारे । धम्मपद मात्र होइन, सबै आध्यात्मिक शास्त्रहरू बल दिएर भन्छन् : बुद्धत्व प्राप्तिपछि उच्चतम गन्तव्यको आलोकमा पुगिन्छ र त्यसपछि निर्वाण वा मोक्ष वा आनन्दमा, ब्रह्मानन्दमा, दिक्-कालभन्दा परको अवस्थामा, हजारौँ सूर्यको प्रकाशभन्दा पनि धेरै बढी शान्त, शीतल प्रकाशपुञ्जमा बास हुन्छ । शरीरको स्वभाव बिदा हुनु हो, तर महाचैतन्य कालातीत हुन्छ । त्यो स्थिति नै उच्चतम यात्राको अन्तिम बिन्दु हो– अन्तर्यात्राको अन्तिम बिन्दु । कृष्णले त्यही भने, बुद्धले त्यही भने, महावीर र अरू अन्तरयात्रीहरूले पनि त्यही सत्यमाथि जोड दिएर पुनरुक्ति गरे ।

अनि स्वत: यो परिवेशमा बुद्धको वाणी ‘गन्तव्यमा पुग्नुभन्दा कुशलतासित यात्रा गर्नु बढी राम्रो कर्म हो, अनुभूति हो’ ले चकित पार्छ मजस्तो अनाडीलाई । अनि अनुमान गर्छु- बुद्धले सायद हामीजस्ता जगत्‌जालमा अल्झिएर रमण गरिरहेका प्राणीहरूलाई ध्यानमा राखेर यस्तो बोली बोलेको हुनुपर्छ अथवा बुद्धत्व प्राप्तिभन्दा पहिलेको अवस्थामा उच्चारित गरेको शब्द-व्यञ्जना हुनसक्छ । नत्रभने त्यही क्षण उहाँको यात्रानन्द समाप्त भैसकेको थियो । जुन क्षण उहाँले गयाको नजिक निरञ्जना नदीको किनारमा बोधी-वृक्षमुनि निर्वाण प्राप्त गर्नुभयो । त्यसपछिका यात्राहरूको जात र गुणधर्म एकदमै भिन्न थियो, मैले बयान गर्न नसकिने ढंगले भिन्न थियो । अन्तर्यात्राको शान्ति र सौरभ, जान्नेहरू भन्छन् वर्णनातीत हुन्छ । बुद्धहरूको बहिर्यात्राहरूको पनि सम्यक वृत्तान्त दिन असम्भव प्राय: छ मजस्तो मुढका लागि ।

बुद्धले भन्नुभएको कुरा अंग्रेजी साहित्यका ख्यातिप्राप्त निबन्धकार रबर्ट लुई स्टेवेन्सनले पनि स्वस्फूर्तत: भनेका छन् : ‘टु वाक् होप फुल्ली इज अ बेटर थिङ द्यान टु एराइभ’ (गन्तव्यमा पुग्नुभन्दा आशावान् भएर भ्रमण गर्नुमा बढी मजा आउँछ) । बुद्ध र स्टेवेन्सनबीच त्यान्द्रा बराबर पनि साम्यता छैन मेरो दृष्टिमा । ज्ञानीहरू भन्छन्– स्टेवेन्सनको त कुरै छाडौँ, एक डाकुमा पनि बुद्धत्व प्राप्त गर्ने सम्भाव्यता हुन्छ । आत्म अवलोकन गरिसकेपछि मैले यस्तो दुस्साहसपूर्ण वक्तव्य दिएको हुँ । आत्मनिरीक्षणपछि निस्केको निष्कर्ष सबै प्रकारका भ्रम र दम्भहरूलाई, केही हदसम्म भए पनि पराजित गर्न सहयोग गर्छ ।

म आफ्नै बारेमा सुनिश्चित वक्तव्य दिन सक्छु कि म जुन चाख र उत्साहसित पराभौतिक आयाम र आकृष्ट भएको देखिए पनि त्यतातिरको यात्रा वा अन्तरगमन मेरो नियतिबाहिर पर्दछ । तसर्थ एउटै सान्त्वना मात्र बाँकी छ मेरा लागि : यो जुनीको आकांक्षा तृष्णा अर्को जुनीमा पूरा हुनेछ, यदि अर्को जुनी छ भने । मेरो यात्रा सांसारिक संकीर्ण संकुचनभित्रको यात्रामा सीमित भयो । बुद्धको वा बुद्धहरूको यात्राको गौरव र माधुर्य-स्मरण मेरा लागि फुर्सदी क्षणहरूको बौद्धिक विलासमात्र हो । मेरा लागि यात्राको अर्थ आर.एल. स्टेवेन्सनको यात्राको अर्थसित भने अवश्य मेल खान्छ । मेरो पनि त्यही अनुभूति छ : गन्तव्यमा पुग्नुभन्दा पहिले त्यहाँको कल्पित भूगोल र अन्य पर्यावरणबारे मानसिक रूपरेखा निर्माण गर्नमा जुन मज्जा आउँछ त्यहाँ पुगिसकेपछि आउँदैन । यो सत्य लगभग सार्वभौम रूपले मानव मनोविज्ञानभित्रको सनातन सत्य हो ।

शाब्दिक अर्थमा मात्र सीमित नभएर यात्राको अभिप्रायलाई हामी अरू अनुभूति क्षेत्र र कर्मक्षेत्रमा विस्तारित गर्न सक्छौं । कुनै समाज वा देशको कथा आफैंमा एक यात्रा हो । इतिहास, मेरो दृष्टिमा, सीधा ढंगले रेखाकार नभएर अक्सर बर्तुलाकार देखिन्छ । इतिहासको गति साइक्लिकल, बर्तुलाकार छ भन्नेहरूसित म सहमत हुन चाहन्छु । प्रमाणका लागि विश्व इतिहासका पानाहरू पल्टाइरहनुपर्दैन– आफ्नै सानो देशको छोटो इतिहास हेरे पुग्छ । कहाँबाट यसले यात्रा सुरु गरेको थियो र कहाँ जाँदैछ । कति पुनर्पाठ, पुनरावृत्तिहरू नेपालको लघु-दीर्घ इतिहासको गतिभित्र आइपुगे । इतिहासको यात्रामा सरलताको मात्राभन्दा बढी थियो वक्रताको । मेरो अल्पसूचित मान्यता यस्तै छ । तत्कालीन लुम्बिनी वा कपिलवस्तु एक सानो राज्य थियो होला, जहाँ सिद्धार्थ गौतमको अवतरण भएको थियो । उहाँको नियति नै सामान्य लौकिक यात्रा गर्दागर्दै असामान्य अलौकिक यात्रामा गएर स्थिर, शान्त, अविचलित चेतनाको अन्तिम उचाइमा पुग्नु रहेछ जहाँ काल र स्थानका सीमाहरू विसर्जित हुन्छन् । त्यो अवर्णनीय शान्ति, त्यो शब्दातीत निर्वाणको अवस्था । सांसारिक वासनाहरूको उत्तेजना, बेचैनी जहाँ स्वत: सम्भीभूत हुन्छन् त्यसैको नाम हो– निर्वाण कैवल्य, मोक्ष्य, ब्रह्मानन्द । सिद्धार्थले राजमहल छोडेर गएको पूर्णिमाको रात उहाँको प्रारम्भिक यात्राको चरण थियो, निर्वाण उपलब्ध भएको पूर्ण चन्द्रको रात्रि उहाँको यात्राले लक्ष्य प्राप्त गरेको रात थियो, अर्को पूर्णिमाको रात उहाँको महापरिनिर्वाणको रात थियो । उहाँजस्तो मुक्तात्माका लागि जीवन एक महाप्रसाद थियो । महापरिनिर्वाण अरू बढी महाप्रसाद थियो । उहाँको यो भूलोकमा अवतरण मानवजातिका लागि मात्र नभएर सबै चराचर अस्तित्वका लागि एक अनिर्वचनीय वरदान थियो, सुवास थियो । महान् साहित्यकार तथा इतिहासकार एच.जी. वेल्सको पदावलीमा ‘बुद्धको सौन्दर्य र सुवास लिएर सायदै कुनै अरू नारी वा पुरुष यो पृथ्वीमा अवतरित भयो होला ।’

हेर्दा सरल तर उनको परिवेशभित्र अर्थ ठम्याउन अति नै जटिल वाणी किन बोले भन्ने मेरो आश्चर्य छ : ‘गन्तव्यमा पुग्नुभन्दा राम्रोसित यात्रा गर्नु राम्रो कर्म हो ।’ सायद भौतिक यात्रालाई मात्र ध्यानमा राखेर उनले यस्तो व्यञ्जना दिएको हुनुपर्छ ।

पुन: फर्कौं हाम्रो तुच्छ वासना, महत्त्वाकांक्षा, दर्प र परिग्रह चेतनाको यात्रातिर । अहिले नेपालको भाग्य बदल्ने प्रयासमा कोलाहलपूर्ण यात्रा र यात्रा शिविरहरू चलिरहेका छन् । बुद्धहरूको यात्राको पृष्ठभूमिमा अरू सबै प्रकारका यात्रा– सामूहिक र व्यक्तिगत कोलाहल र विरूपता लिएर आएका हुन्छन् । जहाँ अशोभनीय महत्त्वाकांक्षा र परिग्रह-लिप्सा हुन्छ त्यहाँ सुवास र सौरभको अनुपस्थिति हुन्छ । जब कुनै राजनैतिक अभ्यास सर्वमंगल हेतुका लागि सञ्चालित हुन्छ त्यहाँ इतिहास-यात्राको केही सौन्दर्य अनुभूति हुन्छ । जब व्यक्तिगत वा दलगत संकीर्ण स्वार्थतिर निर्दिष्ट हुन्छ त्यहाँ असंदिग्ध अशोभन विद्यमान हुन्छ । हाम्रोजस्तो राजनैतिक इतिहास भएको भूगोलमा विधायक परिवर्तन ल्याउनका लागि केही संघर्षको अनिवार्यता हुँदो रहेछ । तर जब संघर्षले संकीर्ण विभाजनवृत्ति र कर्मको मोड लिन्छ त्यहाँ अनिवार्यत: हिंसाको विरूपताले हस्तक्षेप गर्न थाल्छ– हामीलाई थाहा नदिईकन नै । लगभग सबै साक्षरहरूलाई थाहा छ कि सबै राजनैतिक पद्धतिहरूभन्दा प्रजातन्त्र नै सर्वाधिक सुन्दर व्यवस्था हो यदि प्रजातन्त्र उपभोक्ताहरू संवेदनशील र निष्ठावान् छन् भने । हाम्रो प्रजातन्त्रतिर जाने यात्रा धेरै पुरानो र परिपक्व नभएकाले केही कंकट र व्यवधानहरू मार्गमा फेला पर्नु आश्चर्यपूर्ण कुरा होइन, तर प्रजातन्त्रप्रेमीहरू देशलाई तोड्ने र विभाजित गर्ने यात्रामा लागिरहे भने विदेशीहरूले कुटिल चाल खेल्ने बहाना पाउनेछन् । अनन्त विविधतापूर्ण यात्राहरूको श्रृंखला छ मानव अस्तित्वभित्र ।

– पो.ब.नं. २९७४



# नीति-नियम

व्यावहारिक ज्ञान भएको, बुद्धिमान्, चरित्रवान्, गुणाले युक्त, शत्रु तथा मित्रप्रति समान व्यवहार गर्ने, राग–द्वेष नभएको धर्मात्मा, सत्यवादी, आलस्यहीन क्रोध, काम तथा लोभलाई जित्ने, प्रिय वचन बोल्ने व्यक्ति जो सबै जातमा हुन सक्छन् आदिलाई सभासदमा नियुक्त गर्नुपर्छ ।

कृषक, कुचीकार, कालीगढ, तल्लो जातिको संघ, नाचगान गर्नेहरू योगी यी सबै मानिसका व्यवहारका सम्बन्धमा आ–आफ्नो जाति तथा धर्म अनुसार विवादको निर्णय स्वयं उनीहरूकै पञ्चायत बसाली गराउनुपर्छ, किनकि जुन जातिका मानिसबीच विवाद भएको छ उनीहरूको निर्णय तिनै मानिसहरूबाट गराउनुपर्छ ।

–शुक्रनीति

अनुवाद : रामहरि बन्जारा



# चि ठी प त्र

## आत्मा र आत्मिक ज्ञान

आत्माका विषयमा केही कुरा उल्लेख गर्नुपर्दा सम्भवत: सबैलाई एकपटक आफ्नो आत्मामा केही सोच-विचार सञ्चारित भएको महसुस भएको छ होला । वास्तवमा त्यो महसुस आत्माद्वारा नभै मन र मस्तिष्कद्वारा सञ्चालित भएको हो र त्यहाँ विविध खालका तरंग सञ्चारित भएको महसुस भएको हुनुपर्छ । आत्माको परिभाषालाई हामीले अत्यन्त संकुचित रूप दिएका छौं अर्थात् हामीलाई आत्मासम्बन्धी ज्ञान कम मात्रामा छ । मन अथवा हृदय जसबाट हामी दु:ख, सुख, पीर, चिन्ता, खुसी आदि प्रत्यक्ष महसुस गरिरहेका छौं । मस्तिष्कले सारा शरीरलाई सञ्चालन गरिरहेको छ, यद्यपि हामीमध्ये केहीलाई थाहा छ कि आत्मा कहाँ कुन अवस्थामा छ र के गर्दै छ ? मन, दिमाग, शरीर अनि आत्मा नितान्त अलग-अलग कुरा हुन् । प्रत्येक व्यक्तिको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने भएर पनि कतिपय मानिस भन्छन्– आत्मा हामीभित्र छ, हामीले बुझ्न नसकेको मात्र हो– आत्मा हामीसँगै छ । अत्माका विषयमा गहिराइबाट बुझ्ने र ज्ञान भएका व्यक्तिहरूले प्रत्यक्ष रूपमा स्पर्श गरिरहेका हुन्छन्, आत्माका कुराहरू एक-आपसमा बोलिरहेका हुन्छन् र आत्माका कुराहरू एक-आपसमा साटासाट गरिरहेका हुन्छन् ।

आत्माले सदैव सकारात्मक पक्षमा मात्र मत प्रदान गर्छ । यसले नकारात्मक पक्षमा विचार गर्दैन । त्यसैले मानवजीवनलाई सधैं सुमार्गतर्फ डोर्‍याउन उसको आत्माले अभिप्रेरित गरेको हुन्छ । दैनिक जीवनमा पनि सत्यताको कसी जाँच्नुपर्ने बेलामा हामी आत्माको नाम लिन्छौं । आत्मा सत्यता र सकारात्मक सोचको महत्त्वपूर्ण कडी हो । आत्मा एक पवित्र स्थल हो जहाँ भगवान्‌को बास हुन्छ । यदि हामीले आत्मालाई फराकिलो वृत्तबाट हेर्न सक्यौं भने जीवन सार्थक बन्छ । आत्मज्ञानीहरू भन्छन्- आत्मालाई राम्रोसँग बुझ्न र पुज्न सक्यौं भने भगवान् खुसी हुन्छन् । आत्मासम्बन्धी ज्ञान प्राप्त भए मानिसले आफ्नो जीवनलाई सजिलै सफलताको मार्गमा पुर्‍याउँछ । जब हामी आत्माका बारेमा ज्ञान हासिल गर्न सक्षम हुन्छौं अथवा आत्माको अनुभूति गर्छौं तब सारा लोभ-लालच, पीर, चिन्ता, बन्धनको कष्टबाट मुक्त हुन्छौं । जब मानिसले आत्मज्ञान अथवा आत्मिक ज्ञान प्राप्त गर्छ उसले आफूप्रतिको अटुट श्रद्धा र निष्ठाबाट सुख समृद्धि एवं परमसन्तोष प्राप्त गर्छ । आत्मिक ज्ञान प्राप्त भाग्यमानी मानिसले अखण्ड शक्ति तथा आन्तरिक पवित्रता प्राप्त गरेको हुन्छ । यस्तो आन्तरिक पवित्रता भएका मासिनले जे-जस्ता भौतिक कार्यहरू गर्छन् ती सबै सही अर्थमा सम्पन्न हुन्छन्, आत्मिक ज्ञानको अभावबाट आन्तरिक शक्तिको कमजोरीका कारण मानिसहरू जति नै धेरै प्रकारका भौतिक सुख, सुविधा, घर-परिवार, गाडी बङ्गला, प्रशस्त सम्पत्ति आदिबाट सम्पन्न भए पनि सधैं असन्तोष, दु:ख, पीडा, तनाव, चिन्ता, भयबाट मानिसहरू ग्रसित रहन्छन् । ती आफ्नो इज्जत, मान-मर्यादा नै कायम राख्न पनि समर्थ हुँदैनन् । आत्मिक ज्ञानको अभावमा तिनले आफ्नो जीवनलाई सम्हाल्न नसकी सर्वस्व गुमाएका हुन्छन् ।

जीवन सफल पार्न आत्माको ज्ञान आवश्यक छ अर्थात् मस्तिष्कलाई सन्तुलित गर्न सक्नुपर्छ । आजका मानिसहरू तँछाड-मछाड गर्दै भौतिक पक्षमा मात्र एकतर्फी रूपमा ध्यान केन्द्रित गर्दै गएका छन् तर आत्मिक ज्ञान अर्थात् आध्यात्मिक ज्ञानतर्फ पटक्कै ध्यान दिएका छैनन्, जसका कारण मानिसहरू हरप्रकारका सुख-सुविधा प्राप्त गरे पनि झनझन् दु:खी र अशान्त बन्दै गएका छन् । यसको प्रमुख कारण नै आफूभित्र भएको आत्मा बुझ्न नसक्नु, आत्मिक ज्ञान लिन नसक्नु तथा नचाहनु हो । आत्मिक ज्ञानबिना हाम्रो जीवन सफल र सार्थक बन्न सक्दैन, जसले आफ्नो आत्मालाई स्वीकार गरेका छन्, बुझेका छन्, आफूभित्र श्रद्धा राख्छन् त्यस्ता व्यक्ति कहिल्यै पश्चात्तापमा पर्दैनन्, धोका खाँदैनन् र असफलतामा फस्दैनन् । उनीहरू सदैव शान्त जीवनयापन गरिहेका हुन्छन् । आत्मिक ज्ञानीले आफ्नो सच्चा स्वरूप आत्माको पहिचान गरेका कारण ईश्वर प्राप्तिको अनुभूति गर्छन्, त्यसैले स्वच्छ, पवित्र आत्मामा भगवान्‌को बास हुन्छ भनिएको हो ।

Kadur822@gmail.com
Tiltuta SOUL Studies and Research Centre

## तीतो सत्य

-आमाको मायालाई पैसाले किन्न सकिंदैन ।

-हजारौं फूलमा तिमी त्यो फूल बन जहाँ लाखौंका आँखा गएका छन् ।

-अरूको केही चोर्नु छ भने माया र सद्भाव चोर्न सिक ।

-मानिस योसंसार देख्नलाई जन्मन्छ र अन्त्यमा अझै हेर्ने तृष्णामै मर्छ।

-मानिसले आफ्नो सुखभन्दा अर्काको दु:ख प्यारो मान्छ ।

**टीकाराम अर्याल**

-समय अत्यन्तै महँगो शिक्षा हो ।

-रिस क्षणिक पागलपन हो, यसले दुर्घटना निम्त्याउँछ ।

-आफू मूल्यवान् हुने प्रयास गर, किनभने जुन वस्तु महँगो हुन्छ त्यो नै बढी प्रतिष्ठित र प्यारो पनि हुन्छ ।

-अति महत्त्वकांक्षा राख्ने व्यक्तिको संगत नगर ।

-अपरिचितहरूसँग थोरै बोल किनभने धेरै बोले उसले तिम्रो कमजोरी थाहा पाउँछ ।

**दिभा ओझा, विराटनगर**

*तीतो सत्य स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन पाठकहरूसँग हार्दिक अनुरोध छ ।*
*–सम्पादक*

# संविधानसभा जातीय संरचनाअनुकूल हुनुभन्दा संघीय चरित्रको हुनुपर्छ



विं. सं. २०२८ असोज १७ गते ताप्लेजुङको फाखोलामा जन्मिएका संबोजन लिम्बू पेसाले कानुन व्यवसायी हुन्। कानुनमा स्नातकोत्तर तहमा अध्ययनरत लिम्बू अहिले संविधानसभामा आदिवासी जनजातिहरूको विषयले राजनैतिक दलहरूको साझा सहमतिसहित प्रवेश पाउनुपर्छ भन्ने कुरा उठाइरहेका छन्। ढाँचागत रुपमा २०४७ सालको संविधानमा कुनै त्रुटि नदेख्ने लिम्बू भन्छन्- त्यो संविधानलाई कार्यान्वयन गर्नेहरुले दुरुपयोग गरे। पदमा बसेका व्यक्तिले शक्तिको दुरुपयोग गरेकाले नै त्यो संविधान असफल हुन पुग्यो। लिम्बूका अनुसार हाम्रा राजनैतिक दल र त्यसको नेतृत्वले त्यो संविधानको भावनालाई नै हाँक्न सकेनन्। आगामी संविधानसभाको सन्दर्भमा आदिवासी जनजातिहरूको भावना कस्तो छ भन्ने कुराको सेरोफेरोमा लिम्बूसँग साप्ताहिकका लागि संजीवन महर्जनले गरेको कुराकानी :

**० संविधानसभाका लागि नेपालका आदिवासी जनजातिहरूको रुचिलाई अहिलेको सन्दर्भमा कसरी हेरिएको छ ?**

-संविधानसभा आफैंमा सबैका लागि एउटा अवसर हो। आदिवासी जनजातिहरूको रुचिको कुरा गर्ने हो भने संविधान निर्माणका क्रममा प्रत्यक्ष रूपमा सहभागिता जनाउन पाउने जुन अवसर अहिले सिर्जना भएको छ त्यसलाई आदिवासी जनजातिहरूले मात्र नभै सबै नेपालीले एउटा सुवर्ण अवसरका लिएका छन्। संविधानसभालाई सदुपयोग गर्न मुलुकका सबै वर्ग एवं सम्प्रदायले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्न कटिबद्ध हुनुपर्छ। आदिवासी जनजातिहरू संविधानसभाको विरुद्धमा देखिएका छैनन्। आफूले चुनेको प्रतिनिधि (राजनैतिक प्रतिनिधिबाहेक) मार्फत वा आफू स्वयंले आफ्नो मत प्रयोग गरेर संविधानसभामा सक्रिय रूपमा भूमिका निर्वाह गर्न आदिवासी जनजातिहरूले आफ्नो रुचि देखाएका छन्।

**० आदिवासी जनजातिहरू संविधानसभामा अरू शक्तिबाट प्रयोग गरिने संभावना कति छ ?**

-संविधानसभा भनेको के हो भन्ने कुरा बहुसंख्यक नेपाली नागरिकले अझै पनि राम्रोसँग बुझिसकेका छैनन्। यो स्थितिमा आदिवासी जनजातिहरूको मात्र नभै अरूको मत पनि दुरुपयोग हुन सक्छ। अहिलेको अवस्थामा हामीले संविधानसभा भनेको के हो ? भन्ने कुरालाई अभियानका रूपमा लानुपर्छ। यसका विरुद्ध हुनसक्ने षड्यन्त्र र यसलाई दुरुपयोग गर्न चाहने वर्गलाई राम्रैसँग चिरफार गरिनुपर्छ। मतदाताहरूले म किन मतदान गर्दैछु, म कसलाई चुन्दैछु भन्ने कुरामा सचेत हुनुपर्छ। संविधानसभालाई गलत रूपमा प्रयोग चाहने तत्त्वविरुद्ध राजनैतिक दलहरू सचेत हुनुपर्छ। आदिवासी जनजातिहरूलाई संविधान-सभामा राम्रोसँग समेट्न राजनैतिक दलहरूले पनि आफ्नो राजनैतिक विचारधारासँगै आदिवासी जनजातिहरूको मुद्दा पनि समेट्न सक्नुपर्छ।

**० संविधानसभाले नेपालमा देखिएको वर्गीय समस्यालाई सम्बोधन गर्न सक्छ कि सक्दैन ?**

-संविधानसभाले मुलुकमा देखिएका सबै किसिमका जातीय, आर्थिक, राजनैतिक, सामाजिक, सांस्कृतिक समस्याहरूलाई पारस्पारिक रूपमा उचित ढंगले सम्बोधन गर्न सक्नुपर्छ। यस्तो संवोधन नै संविधानसभाको लक्ष्य हुनुपर्छ। तर अहिले जे-जस्ता प्रक्रियाहरू सतहमा देखिएका छन्, त्यसले मुलुकको वर्गीय समस्यालाई समाधान गर्छ जस्तो मलाई लाग्दैन। किनभने अन्तरिम संविधानको धारा ६३ उपधारा ३ मा संविधानसभामा कसरी प्रतिनिधित्व हुन्छ भन्ने कुरामा आदिवासी जनजातिहरूलाई पूरै बेवास्ता गरिएको छ। जनसंख्याका आधारमा हेर्ने हो भने समानुपातिक प्रणालीबाट छानिने भनिएको २ सय ४ स्थानमा जनजातिहरूको प्रतिनिधित्व हुन सक्नुपर्छ। तर आठ राजनैतिक दलले त्यस्तो गर्न वा गराउन सक्छन् जस्तो मलाई लाग्दैन। त्यसैगरी मनोनीत गरिने १६ स्थानमा पनि राजनैतिक दलहरूको स्वार्थ नै अगाडि आउँछ। प्रत्यक्ष निर्वाचनबाट चुनिने भनिएको २ सय ५ स्थानमा पनि राजनैतिक दलकै दबदबा कायम हुने देखिन्छ।

अहिले संविधानसभाले तीनवटा म्यान्डेट पाएको छ– संविधान ड्राफ्ट गर्ने, संविधानमा छलफल गर्ने र अनुमोदन गर्ने। यो स्थितिमा जबसम्म आर्थिक रूपले विपन्न, जनजाति एवं पिछडिएका वर्गको सन्तुलित प्रतिनिधित्व संविधानसभामा हुँदैन तबसम्म विवादरहित संविधान बन्न सक्दैन। संविधानसभामा सबै वर्गको प्रतिनिधित्व हुने ग्यारेन्टी राजनैतिक दलको परिधिभन्दा बाहिर बसेर दिन सक्नुपर्छ। त्यसो भएपछि मात्रै संविधानसभामा आदिवासी जनजातिहरूको विषयले प्रवेश गर्न सक्छ भन्ने विश्वास गर्न सकिन्छ।

**० संविधासभामार्फत नेपालको जातीय संरचना अनुकूल हुने गरी कस्तो राजनैतिक प्रतिनिधित्व उपयुक्त हुन्छ ?**

-संविधानसभामा हुने राजनैतिक प्रतिनिधित्वमा जातीय संरचना ज्यादै संवेदनशील विषय हो, तर अहिले यो कुरालाई राजनैतिक नारामा सीमित गरिएको छ। जातीय संरचनाको सन्दर्भमा बृहत् छलफल हुनुपर्छ। सबैभन्दा पहिले यो एजेन्डा राजनैतिक दलको एजेन्डा बन्नुपर्छ। त्यसमार्फत राष्ट्रिय एजेन्डा बन्नुपर्छ। राष्ट्रिय एजेन्डा बनेपछि मात्र त्यसलाई सम्बोधन गर्न राष्ट्र तयार हुन्छ। जबसम्म राजनैतिक दलहरू सहमत हुँदैनन् तबसम्म यो मुद्दा राष्ट्रिय एजेन्डा बन्न सक्दैन। संविधानसभा जातीय संरचनाअनुकूल हुनुभन्दा संघीय चरित्रको हुनुपर्छ। संघीय चरित्रको संविधानसभामार्फत मात्र एकीकृत शक्ति विकेन्द्रित हुन्छ। शक्ति विकेन्द्रित भयो भने मात्रै हरेक जाति र समूहले आर्थिक, राजनैतिक एवं सामाजिक विकासमा स्वयं सहभागी भएर नीति-निर्माण गर्ने, योजना बनाउने अवसर पाउन सक्छन्। त्यसका लागि जातीय स्वायत्तताभन्दा आत्मनिर्णयको अधिकार बढी महत्त्वपूर्ण हुन्छ।

संविधानसभामा राजनैतिक प्रतिनिधित्वको सन्दर्भमा विभिन्न जनजातिको प्रतिनिधित्व गर्ने राजनैतिक दललाई राष्ट्रिय स्तरको बनाउन सक्नुपर्छ। उदाहरणका लागि नेपाल सद्भावना पार्टीको ढाँचा राष्ट्रव्यापी हुनुपर्छ। यो सन्दर्भमा राजनैतिक दलको आकारभन्दा उसको चरित्र महत्त्वपूर्ण हुन्छ र उसले राजनैतिक ढाँचामा बसे पनि आदिवासी जनजातिहरूको समस्यालाई तर्कसंगत रूपमा उठाउन सक्नुपर्छ। यो कुरा पनि नेतृत्वको भूमिकामा निर्भर गर्छ। वास्तवमा भन्ने हो भने जातीय समस्या कहिल्यै पनि राष्ट्रिय समस्या बन्नु हुँदैन, तर त्यस्तो समस्या समाधानका लागि राज्य चासो देखाउनुपर्छ।

**० आदिवासी जनजाति र समुदायको भावनालाई संविधानसभामा प्रवेश गराउन राजनैतिक दलहरू कति संवेदनशील छन् ?**

-राजनैतिक दलहरूले अहिलेसम्म उठाउँदै आएको आवाजमा उनीहरू आदिवासी जनजाति र समुदायको भावनालाई संविधानसभामा प्रवेश गराउन संवेदनशील छन् भन्ने देखाउँछ। अहिले हाम्रा सबै राजनैतिक दलहरू संघीय शासन र जातीय प्रतिनिधित्वको पक्षमा देखिन्छन्, तर आठ राजनैतिक दलबीच अन्तरिम संविधानमा दुई शब्द (संघीय शासन र जनसंख्याका आधारमा जातीय प्रतिनिधित्व) लेखबद्ध नभएसम्म संविधानसभाको बैठकले त्यो विषयमा छलफल गर्छ जस्तो मलाई लाग्दैन किनभने अन्तरिम संविधान संविधानसभामार्फत बन्ने संविधानको मोडल हो। संविधानसभाले बनाउने संविधानका मुलभूत कुराहरू अन्तरिम संविधानबाटै समावेश गरिने सम्भावना छ। त्यस कारणले आदिवासी जनजाति एवं समुदायको भावनाले राजनैतिक दलहरूको सहमतिबाट वैधानिकता प्राप्त गरेर संविधानसभामा एजेन्डाका रूपमा प्रवेश पाउनुपर्छ, तर अहिलेसम्मको गतिविधिले यस्तो होला भन्ने मलाई लाग्दैन।

**० संविधानसभा सबै किसिमका समस्याको पहिचान गर्ने निर्विकल्प उपाय हो ?**

-मुलुकका सबै किसिमका समस्याको पहिचान गर्ने निर्विकल्प उपाय संविधानसभा होइन। संविधानसभा सबै किसिमको आर्थिक, राजनैतिक, सामाजिक एवं सांस्कृतिक समस्याहरूको सामाधानसम्म पुग्ने एउटा बाटो मात्र हो। संविधानसभाको कार्यविधि (गठन प्रक्रिया, प्रतिनिधि छनौट र अनुमोदन) र विषयवस्तु (नागरिक अधिकार, राज्यको ढाँचा र राजनैतिक प्रणाली) बीच समन्वय भएमा र सम्पूर्ण नागरिकको सहमतिबाट पारस्पारिक तरिकाबाट संविधानसभालाई सकुशल अवतरण गराउन सकियो भने संविधानसभा सबै समस्याको निकासको माध्यम हुनेछ। कार्यविधि र विषयवस्तुको कुरा मिलेन भने संविधानसभाले पनि मुलुकका यावत् समस्याहरूलाई निकास दिन सक्नेछैन।

## मेरो विचार

### छलफल र बहसको विषय

संविधान देशको मूल कानुन हो। संविधान बनाएर घोषणा गर्ने कामका लागि गरिने निर्वाचन नै संविधानसभाको निर्वाचन हो। संविधानसभाले मुख्यत: देशको संविधान निर्माण गर्ने काम गर्छ। संविधानसभाको चर्चा र माग अहिले मात्र उठेको होइन। वि.सं. २००७ सालमा नै यो माग उठेको थियो। उक्त कुराको घोषणा राजा त्रिभुवनले नै गरेका थिए तर विभिन्न प्रकारका षड्यन्त्र एवं राजनैतिक खिचातानीका कारण संविधानसभाको निर्वाचन हुन सकेन। अहिलेसम्म बनेका संविधानले जनताका अधिकारलाई संस्थागत गर्न नसकेको र सबै जात-जाति एवं क्षेत्रलाई समेट्न नसकेका कारण जनता आफैं संविधान बनाउने प्रक्रियामा लागेका हुन्। त्यसैले ५६ वर्षपछि आएर संविधानसभाको निर्वाचन हुन लागिरहेको छ, तर यो चुनाव हुन नदिन चौतर्फी षड्यन्त्र भैरहेका छन्। वर्षौंदेखि नेपाली जनतामाथि शोषण, दमन एवं उत्पीडन गर्दै आएको र जनताको हक-अधिकार खोस्दै आएको सामान्ती राजतन्त्रको फैसला संविधानसभाको साधारण बहुमतबाट हुने सहमति आठ राजनैतिक दलबीच भैसकेको छ।

यही सन्दर्भमा एकात्मक केन्द्रीकृत सामान्ती राज्य संरचनालाई भत्काएर नयाँ लोकतान्त्रिक राज्य संरचना निर्माण गर्नु आजको आवश्यकता बनिसकेको छ। सामन्ती राजतन्त्रलाई टिकाउन खोज्ने सामन्तवादी शक्तिहरू र त्यसलाई टिकाएर आफ्नो स्वार्थ सिद्ध गर्न चाहने विदेशी साम्राज्यवादी शक्तिहरू नै नेपाली जनताको परिवर्तनको चाहनाका बाधक एवं संविधानसभाका विरोधी हुन्। सरकार, राजनैतिक दल तथा सचेत नागरिक एवं आमसञ्चार-माध्यमले जनताका बीचमा संविधानसभा एवं यसमा समेटिनुपर्ने विषयका सम्बन्धमा छलफल तथा बहस सञ्चालन गर्नुपर्छ, जसले गर्दा जनताले संविधानसभाको विषयमा बुझ्न सकून् र आफ्नो भाग्य एवं भविष्यको फैसला आफैं गर्न सकून्। जनतालाई जागरूक एवं चेतनशील बनाएर संगठित गरे संविधानसभाको निर्वाचन हुन नदिने षड्यन्त्र विफल हुँदै जानेछ।

–हरिशरण तिमिल्सिना

**तपाईंको विचारमा संविधानसभा के हो ? यसले के गर्छ ? यसका बाधा-अड्चनहरू के-के हुन् ? तिनलाई हटाउन के गर्नुपर्छ ? संविधानसभाको निर्वाचन कसरी सफल हुनसक्छ ? संविधानसभाका लागि सरकार तथा नागरिकका दायित्व के-के हुन् ? जस्ता प्रश्नमा केन्द्रित रहँदै आफ्ना धारणा हामीलाई लेखिपठाउनुहोस्। प्रत्येक प्रकाशित सामग्रीलाई नगद रु. २ सय प्रदान गरिनेछ।**

## संविधान सभा जिज्ञासा



पूर्णमान शाक्य
संवैधानिक कानुन विशेषज्ञ

**जिज्ञासा : अहिलेको संक्रमणकालीन अवस्थामा सरकारले संविधानसभाको सुरक्षित र शान्तिपूर्ण निर्वाचनका लागि कस्तो किसिमको उपाय अवलम्बन गर्नु राम्रो होला ?**

**– आनन्द श्रेष्ठ, हेटौंडा**

**समाधान** : सुरक्षाकर्मीको अभावका कारणले संविधानसभाको निर्वाचनलाई चरणबद्ध रूपमा सम्पन्न गरिनुपर्छ। निर्वाचन आयोगलाई निर्वाचन आचारसंहिता कार्यान्वयन गर्न सम्पूर्ण अधिकार दिनुपर्छ। निर्वाचनका दौरान अन्तर्राष्ट्रिय अनुगमनको व्यवस्था गरिनुका साथै राष्ट्रिय, क्षेत्रीय तथा स्थानीय तहमा पनि नागरिक समाजहरूले निर्वाचनको अनुगमन गर्नु आवश्यक छ। अहिलेको संक्रमणकालमा सबै राजनैतिक दललाई निर्वाचन आचारसंहिताभित्र राखेर निर्वाचन सुसम्पन्न गर्न संयुक्त राष्ट्रसंघको पनि सहयोग लिन सकिन्छ।

**जिज्ञासा : बहुसंख्यक नागरिक निरक्षर रहेको हाम्रो जस्तो मुलुकमा संविधानसभाको निर्वाचन कत्तिको उपयुक्त हुन्छ ?**

**– कृष्णमोहन वाग्ले, काठमाडौं**

**समाधान** : लोकतन्त्रमा हरेक नागरिकको समान महत्त्व हुन्छ। हरेक नागरिकले आफ्नो भविष्य आफैं निर्धारण गर्ने क्षमता राख्छ भन्ने मान्यतामा आधारित हुने हो भने बहुसंख्यक नागरिक निरक्षर रहेको कारणबाट संविधानसभाको निर्वाचन उपयुक्त हुँदैन भन्ने तर्क स्वीकार गर्न सकिँदैन। आमनेपाली जनता आफ्नो अधिकारका निम्ति पर्याप्त सचेत छन् भन्ने कुरा जनआन्दोलन-२ एवं त्यसअघिका राजनैतिक संघर्ष एवम् निर्वाचनहरूबाट प्रस्ट भैसकेको छ।

**संविधानसभाको अगामी निर्वाचनलाई मध्यनजर गर्दै साप्ताहिकले पाठकहरूको जिज्ञासा समाधान गर्ने व्यवस्था मिलाएको छ। पाठकहरूको जिज्ञासालाई नेपाल ल क्याम्पसका सहप्राध्यापक एवं संवैधानिक कानुनका ज्ञाता पूर्णमान शाक्यले समाधान गर्नुहुनेछ।**

# अब अरुणिमा कि ऋचा ?

पृष्ठ १ बाट जारी



अरुणिमासँग मैले यसअघि 'गहना' नामक सिरियलमा काम गरेको छु। उनलाई चलचित्र 'मर्यादा'मा लिनुको पछाडि उनको अभिनय क्षमता तथा उनको राम्रो भविष्य नै हो। व्यावसायिक हिसाबमा हेर्ने हो भने अहिले ऋचाभन्दा अरुणिमा अघि छिन् जस्तो लाग्छ।

**–श्याम भट्टराई, निर्माता तथा निर्देशक**

-अहिलेकी पपुलर अनि योङ नायिका हुन् ऋचा। मैले डेन्जरमा उनको पपुलारिटी, एक्टिङ चलचित्र सुहाउँदो भएकाले लिएको हुँ। मोडर्न गर्लको भूमिका छ। मैले धेरै नयाँ कलाकार जन्माएको छु। राजेश, कृष्टि, बीनादेखि धेरैलाई कलाकार बनाएको हुनाले ऋचालाई छान्नुको पछाडिको अर्थ उनी चानचुने कलाकार होइनन्।

**–दीपक रायमाझी, निर्माता/निर्देशक**

आफू पहिलो पटक निर्देशक भएको चलचित्र नौलो संसारमा मैले ऋचालाई लिने धेरै कारण छ। सरल तथा शिक्षित बानीबेहोरा, राम्रो अभिनय र नृत्य अर्थात् ट्यालेन्ट कलाकार। इन्डस्ट्रीले नयाँ अभिनेत्री पाएको छ। म त भन्छु– ऋचासँग नम्बर वान हुनेसबै गुण छन्। अरुणिमासँग पनि मैले चलचित्र 'इन्द्रेणी'मा काम गरेको छु। उनको पनि आफ्नै प्रकारको विशेषता छ।

**–राजु शाह, निर्माता/नृत्य निर्देशक**



# अबको विकल्प मन्टेश्वरी शिक्षा



काठमाडौं– अदीति एलकेजीमा पढ्छिन् । उनलाई मिसले दुईको गुणन सिकाउनुभयो । अदीतिले घरमा पढेर आइन् र भोलिपल्ट मिसलगायत साथीलाई सुनाइन् । मिसले तीन र चारको गुणन पनि सिकाउनुभयो । अदीतिले त्यो पनि जानिन्, तर अनौठो त्यतिखेर भयो, जब उनलाई पछि फेरि दुईको गुणन भन्न लगाइयो, अदीतिले दुईको गुणन बिर्सिसकेकी थिइन् । किन, थाहा छ ? अदीतिले गुणन जाने पनि त्यसको वास्तविक विधि नजानेकाले उनले पहिले पढेको कुरा बिर्सिन् । यता शुभारम्भको कुरा गरौं, उनी पनि यसैपटक एलकेजीमा पुगे, दिनभरि साथीहरूसँग बसेर, ब्लक लगायतका विभिन्न खेल खेलेर उनी घर फर्कन्छन् । शुभारम्भलाई गुणन विधि के हो, राम्रो थाहा छ । उनी जति कुरा जान्दछन्, त्यसलाई आफैं प्रयोग गरेर हेर्न सक्छन् ।

अदीति बिहानै पुस्तक र कापीले भरिएको झोला बोकेर विद्यालय पुग्छिन् भने शुभारम्भ अनौपचारिक पोसाकमा केही नबोकी विद्यालय पुग्छन् । शुभारम्भ विद्यालयमा सर-मिसहरूसँग खेलिरहँदा साथसाथै पढिरहेका पनि हुन्छन् भने अदीति किताबमा भएका कुरा सर-मिसहरूले भनेका आधारमा अध्ययन गर्दै आएकी छिन् । राति पनि उनी गृहकार्य पूरा गर्नमै व्यस्त हुन्छिन् । अतिरिक्त क्रियाकलापमा दक्ष भए पनि अदीति समयअभावका कारण आफ्नो सृजनात्मक क्षमतालाई व्यक्त गर्न सकिरहेकी छैनन् । यता चेल्सी इन्टरनेसनल एकेडेमी नयाँ बानेश्वरमा भेटिएका शुभारम्भको दैनिकी बिहान ८ बजेदेखि सुरु हुन्छ । उनी फ्रेस भएर विद्यालय पुग्छन् । त्यहाँ पुगेर खाजा खाएपछि उनको खेल्ने क्रम प्रारम्भ भैहाल्छ । साथीहरू वरिपरि हुन्छन्, माया गर्ने मिस पनि सँगै हुनुहुन्छ, उहाँले कसको के चाहना छ, राम्रोसँग बुझ्नुभएको छ, त्यसैले सबैको चाहनासँगै उहाँले विभिन्न नयाँ कुराहरू प्रयोगात्मक शैलीमा सिकाउनुहुन्छ । विद्यालयमा मन्टेश्वरी शिक्षा प्रणालीअन्तर्गत पढाइ हुन्छ । यसैले शुभारम्भ आफूमा भएका प्रतिभा सजिलै मिस र साथीहरूसमक्ष राख्न सक्छन् । घर रमाइलो कि विद्यालय ? शुभारम्भ भन्छन्- 'मलाई घरभन्दा यहाँ रमाइलो लाग्छ ।'

पूर्वप्राथमिक शिक्षा हासिल गरिरहेका एउटै उमेरका अदीति र शुभारम्भको शिक्षण सिकाइ विधिमा ठूलो अन्तर छ । अदीति सर-मिसले भनेको बाटोमा हिँडिरहेकी हुन्छिन् भने शुभारम्भ सर-मिसलाई आफ्नो चाहनामा डोऱ्याइरहेका हुन्छन् । शुभतारा बोर्डिङ स्कुलकी सहप्राचार्य मिलन केसी लोप्चनको अनुभवमा विद्यार्थीको उमेरलाई ध्यानै नदिई उसको क्षमताभन्दा बढी बोझ लाद्ने परम्परागत शैलीको विकल्प नै मन्टेश्वरी पद्धति हो । तपाईंले देखेको उदाहरण नै यसका लागि काफी छ ।

एकछिन उनीहरूलाई छोडिदिउँ

आफ्ना सन्तानको भविष्य उज्ज्वल हेर्न चाहने र आयस्रोत राम्रो भएका राजधानीका अभिभावकबीच मन्टेश्वरी सिकाइ प्रणाली लोकप्रिय हुँदै गएको छ । मन्टेश्वरी किन्डर वर्ल्डकी संस्थापक प्राचार्य पवित्रा लिम्बु भन्छिन्- 'मन्टेश्वरी अब आवश्यक भैसकेको छ, यो समयको माग हो । घोकन्ते विद्या तथा किताबी शिक्षा प्रणालीको वैकल्पिक खोजी भैरहेका बेला बालबालिकाको स्वतन्त्रतालाई सम्मान गर्दै अध्यापन गराउने मन्टेश्वरी शिक्षा प्रणाली नेपालमा पनि लोकप्रिय हुन थालेको छ ।'

हरेक बाबुआमालाई आफ्ना छोराछोरी राम्रो र नाम चलेको विद्यालयमा अध्ययन गरेको हेर्ने मन हुन्छ, तर त्यस्ता नाम चलेका विद्यालयमा प्रवेश परीक्षामा उत्तीर्ण हुन पनि त्यत्तिकै गाह्रो छ । त्यसकारण पनि उनीहरूलाई कक्षा १ को प्रवेश परीक्षामा सफलता दिलाउन जग बलियो बनाउने क्रममा मोन्टेश्वरी पूर्वप्राथमिक शिक्षा अहिलेको अवस्थामा अपरिहार्य भैसकेको चेल्सी इन्टरनेसनलका प्राचार्य सुधीरकुमार झा बताउँछन् । चेल्सी प्राङ्गणमा कुराकानीका क्रममा भेटिए, बानेश्वर हाइटका विजयकृष्ण श्रेष्ठ । पेसाले आर्किटेक्ट श्रेष्ठ छोरी जुविना श्रेष्ठलाई मन्टेश्वरी कक्षाको प्ले ग्रुपमा भर्नाका लागि आएका रहेछन् । शिशुलाई दिनभरि स्याहार गर्ने, उनीहरूको चाहनालाई ध्यानमा राखी अध्यापन गराउने, उत्कृष्ट वातावरणजस्ता कुराले श्रेष्ठले छोरीलाई मन्टेश्वरी पद्धतिमा आधारित विद्यालयमै भर्ना गराउने सोच विकास भएको बताए । मन्टेश्वरी किन्डर वर्ल्डकी प्राचार्य लिम्बूका अनुसार मन्टेश्वरीको पहिलो प्राथमिकता बालबालिकाहरूलाई आत्मविश्वासी बनाउनु हो, यसबाट तत्कालीन रूपमा वयष्कहरूलाई आफ्ना कुरा लाद्न नपाएको महसुस भए पनि शिशुले आफ्नो चाहना र दक्षतालाई मुखरित गर्न सक्छ ।

मन्टेश्वरीको पूर्वप्राथमिक शिक्षामा दुई वर्ष उमेरदेखि भर्ना लिइन्छ । पहिलो वर्ष उनीहरूले प्ले ग्रुप कक्षामा बस्छन् । यसमा उनीहरूलाई विद्यालय जानका निम्ति अभिप्रेरित गर्ने र आधारभूत कुराहरू सिकाइन्छ । त्यसपछि अर्को वर्षको एलकेजी कक्षाबाट सामान्य पाठ्यक्रम र पाठ्यक्रमलाई पनि खेलाइको माध्यमबाट प्रयोगात्मक शैलीमा अध्यापन गराइन्छ । बालबालिकाले युकेजीमा पुग्दासम्ममा सिकाइका धेरै सीप जानिसकेका हुन्छन् । मुख्य कुरा उनीहरूले जति सिक्छन् त्यसलाई बिर्संदैनन् । 'उनीहरूलाई नयाँ कुरा सिकाउन धेरैवटा टुल्स (शिक्षण सामग्री) को प्रयोग हुन्छ,' चेल्सीकी शिक्षिका जरिना बज्राचार्य भन्छिन्- 'पेन्सिल समाउनेदेखि लिएर बलहरू खेलाउँदै त्यसको गणना सिकाउनेसम्म प्रयोग हुन्छ । अझै गणितीय सीप (म्याथ स्किल्स) मा उनीहरू खेल्दाखेल्दै दक्ष भैसकेका हुन्छन् ।'

सन् १९८९ देखि मन्टेश्वरी पद्धतिलाई आत्मसात् गरेको शुभतारा बोर्डिङ स्कुलकी सहप्राचार्य लोप्चनको लामो अनुभवले भन्छ- 'बालबालिकाको विकासक्रममा लजिकल थिङ्किङ र भाषा विकासमा पनि मन्टेश्वरी सिकाइ पद्धति सफल छ । यसबाट उनीहरूमा समाधान गर्ने क्षमता मात्र होइन, आफैं सिक्न खोज्ने प्रवृत्तिको समेत विकास हुन्छ ।'

मन्टेश्वरी पद्धतिमा अध्ययन गर्ने बालबालिकाले कक्षामा आएपछि रङसँग खेल्ने, विभिन्न कला सृजना गर्नेका अतिरिक्त योगा, संगीत, नृत्य, नाटक आदि विधाका बारेमा जानकारी हासिल गर्छन । शिशुहरू विद्यालय आएपछि उनीहरूलाई कुनै पनि कुरा गर्न बाध्य तुल्याइँदैन । समूहगत रूपमा बसेर अध्ययन गरिरहेका माथिल्ला कक्षाका विद्यार्थीहरूलाई देखेर आफैं अध्ययन गर्ने चाहना होस् भनेर हामी उनीहरूलाई त्यसतर्फ उत्प्रेरित गर्छौं, जरिना भन्छिन् । मन्टेश्वरीको आकर्षणकै कारण हुनसक्छ, नेपाल मोन्टेश्वरी ट्रेनिङ सेन्टरले राजधानीमा ४ वटा स्थानमा शाखा खोलेको छ । सेन्टरकी प्राचार्य लिम्बू भन्छिन्- 'महाराजगन्ज, नयाँ बानेश्वर, हरिहरभवन तथा एकान्तकुनामा मन्टेश्वरी किन्डरवर्ल्ड सञ्चालनमा छन् ।'

समग्रमा हेर्दा शुल्कका दृष्टिकोणले महँगो मन्टेश्वरी शिक्षा प्रणालीका अन्य धेरै पक्ष सकारात्मक छन् । राम्रो शिक्षा दिलाउने नाममै छोराछोरीलाई सानै उमेरमा विदेश लैजाने परिवारको हकमा त झनै यो शिक्षाले नेपाली रुपैयाँ बाहिरिनबाट जोगाएको छ तर यसो भन्दैमा मन्टेश्वरी शिक्षा आमनेपालीको पहुँचमा पुग्दैन भने शैक्षिक क्षेत्रमा बढ्दै विभेदको खाल्डो अझै फराकिलो हुने देखिन्छ । करोडौं लगानी भएर पनि अनुत्पादक देखिएको विद्यालय स्तरको शिक्षालाई वास्तविक रूपमा सुधार गर्न सरकारले पनि प्रयोगात्मक शिक्षण विधिको यो शैलीलाई किन आत्मसात् नगर्ने ?

## पाठ्यक्रम आ-आफ्नै

मन्टेश्वरीले विकास गरेको शैक्षिक सिकाइ विधिलाई अन्य विद्वान्ले समेत अझै परिमार्जित गरे । त्यसकै कारण विकसित राष्ट्रहरू मात्र नभै अल्पविकसित राष्ट्रहरूमा समेत यसको सञ्जाल फैलिसकेको छ । विद्यालयको नाम मोन्टेश्वरी राखेरै पूर्वप्राथमिक तह चलाएकाहरूले अधिकांश पाठ्यक्रम र शैली मोन्टेश्वरीकै लागू गर्छन् भने अन्य विद्यालयहरूले मन्टेश्वरी आधा र आफ्नो शैक्षिक पाठ्यक्रम आधा गरेर अध्यापन गराउने गरेका छन् । झाका अनुसार चेल्सीले मन्टेश्वरीका अतिरिक्त आफ्नै पाठ्यक्रम विकास गरेको छ । यसो गर्दा शिशुलाई खेलेको अनुभवमा पढेको पत्तै हुँदैन । उमेर बढ्दै जाँदा उसले शैक्षिक स्तर पनि उकास्दै जान्छ । यता शुभताराकी लोप्चन भन्छिन्- 'हामीले ब्रिटिस र अमेरिकन पाठ्यक्रममा आधारित भएर पाठ्यक्रम निर्धारण गरेका छौं । समग्रमा विद्यालयपिच्छे शीर्षक फरक राखिने भए पनि त्यसभित्रको विषयवस्तु सबैको एउटै हुन्छ अर्थात् उद्देश्य एउटै हो ।' सरकारको पूर्वप्राथमिक शिक्षा विकास केन्द्र इसिइडीले पनि मन्टेश्वरी पद्धतिलाई व्यावहारिक मानेर पाठ्यक्रम निर्धारण गरेको लोप्चन बताउँछिन् । मन्टेश्वरी प्रणाली ०-६ वर्षसम्मका बालबालिकालाई हेरेर विकास गरिएको भए पनि हाल माध्यमिक तहसम्मै यो पद्धतिलाई प्रयोगमा ल्याउन थालिएको छ । नेपालमा प्राथमिक तहसम्म यस्तो प्रयोग भैरहेको छ । चेल्सीले कक्षा १ देखि ५ सम्म यस्तै प्रकारको विशेष पाठ्यक्रम बनाएको बताएको छ । त्यस्तै रातो बंगला, जेम्स, शुभतारा, सेन्टमेरिज, सेन्टजेभियर आदि विद्यालयले अहिले कक्षा १ देखि मात्र मन्टेश्वरी प्रणाली प्रयोग गर्दै आएका छन् ।

## के हो मन्टेश्वरी ?

इटलीमा जन्मिएकी मारिया मन्टेश्वरीले आफ्नो प्रारम्भिक शिक्षा घरको संगीतमय वातावरणमा पूरा गरिन् । टिनएज पुगेपछि उनले इन्जिनियरिङ विद्यालयमा शिक्षा लिइन् । त्यसपछि मेडिकल कलेजबाट अध्ययन पूरा गरेर सन् १८९६ मा मन्टेश्वरी इटलीको पहिलो महिला डाक्टर बनिन् । डाक्टर भैसकेपछि मन्टेश्वरीले आफ्नो विगतलाई अध्ययन गरिन् । उनको सफलताका पछाडि घरको उत्तम वातावरण महत्वपूर्ण थियो । बालबालिकालाई अझै स्वतन्त्र छोडियो भने उनीहरूले आफ्नो वृत्तिविकासमा खुलेर सहभागी हुन पाउँछन् भन्ने निष्कर्षलाई मन्टेश्वरीले सिकाइ र पढाइमा आधारित सिद्धान्तको रूपमा विकास गरिन् । जुन सिद्धान्त पछि गएर अध्यापन प्रक्रियाका लागि उत्तम मानियो । प्रयोगात्मक रूपमा सफल भएपछि नै मन्टेश्वरीको सिद्धान्तले अहिले आएर विश्वव्यापीकरणको रूप लिएको छ । मन्टेश्वरीले विकास गरेको सिद्धान्तलाई समर्थन गर्दै अन्य थुप्रै विज्ञले यसको रूपलाई अझै बृहत् बनाए । मन्टेश्वरी किन्डर वर्ल्डकी पवित्रा लिम्बूका अनुसार नेपालमा पनि नेपाली परिवेशको पाठ्यक्रममा मन्टेश्वरी प्रणालीको प्रयोग गर्नु उचित हुन्छ । त्यस्तै चेल्सी इन्टरनेसनलका सुधीर झा भन्छन- 'मन्टेश्वरी प्रणालीको विशेषता भनेकै विद्यार्थीले हरेक सिकाइमा प्रत्यक्ष आफैं सहभागी भएर अनुभव हासिल गर्नु हो । मन्टेश्वरी शिक्षा प्रणालीमा शिक्षकले विद्यार्थीको चाहनाअनुरूप तयारी रहेर गाइडेन्स गर्छन् । यसकारण उसले पछि गएर आफ्नो उज्ज्वल भविष्य आफैं कोर्न सक्छ ।' लिम्बूले भनिन्- 'बिरुवालाई राम्रो गोडमेल भयो भने रूख भएपछि त्यसलाई धेरै स्याहार्नै पर्दैन, मन्टेश्वरी शैक्षिक प्रणालीको आधार पनि यही हो ।'

## मन्टेश्वरीको नेपाली ट्रेन्ड

'अहिले १० विद्यालयमध्ये ४ वटा विद्यालयले पूर्वप्राथमिक शिक्षामा मन्टेश्वरी प्रणाली आवश्यक भएको स्वीकार गरिसकेका छन्,' मन्टेश्वरी किन्डर वर्ल्डकी प्राचार्य पवित्रा लिम्बू भन्छिन्- 'मन्टेश्वरी दर्शनशास्त्रलाई नेपाली परिवेशमा प्रयोग गरेर बालबालिकालाई प्रयोगात्मक शैलीमा सरल पद्धतिबाट ज्ञान प्रदान गर्न सकिन्छ भन्ने विद्यालयहरूले बुझ्दै गएका छन् ।' किन्डर वर्ल्डले मोन्टेश्वरी ट्रेनिङ सेन्टरले हालसम्म १ हजारभन्दा बढी शिक्षक-शिक्षिकालाई तालिम उपलब्ध गराइसकेको छ । अन्तर्राष्ट्रिय रूपमा मन्टेश्वरी शिक्षा प्रणालीको इतिहास लामो भए पनि नेपालमा पहिलो पटक सन् १९६९ मा इन्टरनेसनल किन्डर गार्डेन स्कुलले मन्टेश्वरी विधिलाई अपनाएको थियो । त्यसयता पूर्वप्राथमिक शिक्षामा यो प्रणालीलाई केही विद्यालयले अपनाए, तर सामग्रीहरूको मूल्य चर्को भएकाले धेरैले यो प्रणालीलाई निरन्तरता दिन सकेनन् । अहिले आएर मन्टेश्वरी प्रणालीलाई अपनाउने विद्यालयको सङ्ख्या सयौं पुगेको छ । साथसाथै मन्टेश्वरी प्रणालीलाई कतिसम्म अपनाउने भन्ने मुख्य कुरा हो, चेल्सी इन्टरनेसनलका प्राचार्य सुधीरकुमार झा भन्छन्- 'हामीले मन्टेश्वरी विधिलाई आत्मसात् गर्दै पूर्व प्राथमिक तहको आफ्नै पाठ्यक्रम पनि निर्धारण गरेका छौं ।' त्यसैगरी चेल्सीको जस्तै 'अर्लि चाइल्डहुड एजुकेसन डेभलपमेन्ट' (इसिइडी) नाममा मन्टेश्वरी विधिलाई शुभतारा, रातो बंगला, जेम्स आदि अनेकौं विद्यालयले पूर्वप्राथमिक पाठ्यक्रममा शिक्षा उपलब्ध गराउँदै आएका छन् । त्यसबाहेक मन्टेश्वरीकै नाममा मन्टेश्वरी किन्डर गार्डेन, मन्टेश्वरी हाउस, मन्टेश्वरी कटेज, मन्टेश्वरी चिल्ड्रेन हाउस, ग्रीनउड चिल्ड्रेन होम आदि विभिन्न विद्यालयले मन्टेश्वरी प्रणालीलाई नेपाली परिवेशमा पूर्णतः प्रयोगमा ल्याएका छन् ।



## सम्पन्नका लागि मात्र मन्टेश्वरी ?

मन्टेश्वरी शिक्षा प्रणालीका सबैपक्ष सकारात्मक भए पनि अध्ययन शुल्क चर्को भएकाले सामान्य आयस्रोत भएका परिवारका सदस्य यो प्रणालीमा शिक्षा हासिल गर्न असमर्थ छन् । 'शुल्क महँगो भन्ने भन्दा पनि राम्रो स्थानमा लगानी भएको छ भन्ने सोच्नुपऱ्यो,' शुभतारा बोर्डिङ स्कुलकी सहप्राचार्य मिलन केसी लोप्चन भन्छिन्- 'प्रतिफल पनि राम्रै आउँछ । यस कारण केही महँगो शुल्क तिर्दा आफ्ना छोराछोरीको जग बलियो हुन्छ भन्ने कुरा अभिभावकले बुझ्नुपर्छ ।' तर मन्टेश्वरी प्रणाली भएको भन्दैमा खाना पनि विद्यालयमै ख्वाउनुपर्ने बाध्यतामा समेत पार्ने गरिएको छ । विद्यालयमै खाना किन ? मन्टेश्वरी किन्डरवर्ल्डकी पवित्रा लिम्बू भन्छिन- 'नेपालको परिप्रेक्ष्यमा वर्षभरमा ४ पटक मौसम फरक हुन्छ, त्यसकारण मौसमअनुसारको स्वस्थ खाना ख्वाउने उद्देश्यले विद्यालयमै खाना भनिएको हो । हामी पढाइमा मात्र होइन, स्याहारमा पनि त्यतिकै सचेत छौं ।' यता चेल्सीले खानालाई ऐच्छिक राखेको छ । घरको वा यहाँको जे खान पनि छुट भएको चेल्सी प्राचार्य झा बताउँछन् ।

मन्टेश्वरी शिक्षा प्रणालीलाई पूर्ण र आंशिक रूपमा प्रयोग गर्ने सबै विद्यालय यस प्रणालीमा अध्यापन गराउन सामग्री धेरै जोड्नुपर्ने भएका कारण देखाउँदै शुल्क महँगो भएको भनेर प्रष्टीकरण दिन्छन्, तर कतिपय विद्यालयले लाखौंको सामग्री जोडेको भन्दैमा त्यसको भर्पाई विद्यार्थीबाट गर्ने परिपाटी पनि त्यत्तिकै छ । मासिक ७ हजार शुल्कसम्म लिइन्छ । चेल्सीका सुधीर झाका अनुसार विद्यालयहरूले मासिक ३ हजारको हाराहारीसम्म शुल्क लिँदा पनि सबै प्रकारका सुविधा उपलब्ध गराउन सक्छन् ।

यता लिम्बू पनि ७ हजार लिनेहरूको तुलनामा आफूहरूले लिने ४ हजार सस्तो भएको जिकिर गर्छिन् । के मन्टेश्वरी प्रणाली आफैंमा महँगो हो त ? अथवा मन्टेश्वरीको लक्षित वर्गमा सामान्य आयस्रोत भएका परिवार पर्दैनन् ? तर उनीहरूका कुरा सुन्दा त्यो विश्लेषण पनि गलत हुन्छ । लिम्बू भन्छिन्- 'यो एक प्रकारको पद्धति हो, पद्धति आफैंमा महँगो वा सस्तो भन्ने हुँदैन । मन्टेश्वरी प्रणालीलाई सामुदायिक विद्यालयहरूले पनि लागू गर्न सक्छन् । त्यसका लागि स्थानीय स्रोत-साधनको अधिकतम उपयोग गर्न जान्नुपर्छ । अबको काम भनेकै सरकारलाई पनि यो पद्धतिमा जान आवश्यक भैसक्यो भनेर दबाब दिनुपर्छ ।' मन्टेश्वरी ट्रेनिङ सेन्टरका अनुसार अहिले ट्रेनिङमा निजी विद्यालयका शिक्षक-शिक्षिका मात्र होइन, सामुदायिकहरूले समेत सहभागी हुने क्रममा बढेको छ । शुभताराकी लोप्चनको भनाइमा शुभताराले सहयोग गरेका सरकारी विद्यालयमा पनि मन्टेश्वरीको सिद्धान्तलाई प्रयोग गर्न सहयोग गरिएको छ ।

# आधारभूत विषय बन्दैछ ऐच्छिक गणित पनि



मुकुन्दराज शर्मा

दस कक्षा उत्तीर्ण गरिसकेपछि विद्यार्थीहरू आफ्नो पढाइलाई विज्ञान, वाणिज्य, मानविकी, न्याय, पत्रकारिता आदि क्षेत्रतर्फ लक्षित गर्छन् । कक्षा ९ र १० मा ऐच्छिक विषयहरू पनि केही हदसम्म सोही लक्ष्य राख्ने विद्यार्थीहरूका लागि सोच बनाएर निर्धारित गरिएका छन् । विशेष गरेर उच्च माध्यमिकमा गएर विज्ञान विषय अध्ययन गर्नेहरूले विद्यालयमा ऐच्छिक गणितलाई बढी प्राथमिकता दिन्छन् । ऐच्छिक गणित तथा उच्च माध्यमिक विद्यालयको गणितलाई सोहीअनुरूप तालमेल खाने खालको बनाउने प्रयास पनि भएको छ । हुन त गणितमा बढी रुचि एवं तीक्ष्ण बुद्धि भएका विद्यार्थीले यो विषय पढ्छन् भन्ने सोंच पनि व्याप्त छ तर यो मात्रै सत्य होइन ।

गणित आफैंमा हरेक विद्यार्थीका लागि नभई नहुने विषय भैसकेको छ । यो विषय अत्यन्त जीवनोपयोगी छ । ऐच्छिक गणित जसलाई केही मुलुकमा एडभान्स म्याथमेटिक्स पनि भनिन्छ । यसमा अनिवार्य गणितमा भन्दा अलि भिन्दै प्रकृतिका पाठहरू पढाइन्छ । ती पाठको उपयोगिता माथिल्लो तहमा बढी नै छ । अचेल ऐच्छिक गणित विज्ञान पढ्ने विद्यार्थीहरूका लागि मात्र नभई कमर्स, अर्थशास्त्रजस्ता विषयहरूका लागि पनि अनिवार्य आधारभूत विषय बनेको छ । कक्षा ११/१२, बीबीएसमा गणित पढ्ने विद्यार्थीहरूका लागि विद्यालय तहमा ऐच्छिक गणित नपढेकाहरूलाई निकै कठिन देखिन्छ तथापि पढ्नै नसकिने भन्नेचाहिँ होइन । त्यसैले उच्च तहका प्रायः हरेक फाँटमा विद्यालयस्तरको ऐच्छिक गणितको पूर्वज्ञान अनिवार्यजत्तिकै भैसकेको छ । गणित अब हरेक मानिसका लागि दैनिक आहारजत्तिकै महत्त्वपूर्ण बन्दैछ ।

प्रायः ऐच्छिक गणितलाई अत्यन्तै जटिल विषयका रूपमा चित्रण गरिन्छ, तर यो सत्य होइन । यसभित्र रमाई-रमाई अध्ययन गर्न सकिने पाठहरू समाविष्ट छन् । कक्षा ९ का विद्यार्थीहरूलाई केही पाठ उनीहरूको स्तरभन्दा गह्रुँगा नै छन् तर अहिले कक्षा ९ को पाठ्यक्रमबाट एसएलसीमा प्रश्न नसोधिने भएपछि यो विषय धेरै सरल बनेको छ । कक्षा १० का मात्रै पाठ विद्यार्थीले धेरै सजिलो मान्ने र अंक हासिल गर्न सक्ने खालका छन् ।

**ग्रिड कस्तो छ ?**

कक्षा १० का पाठहरूमध्ये विद्यार्थीले सबैभन्दा सजिलो मान्ने मेट्रिक्स पाठबाट १२ अंकको प्रश्न सोधिनेछ जसमा २ वटा प्रश्न २/२ अंकका तथा २ वटा प्रश्न ४/४ अंकका हुनेछन् । २ अंकका प्रश्नमा एउटा प्रश्न विकर्ण मेट्रिक्स, एकाइ मेट्रिक्सको उदाहरणसहित परिभाषा सोधिन्छ भने अर्को लघु प्रश्न सीपमूलक हुनेछ । ४ अंकको प्रश्नमा मेट्रिक्स विधिबाट जोडा समीकरणहरू हल गर्ने प्रश्न विशेष गरी सिक्नैपर्नेछ । स्थानान्तरणको पाठलाई पनि १२ अंक नै छुट्याइएको छ । यो पाठका लागि संयुक्त स्थानान्तरणलाई विद्यार्थीहरूले कक्षा ९ कै मात्र सूत्रअनुरूप दुईपल्ट गरे पुग्छ । जस्तै विन्दु 'पी' लाई 'एक्स' अक्षमा परावर्तन गरेर फेरि भेक्टर 'टी' ले विस्थापन गर्नु छ भने पहिले 'पी' लाई परावर्तन गरेर कक्षा ९ कै सूत्रानुसार प्रतिविम्ब 'पी' ड्यास निकाल्ने तथा 'पी' ड्यासलाई भेक्टर 'टी'ले विस्थापन गरेर 'पी' डबल ड्यासमा लाने । यसरी गर्न सिके कुनै पनि त्रिभुज, चतुर्भुजलाई जुनसुकै किसिमको संयुक्त स्थानान्तरण गर्न सकिनेछ । स्थानान्तरणका सबै सूत्रहरू भने कण्ठस्थ हुनु आवश्यक छ । मेट्रिक्सको प्रयोग गरेर गरिने स्थानान्तरणका लागि सरकारी पाठ्यपुस्तकलाई आधार बनाएर गरे यथेष्ट हुनेछ ।



निर्देशांक ज्यामिति तथा लेखाचित्रले डुब्न लागेको डुंगा पार लगाउनेछन् । निर्देशांक ज्यामितिमा जम्मा ४ वटा पाठ छन् । हरेक पाठबाट लामो र छोटो एक/एकवटा प्रश्न गरी ६/६ अंकका दरले २४ अंक बराबरका प्रश्न सोधिनेछन् । अति थोरै मेहनतबाट निकै धेरै अंक हासिल गर्न सकिन्छ निर्देशांक ज्यामितिबाट । त्यसैगरी वर्ग समीकरण र त्यसको लेखाचित्रमा जम्मा ६ अंक राखिएको छ । निर्देशांक ज्यामितिबाट एउटा सूत्र प्रमाण सोधिनेछ । उक्त प्रश्न विशेष गरेर 'दुई सरलरेखाबीचको कोण' वा 'जोडा रेखाको समीकरण' पाठबाट सोधिनेछ ।

२८ अंकभार बराबरको त्रिकोणमितिमा विद्यार्थीहरूलाई अलि बढी अभ्यासको आवश्यकता पर्छ । यसमा धेरै सूत्र र प्रश्नहरू पनि विविधतायुक्त हुन्छन् । तैपनि 'उचाइ र दूरी' तथा अनुबन्धित त्रिकोणमितीय सर्वसमिका (conditional trigonometric identities) यी दुईवटा पाठ अनिवार्य रूपले तयार पार्नुपर्छ । यी पाठबाट ४/४ अंक बराबरका एक-एकवटा प्रश्न सोधिनेछन् । 'रेखीय योजना (Linear Programming) पाठको माथि धेरै चर्चा गरिएन किनकि यो पाठ नरुचाउने र नगर्ने विद्यार्थी प्रायः कमै हुन्छन् । ४ अंकको एउटा प्रश्न सोधिने यो पाठ ग्राफमा गर्नुपर्ने हुन्छ ।

माथि उल्लेख गरिएका पाठहरू तयार गरिसकेपछि मात्र बाँकी रहेका पाठमा ध्यान दिनुपर्छ । माथि उल्लेख गरिए जति पाठ तयार गर्दा मात्रै पनि ६० अंक सजिलै हासिल गर्न सकिन्छ । अनुक्रम र श्रेणी गाह्रो पाठ नभए पनि त्यसको तयारी अन्त्यमा गर्नु नै राम्रो हुन्छ । त्यस्तै त्रिकोणमितिका अन्य पाठहरूलाई पटक-पटक दोहोर्‍याएर अभ्यास गर्नुपर्छ । घरीघरीको अभ्यासबिना त्रिकोणमिति सहज हुँदैन ।

ऐच्छिक गणितमा समूह 'क' मा २/२ अंक बराबरका जम्मा १६ वटा प्रश्न तथा समूह 'ख' मा ४/४ अंक बराबरका जम्मा १७ वटा प्रश्न समाविष्ट हुनेछन् । स्थानान्तरणका प्रश्नमा ग्राफ खिच्न नभनिए कापीमै हल गर्नुपर्छ, सबै चित्र पेन्सिलले प्रस्टसँग खिच्नुपर्छ । नमुना प्रश्नपत्रमा दिइएअनुसार सबै पाठहरूबाट तयारी गरे ऐच्छिक गणितमा सजिलै धेरै अंक हासिल गर्न सकिन्छ ।

*(शर्मा लिटिल एन्जल्स स्कुल, हात्तीवनमा शिक्षक हुनुहुन्छ ।)*


संसारको कुनै पनि मुलुकमा हुने

अत्याचारको विरोध गर्नु

मानवीय धर्म हो ।

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

सूचना विभाग


# बुटवलमा लुम्बिनी इन्फोटेक

बुटवल– 'लुम्बिनीलाई सूचना प्रविधि गाउँ बनाऔं' नाराका साथ शनिबारदेखि बुटवलमा सूचना प्रविधि प्रदर्शनी (लुम्बिनी इन्फोटेक-२००७) सम्पन्न भयो । कम्प्युटर एसोसियसन अफ नेपाल, लुम्बिनीको आयोजनामा सञ्चालित लुम्बिनी इन्फोटेकमा देशभित्र र अन्तर्राष्ट्रिय क्षेत्रमा विकसित सूचना प्रविधिको प्रदर्शनी एवं सेमिनारहरू भए ।

प्रदर्शनीमा काठमाडौं, विराटनगर, पाल्पा, चितवन आदि जिल्लाबाट विश्वका ३० भन्दा बढी देशका प्रख्यात कम्पनीका उत्पादनहरूका ९० भन्दा बढी स्टल सहभागी भए । स्थानीय कालिका मा.वि. प्राङ्गणमा सम्पन्न लुम्बिनी इन्फोटेकको इन्टरनेटमार्फत विश्वव्यापी प्रत्यक्ष प्रसारणसमेत गरियो । प्रदर्शनीमा १ सय डलर मूल्यको स्कुले बालबालिकाहरूलाई लक्षित गरेर बनाइएको ल्यापटप कम्प्युटरसहित अन्य उच्चस्तरीय ल्यापटप कम्प्युटर तथा विभिन्न प्रकारका सफ्टवेयरहरूको बिक्री-वितरण भयो ।

प्रदर्शनीमा नयाँ प्रविधिको बिजनेस मेसिन तथा माइक्रोसफ्टका नयाँ उत्पादनको प्रदर्शनी एवं स्थानीय रूपमा सूचना प्रविधिसम्बन्धी भएका विकास तथा सूचना प्रविधि क्षेत्रमा सेवा प्रदान गर्दै आएका स्कुल, कलेज तथा कम्पनीहरूले विशेष सहुलियत प्याकेजहरू प्रदान गरेका थिए । यसैगरी लुम्बिनी इन्फोटेकमा आईटी सेमिनारको पनि आयोजना गरियो ।

त्यसमा बिल्डिङ ई-नेपाल फर सोसियो इकोनोमिक डेभलपमेन्टअन्तर्गत डिजिटल डिभाइड, इन्फास्ट्र्याक्टर, आईटी एजुकेसन तथा कनेक्टी एन्ड नेटवर्किङ विषयमा अन्तर्क्रिया एवं छलफलहरू भएको इन्फोटेकका संयोजक टंक पाण्डेले साप्ताहिकलाई बताए ।

क्यान नेपालको मुख्य सहयोग रहेको प्रदर्शनीमा मौसमी गुरुङ, हेमन्त शर्मा, राम लक्ष्मण, नेपाली गायन तारा इन्दिरा जोसी आदिसहित स्थानीय कलाकारको दोहोरी प्रतियोगिताले इन्फोटेकमा रौनक थपेको थियो । तीन दिन सञ्चालित प्रदर्शनीमा १ लाखभन्दा बढी दर्शकले अवलोकन गरेको तथा १ करोडभन्दा बढीको आर्थिक कारोबार भएको क्यान लुम्बिनीका महासचिव प्रकाश रानाले बताए । प्रदर्शनीमा स्कुल तथा कलेजका विद्यार्थीहरूको सहभागिता उल्लेख्य थियो ।





इजरायल!

के तपाई इजरायल जाँदै हुनुहुन्छ ? यदी जाँदै हुनुहुन्छ भने हिब्रु (Hebrew) भाषा तथा तालीम लिई दक्ष भई जानुहोस्।

हाम्रा सेवाहरू:

१) हिब्रु (Hebrew) तथा अंग्रेजी (English) भाषा ।
२) केयर गिभर, Housekeeping तथा Orientation तालिम ।
३) Hebrew पुस्तक शलोम उपलब्ध छ ।
४) डकुमेन्ट समेत Forward गरीन्छ ।

पाइथागोरस एकेडेमी, 4260632

सफल उद्घोषक बन्ने हो ?

Media Zone

(बागबजार, NCC Bank अगाडि)



कान्तिपुर FM की चर्चित R.J. प्रतिमा श्रेष्ठ द्वारा उद्घोषण र संगीतकार शान्तिराम राईद्वारा संगीतको प्रशिक्षण साथै Non Linear Video Editing Class समेत संचालन भईरहेको छ ।

भर्ना नि:शुल्क सम्पर्क:

९८४१-२४२१८०, ९८५१०-४६६३०

पहिले सफल उपचार पछि भुक्तानी

विगत १२५ वर्षभन्दा बढी आयुर्विज्ञानमा समर्पित

यौन
उत्तेजना नहुने, शीघ्र स्खलन तथा शारीरिक यौन शक्ति (महिला-पुरुष)

स्तन
बढाउने, घटाउने तथा टाइट गराउने

पोतो
अनुहारको चायाँ, कालो पोतो, डण्डीफोरबाट मुक्ति

10am-5pm

काम नगरे भुक्तानी पर्दैन

दम, वाथ, ग्याष्टिकबाट पूर्ण मुक्ति

4672065, 2084130

No Side effect, 100% Guarantee

नेपालमा पहिलो पल्ट




Mobile मर्मत Training

Computerized System बाट सिकाइने

FREE:- Latest Application & Hardware CDs

विशेषताहरू:

- विदेशबाट तालिम प्राप्त दक्ष टेक्निसियनहरुबाट सिकाइने
- Advance Practical Lab मा सिकाइने
- Course सकेपछि पनि 'life-time full support' भइरहने
- Electronics नजान्नेको लागि पनि उपयोगी

"The Money maker for your Future"

Microlink Bagbazar 4267904




Admission OPEN


After successful training WE PROVIDE Job Placement Assistant in NEPAL, INDIA as well different international Airlines

Highly experience instructors
Licence holders from CAAN

Air Hostess Training Institute (P) Ltd.
NECO Complex (Opp. BICC hall, Main Gate) New Baneshwor KTM.
Ph# 4783564, 2042030 E-mail: ahti@wlink.com.np


## विचित्रका जीवहरू

### इयाडी लंग लेग्स




आइभोरीकोस्टमा मात्र पाइने इयाडी लंग लेग्स नामक फट्यांग्राका खुट्टाहरू यति लामा हुन्छन् कि त्यो फट्यांग्राले आफ्ना खुट्टाहरूलाई जालोका रूपमा प्रयोग गरेर आफ्ना सिकारहरू समाउँछ।

### फ्लावर पट स्पन्ज



प्रसान्त महासागरमा पाइने फ्लावर पट स्पन्ज नामक स्पन्जको सिङ स–साना काँचहरूबाट बनेको हुन्छ। उक्त सिङलाई स्थानीय मानिसहरू गहनाका रूपमा प्रयोग गर्छन्।


### पर्पिलसोर गँगटा



प्रशान्त महासागरमा पाइने पर्पिलसोर नामक गँगटा हेर्दा सामान्य जस्तो देखिन्छ तर यसले ४० जना मानिस बराबरको शक्ति प्रयोग गर्न सक्छ।

### आफ्नै अन्डा खाने माछा


प्रशान्त महासागरमा पाइने बाओफिन नामक माछाको



पोथीले अन्डा पारेपछि आफैं खान्छ, त्यसैले भालेले अण्डाहरूको संरक्षण गर्छ।

### पातजस्तो उडुस

श्रीलंकामा पाइने फाइलियम सिसिफोलियम वैज्ञानिक नामको एक प्रजातिको उडुस झट्ट हेर्दा बिरुवाको पातजस्तो देखिन्छ। यो उडुस बोट–बिरुवामा पातजस्तै झुन्डिएर बस्छ।



## जानकारी

### हब्बलको उपचार गरिने



अमेरिकी अन्तरिक्ष नियोग नासाले प्रक्षेपण गरेको अन्तरिक्ष यान (हब्बल स्पेस) को जीर्ण बन्दै गएको दूरबिनहरूलाई मर्मत गर्ने योजना सार्वजनिक गरेको छ। उक्त मर्मतकार्य सन् २००८ मा थालिनेछ। ९० करोड अमेरिकी डलर खर्च गरेर अन्तरिक्षमा प्रक्षेपण गरिएको अन्तरिक्ष यानका दूरबिन मर्मत नगरिएको खण्डमा सन् २००९ बाट त्यसले तस्बिरहरू पृथ्वीमा पठाउनेछैन। १६ वर्ष पुरानो उक्त यानको मर्मतकार्य सन् २०१३ मा समाप्त हुनेछ। यसका लागि कति खर्च हुन्छ भन्ने कुरा अहिलेसम्म नासाले सार्वजनिक गरेको छैन।

### भटमासको तेलबाट मसी

अमेरिकी वैज्ञानिकहरूले भटमासको तेलबाट मसीको आविष्कार गरेका छन्। यो मसी चार रङमा तयार गरिएको छ। प्रिन्टिङ प्रेसमा प्रयोग हुने यो मसी पहेंलो, रातो, नीलो तथा कालो रङमा उपलब्ध छ। उक्त मसीलाई उच्चस्तरीय छपाइका लागि आदर्श मानिएको छ।


## जन्मदिनको शुभकामना


रुजी कुँवर
२०६० फागुन ११


निश्चल खत्री
२०६० फागुन ११



परमिला तामाङ
२०५४ फागुन ११


लुमिन महर्जन
२०६० फागुन ११


आयुष्मा अधिकारी
२०६१ फागुन १२


दिग्दर्शन थापा
२०५९ फागुन १४


सगुन श्रेष्ठ
२०६१ फागुन १४


रुपेश तामाङ
२०६२ फागुन १६


कञ्चन अधिकारी
२०५५ फागुन १६


अनुसुया अधिकारी
२०५८ फागुन १३


सम्यक थापा
२०६० फागुन ११


विज्ञान लामा
२०६२ फागुन १४

फारम

जन्मदिनको शुभकामना

नाम :.................................................

जन्म मिति :.................................................

स्कुल :.................................................

ठेगाना : .................................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

## एड्सविरुद्ध खोप

विभिन्न परीक्षणबाट हालसम्म प्राप्त नतिजाअनुसार एड्सविरुद्ध खोप लगाइएकाहरूमा ठूलो असर देखा परेको छैन। एड्सविरुद्ध खोप लिनेहरूमध्ये केहीमा एड्स रोगका कीटाणुको प्रतिरोध गर्न सक्ने क्षमता पनि उत्पन्न भएको देखिन्छ। चीनको राष्ट्रिय खाद्यान्न तथा औषधि निगरानी र व्यवस्थापन ब्यूरोका अनुसार एड्सविरुद्धको खोप परियोजनामा सहभागी अनुसन्धानकर्ताहरूले हाल पहिलो चरणको परीक्षणको नतिजाको विश्लेषण गरिरहेका छन्।

यस किसिमको खोपको सुरक्षा तथा क्षमताका सम्बन्धमा अरू दुई चरणको परीक्षण गरिनुपर्छ, तीन चरणको परीक्षणको नतिजा उत्तम भएपछि मात्र एड्सविरुद्ध खोपको व्यावसायिक उत्पादन गरिनेछ। हालसम्म विश्वमा एड्स रोगको निवारणसम्बन्धी लगभग १ सय २० वटा खोपको परीक्षण गरिएको छ। तीमध्ये अधिकांश खोपको प्रारम्भिक अनुसन्धान जारी छ।


## तल दिइएको चित्रमा ६ वटा फरक छुट्याऊ





फरक–ब्याग, टाई, मोजा, कपाल, रुख, जुत्ता।

### तल दिइएको चित्रमा कति समानहरू लुकेका छन् ?



लुकेका समानहरू : केरा, स्याउ, आँप, मेवा, गाजर।

## साप्ताहिक शब्द जाल

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| भे | टि | क | न | सि | टी | ए | मा | तु |
| पा | आ | फ्रे | द | ची | न | छि | न्द्र | वा |
| ली | भो | ने | म | कि | पा | लि | र | लु |
| कां | मो | ना | को | हा | बं | चे | ल | सि |
| सा | ज | न | मो | ए | ग | स्टा | म | या |
| न | न | टी | म | न्डो | ला | इ | शू | मा |
| मा | रा | रू | न्टे | रा | दे | न | न | ओ |
| रि | भ | क्त | स्रे | स्ता | श | चा | ल | वा |
| नो | का | प्र | ट | न | अ | ना | उ | रु |

माथि दिइएका अक्षरहरूमा क्षेत्रफलका आधारमा संसारका आठ साना मुलुकका नाम लुकेका छन्। के तिमी ती नामहरू खोज्न सक्छौ ?

लुकेका नामहरू : भेटिकनसिटी, तुवालु, नाउरु, सानमारिनो, लिचेस्टाइन, मोनाको, एन्डोरो, मन्टेसेरेट

## साप्ताहिक अंकजाल प्रतियोगिता-९९

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

१. सँगै दिइएको १६ वटा कोठाहरूमा ९८ देखि ११३ सम्मका अंकहरू नदोहोरिने गरी यसरी भर, जसबाट तिनीहरूको योगफल ठाडो, तेर्सो, छड्के जसरी जोड्दा पनि ४२२ होस्।

२. अंकजाल साप्ताहिकको कार्यालयमा प्रकाशित भएको मितिले दुई साताभित्र पठाइसक्नुपर्नेछ।

३. विजेतालाई २ सय रुपैयाँ पुरस्कार दिइनेछ।

नाम : .................................... कक्षा : .....

स्कुल : ....................................................

ठेगाना : ....................................................

अंकजाल ९६ मा सहभागीहरूको संख्या : २८४

गोलाप्रथाबाट विजेता :

सर्जन श्रीस, कक्षा ९, जन उच्च मावि, वीरेन्द्रनगर, सुर्खेत

साप्ताहिक इन्फो
शुक्रबार, फागुन ११, २०६३

# नातावाद व्यापक



आफ्ना मानिसलाई मौका दिने कार्यमा सिरियलका निर्माता, निर्देशक निकै अगाडि छन् । दर्शकले पचाएसम्म आफै देखिने नभए पनि आफ्ना नजिककालाई स्थान दिन नेपाली धारावाहिकका निर्देशकहरू माहिर छन् ।

ऋषि लामिछानेले निर्देशन गरेको परिचयमा उनकी श्रीमती सरिता लामिछाने मुख्य भूमिका निर्वाह गर्छिन् । अर्का निर्देशक रमेश बुढाथोकीको चलन पनि उस्तै छ । रमेशले निर्देशन गरेका कुनै पनि सिरियलमा श्रीमती विना बुढाथोकीले स्थान पाएकै हुन्छिन् । युवा निर्देशक श्याम भट्टराई पनि आफ्नालाई स्थान दिनुपर्ने मान्यतामा अगाडि नै छन् । उनले निर्देशन गरेका सबै सिरियलमा श्रीमती रञ्जना शर्माले नै मुख्य भूमिका निर्वाह गरेकी छिन् । 'श्रीमती जिन्दावाद' नामक हास्य श्रृंखला बनाएका कृष्ण मल्लले श्रीमती शर्मिला मल्ललाई नसुहाए पनि कमेडी भूमिकामा प्रस्तुत गरेरै छाडे भने सिन्दुर नामक सिरियल निर्माण गरेकी प्रज्ञा जोशी पनि मुख्य भूमिका आफै निर्वाह गर्छिन् । प्रसारण भैरहेको अर्को सिरियल 'खुसी पलभरको' मा श्रीमान् निर्देशक तथा श्रीमती नायिका छिन् ।



आफ्नै मानिसलाई स्थान दिनु राम्रो होइन भनेर वहस गर्नुभन्दा पनि अनुबन्धित पात्रले चरित्रप्रति न्याय गर्न सकेका छन् कि छैनन् ध्यान दिन सक्ने हो भने राम्रो हुनसक्छ तर नेपाली सिरियलमा चरित्र मजबुत बनाउनेभन्दा आफ्नै मान्छेलाई हाइलाइट गर्ने प्रवृत्ति हाबी छ ।

# जल र कृतिको लगनगाँठो



नेपाली चलचित्रका अधिकांश अभिनेत्री बूढीकन्या छन् भन्ने चर्चा चलिरहेका बेला उनीहरू भटाभट लगनगाँठोमा बाँधिन थालेका छन् । दुई महिनाअघि अभिनेत्री सज्जा मैनाली लगनगाँठोमा बाँधिइन् भने अबको दुई महिनाभित्र अभिनेत्री जल शाह र कृति भट्टराई पनि सपनाको राजकुमारको घर भित्रिसक्नेछन् ।

केही महिनाअघि अमेरिका पलायन भएकी जल शाहले २१ वर्षअघिदेखि उतै बसोबास गर्दै आएका शरद रिमाललाई छानेकी छन् । चालीसवर्षे शरद अमेरिकाको उटाह स्टेटको सल्ट लेक सिटी स्थित निजी घरमा बसोबास गर्छन् । नेपालमा रहँदा धनी केटा खोज्दै हिँडेकी जलको सपना अमेरिका पुगेपछि साकार भएको छ । शरद पूर्व राजदूत तथा स्पोटलाइट पत्रिकाका सम्पादक माधवकुमार रिमालका कान्छा छोरा हुन् । शरदका भाइ हास्यकलाकार निर्मल शर्मा (सानिमाका छोरा) का अनुसार विवाहका निम्ति केटाका बाबुआमा गत सोमबार अमेरिकातर्फ लागेका छन् भने केटी (जल) की आमा साहित्यकार प्रेमा शाह दुई सातापछि मात्र अमेरिका प्रस्थान गर्ने छिन् । विवाह मार्च १५ सम्ममा हुने टुंगो भएको छ ।

त्यसैगरी इमेज च्यानलमा कार्यरत कृति भट्टराईले सहकर्मी रवि श्रेष्ठसँगको प्रेमलाई वैशाखमा विवाहमा परिणत गर्ने घोषणा गरेकी छिन् । पप गायक सञ्जय श्रेष्ठका गायक भाइ रवि एफ.एम. कार्यक्रम सञ्चालन गर्छन् । दुई अभिनेत्रीको एकमुस्ट तथा अन्तर्जातीय विवाहको समाचारले अरू अभिनेत्रीलाई पनि हौस्याउने हो कि ?



# अर्को भ्यालेन्टाइन जोडी

पायल शाक्य पूर्व मिसनेपाल हुन् भने सरुन ताम्राकार केही हिट गीत गाएर एकताका काउन्ट डाउनहरूको शीर्षमा रहेका कारण चर्चामा आएका गायक । आफ्नो केही महिनाको नेपाल बसाइका क्रममा सरुन गायकका रूपमा चर्चित मात्र भएनन्, प्रेमिकाका रूपमा पायललाई प्राप्त गर्न सफलसमेत भए । अस्ट्रेलियामा बसोबास गर्ने नेपाली परिवारका यी सदस्य केही महिनाको नेपाल बसाइपछि फेरि उतै लागे, तर यसपटक उनको साथ थिइन्– अध्ययन भिसामा पायल शाक्य पनि । नेपाल छँदै झाङ्गिएको



उनीहरूको प्रेममा अहिले फल लागिसकेको होला, त्यसकै संकेत दिन्छ- फुर्सद डटकमले यस पटक प्रस्तुत गरेको यो जोडीको तस्बिरले । सरुन र पायलको प्रेम साप्ताहिकले नै पहिलो पटक सार्वजनिक गरेको थियो, अब भ्यालेन्टाइन डेका अवसरमा फेरि एकसाथ सँगै देखिएपछि एउटा कुराको सम्भावना प्रबल भएको छ– पायल र सरुनले चाँडै विवाह भोज ख्वाउनेछन्, तर कहाँ काठमाडौंमा कि सिड्नीमा ?



नायिकाको हात सिर्जनामा : मह जोडीद्वारा निर्देशित चेतनामूलक टेलिसिरियल रेडलाइटको सुटिङका क्रममा नायिका उषा पौडेल लेकसाइडको खहरेमा गुन्द्री बुनिरहेकी महिलालाई सघाउँदै । सुटिङको पालो पर्खने क्रममा समय कटाउन उनले गुन्द्री बुन्ने महिलासँग गुन्द्रीका बारेमा जिज्ञासा राख्दै सघाएकी थिइन् । **तस्बिर : शिव शर्मा**

# मियाँ बिबी राजी



निर्देशक तथा आरजे/भीजे दिनेश डिसी एवं मोडल तथा नायिका/गायिका पूजा लामा दुवै बहुप्रतिभाका धनी छन्, त्यसैले उनीहरू दुवैले एकभन्दा बढी विधामा हात हालेका छन् र सफलता एवं चर्चा पनि पाइरहेका छन् । त्यसो त दिनेश र पूजा एक-अर्काबीचको सम्बन्धका कारण पनि चर्चा र विवादमा मुछिँदै आएका छन् । कहिले डान्स पार्टीहरूमा सँगै झुल्किएर त कहिले पूजाको आत्महत्याको असफल प्रयासको प्रकरणका कारण यी दुवैको सम्बन्ध सार्वजनिक हुँदै आएको छ । यो प्रसङ्गमा विवाहित दिनेशले एकल रहेकी पूजालाई आफ्नी प्रेमिका नभने पनि महिला मित्र भन्न भने हिचकिचाएका छैनन् । दिनेशसँगको सम्बन्धकै कारण पूजाले आत्महत्या गर्न गरेको प्रयास प्रकरणपछि सेलाएको उनीहरूको सम्बन्ध केही समययता फेरि गरमागरम भयो, जसको पछिल्लो उदाहरणस्वरूप देखा पर्‍यो ठीकठाक डटकममा उनीहरूको भ्यालेन्टाइन मुद्रा । यसअघि नै गल्फ कन्ट्रीको 'गरमागरम' भ्रमणका कारण चर्चामा आइसकेका दिनेश र पूजा ठीकठाक डटकमको भ्यालेन्टाइन जोडीका रूपमा आकर्षक देखिएको कुरालाई अस्वीकार गर्न सकिँदैन । त्यसो त पूजा र दिनेशको जोडीको प्रेम र टकराव अनि फेरि मिलनको कथामा अर्को एउटा कुरा पनि भन्न सकिन्छ– मियाँ बिबी राजी तो क्या गरेका काजी ?

# मोडलदेखि अभिनेतासम्म



एक दशकदेखि मोडलिङमा निरन्तर सक्रिय दिनेश शाहीले हालसम्म तीन दर्जन फेसन सो तथा प्रतियोगिताहरूमा सहभागिता जनाइसकेका छन् । आकर्षक शारीरका धनी दिनेशले प्रतियोगितामा सहभागिता मात्र होइन उपाधि पनि त्यत्तिकै हासिल गरेका छन् । मिस्टर राजधानी-२००५ शीर्ष उपाधी, वेष्ट फिजिक्स मिस्टर नेपाल-२००३ जितेका शाही हाल विभिन्न सौन्दर्य प्रतियोगिताको कोरियोग्राफरका रूपमा समेत कार्यरत छन् । दिनेशले मिस्टर नेपाल-२००६, मिस्टर एन्ड मिस ब्युटीफुल-२००५ मा कोरियोग्राफी गरिसकेका छन् । भर्खरै मात्र दिनेशले सुरेश पौड्यालको चलचित्र 'अधुरो प्रेम' मा अभिनेताका रूपमा अभिनय गर्ने मौका पाएका छन् । आफ्नै सक्रियतामा मिस्टर/मिस काठमाडौं-२००६ को आयोजना गर्ने तयारीमा रहेका दिनेशले आधा दर्जनभन्दा बढी म्युजिक भिडियोमा समेत अभिनय गरिसकेका छन् । २०३७ सालमा काठमाडौंको बल्खुमा जन्मिएका दिनेश पेसागत रूपमा ब्रोडर्स जिम सेन्टरमा प्रशिक्षक हुन् । राजेश हमाललाई आफ्नो आदर्श मान्ने दिनेश भविष्यमा सफल व्यक्तित्वका रूपमा परिचय स्थापित गर्ने चाहना राख्छन् ।

A-Level Tuition
(Science & Non Science)
Specialized Subject Teachers from Various Colleges

Contact: A - Level Center
Chakrapath
(Opp. Shankha Park)
Kathmandu
A-Level Complete Solution
Tel: 2142737 Mob: 9841267214

## गफै त हो

'दोधार' र 'मोहनी लाग्ला है' की सह-नायिका ज्योति शर्मा दुईवर्षे जापान बसाइपछि स्वदेश फर्किएकी छिन् । जापान जानुअघिकी बिचरी ज्योति उताबाट फर्किएपछि नानाथरीका कुरा सुनाएर हिंड्न थालेकी छिन् । उनी भन्छिन्- मलाई नेपाली ड्रेस लगाउन कहिल्यै आएन । बलिउडजस्तो इन्डस्ट्री सम्झिएर म नेपाली चलचित्रमा हामफालेकी थिएँ । जापानबाट फर्किएको यति समय भैसक्दा पनि अफर नआएका कारण अब उतै फर्कन्छु आदि ।

ज्योतिले जापान जानुअघि केही नेपाली टेलिचलचित्रमा समेत अभिनय गरिन् । ठूलो पर्दामा मौका नमिलेपछि सानो पर्दा र सानो पर्दामा समेत गन्तीमा नपरेपछि ज्योति जापान पलायन भएकी थिइन् । ज्योतिले बलिउडजस्तो सम्झिएर नेपाली चलचित्र खेल्न पुगें भन्नु भन्दा दिनहुँ ऐनामा अनुहार हेरेर नायिका हुन खोज्नु अझ ठूलो भ्रम हुन सक्छ । उनलाई हेरेर कसैले पनि नायिका भन्दैनन् । किनभने उनको व्यक्तित्व नै उनलाई नायिका बनाउन बाधक देखिन्छ । ज्योतिले 'नेपाली पहिरन लगाउन आउँदैन' जस्तो जोक भन्न छाड्नुपर्छ अनि मात्रै अफरको आशा गर्नु उपयुक्त हुन्छ ।

### ज्योतिको जोक



## केवल एक प्रश्न

**तपाईंले विदेश जाने मौका पाउनुभयो भने कुन ठाउँ वा राष्ट्र रोज्नुहुन्छ ? र किन ?**



ला... अमेरिका, जहाँ धेरै नेपाली छन्, कार्यक्रम धेरै गर्न पाइन्छ । पेसाले गायिका भएकाले आफ्नो कला देखाउन अमेरिका जाने इच्छा छ । अमेरिका संसारभरका मानिसको आकर्षणको केन्द्र हो, तर अमेरिकाबाहेक पनि धेरै नेपाली भएको ठाउँमा गएर कार्यक्रम देखाइरहन पाऊँ भन्ने इच्छा छ । प्रवासी नेपालीहरूसँग बसेर गफ गर्न पनि पाइन्छ नि त ।

**प्राश्ना शाक्य, गायिका**

अब इथियोपिया जाने इच्छा छ । युरोप, अमेरिका घुमिसकियो, संसारकै सबैभन्दा गरिब भनिएको अफ्रिकी राष्ट्र इथियोपिया गएर त्यहाँको जीवनशैली बुझ्ने इच्छा छ । कसरी बाँचिरहेका होलान् ? तपाईंलाई कस्तो लाग्छ ? गरिबीसँग संघर्ष गरिरहेका त्यहाँका जनतासँगै बसेर मलाई पनि जुझ्न मन लागेको छ ।

**आलोकश्री, संगीतकार**

ओ गड् ......कहाँ भन्ने ? समुद्री तट.... किनारमा घर होस्, मौसम पनि सधैं एकनास होस्, जाडोचाहिँ पटक्कै नहुने, बरु गर्मी अलि-अलि भए चल्छ अनि एउटा सुन्दर घर, साथमा परिवार... । यस्तै खालको ठाउँ त्यो जुन राष्ट्र पनि हुनसक्छ । जीवनभर त्यहीं रमाइरहन पाऊँ.... कस्तो लाग्यो हा हा हा...

**मालिभका सुब्बा, भिजे**

उत्तर अहिले दिने कि सोचेर ? अहिल्यै (संवाददाता) । ओहो, म त कुनै देश पनि जान्नँ, मलाई नेपाल नै प्यारो लाग्छ । अवसर आयो भने (फेरि संवाददाता) ? जानैपर्ने भयो भने बेल्जियम, त्यहाँ नेपालीहरूको बाहुल्यता बढ्दैछ । एउटा कुरा, संसारका प्रायः कतिपय राष्ट्रले नेपालीलाई इज्जत गर्दैनन्, तर त्यहाँ गरिन्छ । अहिले धेरै नेपाली त्यहींका नागरिक भएका छन् । अरूले लात मार्दा उसले इज्जत दिएकाले पनि मलाई त्यहाँ जाने इच्छा छ ।

**बद्री पंगेनी, लोकगायक**

बेलायत...., किनभने त्यो मेरो गड फादर डेभिडको ठाउँ हो । अनि त्यसैगरी विश्वकै प्रसिद्ध हेयर डिजाइनर टोनी एन्ड गाइज पनि त्यहीं हुनुहुन्छ । तर उहाँसँग सीप सिकेर म फेरि नेपाल फर्किन चाहन्छु । मेरा लागि आफ्नै आँगन प्यारो छ ।

**नील डेभिड, हेयर डिजाइनर**

# समुद्रपारि पनि चम्किँदै नेपाली मोडल



पोखरा- यता ब्युटीकन्टेस्ट, उता फेसन सो, विदेशमा पनि नेपाली युवतीहरूको दौडादौड त्यत्तिकै छ । १७ वर्षीया सब्रिना हङकङमा भए पनि मोडलिङ र फेसनमा जमेकी छिन् । हङकङमा हुने ब्युटीकन्टेस्ट, फेसन सो तथा म्युजिक भिडियोहरूमा उनको उपस्थिति बाक्लै छ । सब्रिना मिस ट्यालेन्ट हन्ट हङकङ– २००६ की सेकेन्ड रनर-अप पनि हुन ।

हङकङमा रहेका नेपालीहरूले निर्माण गरेको भिडियो चलचित्र खोजकी नायिका सब्रिना विदेशमा रहेर पनि मोडलिङबाटै नाम कमाउँदा दंग छिन् । बिजनेस कमर्समा प्लस टु उत्तीर्ण सब्रिनाले इन्टरनेट कुराकानीका क्रममा भनिन्- 'विदेशमा मोडलका रूपमा नाम कमाउँदा हर्ष लागेको छ ।' राम्रो शारीरक बनावट तथा उचाइले उनलाई मोडलिङमा लाग्न प्रेरणाको काम गरेको छ । जहाँ नेपालीहरू बस्छन् त्यहाँ सौन्दर्यसम्बन्धी कार्यक्रमहरू पनि उत्तिकै हुने गरेका छन् । केहीले विभिन्न पेसा-व्यवसाय अँगाल्दै यो क्षेत्रलाई पनि सँगै लिएर अघि बढेका छन् त कोहीचाहिँ आफ्नो मुख्य यसैलाई व्यवसाय बनाएर हिँडेका छन् ।

बेलायतमा रहेर मोडलिङमा चम्किएकी पोखरेली युवती हुन्– एलिना गुरुङ । दुई वर्षअघि बेलायतमा सम्पन्न मिस डोबर ब्युटिकन्टेस्टमा सहभागी भएर उपाधि नै हात पारेपछि उनको भाग्य चम्किएको हो, जुन प्रतियोगितामा उनले बेलायती युवतीहरूलाई पछि पारेकी थिइन् ।

बेलायतमै उनले आधा दर्जनभन्दा बढी र्‍याम्पमा क्याटवाक गरिसकेकी छिन् । अधिंकाश नेपाली युवती विदेशमा अध्ययन गर्न जाने भनेको डाक्टर, पाइलट, इन्जिनियरका लागि हो तर एलिनाको जीवनमा उक्त कुरा लागू हुँदैन । नृत्य तथा अभिनय अध्ययन गरिरहेकी यी सुन्दरीले केही समयपहिले पोखरा आउँदा साप्ताहिकसँग कुराकानी गर्दै भनेकी थिइन्- 'डाक्टर पढ्ने चाहनालाई तिलाञ्जली दिएर यो क्षेत्र अध्ययन गरिरहेकी छु । लाहुरे बाबुकी छोरी एलिनालाई सानैदेखि ग्ल्यामरको फिल्ड नै मन पर्‍यो । त्यही भएर उनले विदेशमा अध्ययन पूरा गरेर नेपालमै यो क्षेत्रमा केही गर्ने योजना पनि बनाएकी छिन् । यस्तै बेलायतमै रंगीन संसारमा जमेकी छिन् पोखराकै निशा रञ्जित । बेलायतमै सम्पन्न सौन्दर्य प्रतियोगितामा फेस अफ द इयरका लागि छनौट भएपछि उनको भाग्य चम्किएको छ । २१ वर्षीया रञ्जितको जीवनको पहिलो रोजाइ नै मोडलिङ हो ।

यो मामिलामा सपनाको सहर हङकङ एक कदम अगाडि छ । सन् १९९८ मा मिस नेपाल हङकङको चहपहलसँगै हङकङमा ब्युटीकन्टेस्ट र फेसनसम्बन्धी प्रतियोगिताहरू फस्टाएको हो, गत वर्षकी मिस ट्यालेन्ट हन्ट हङकङकी विजेता वसन्ती पुनले भनिन्- हङकङमा मोडलिङमा लाग्ने युवतीहरूको उपस्थिति राम्रो छ । मोडलिङ तथा फेसनसम्बन्धी इभेन्टहरू बारम्बार आयोजना हुन थालेपछि त्यहाँ मोडलिङ फस्टाएको हो ।



पूर्व मिस नेपाल हङकङ ममिता गुरुङ अहिले यही क्षेत्रलाई निरन्तरता दिइरहेकी छिन् ।

हङकङमा मोडलिङको गतिविधि केही वर्षयता ह्वात्तै बढेको छ । त्यहाँका व्यापारिक संस्थाहरूले सौन्दर्य प्रतियोगिताहरूमा प्रायोजक बनेर सहयोग गर्न थालेपछि नेपाली युवायुवतीहरू कार्यक्रम गर्न हौसिएका छन् । हङकङबाटै सञ्चालित नेपाली वेबसाइट एचके नेपाल डटकमले मोडलिङमा लाग्नेहरूलाई ठाउँ दिइरहेको छ । एचके नेपालले फोटोसेसनदेखि मोडलिङसम्बन्धी गतिविधिहरू वेबसाइटमा समावेश गर्दै आएको छ । जुन काममा वेभसञ्चालक तथा सम्पादक पशन तमु खटिएका छन् ।

जगत् अम्बु गुरुङ, राजीव राई, मातृदीप राई तथा राजीव राई हङकङमा मोडलहरूको फोटोसेसन गराएर चर्चा पाएका फोटोग्राफर हुन् । पुर्णिमा गुरुङ, पूजा सुब्बा, दीप्ति थापा, अनिशा लिम्बू, अञ्जना राई, एलिना घलेले हङकङको मोडलिङमा राम्रो नाम कमाएका छन् । मिस नेपाल हङकङको उपाधि चुमेका केही सुन्दरीले यो क्षेत्रलाई निरन्तरता दिइरहेका छन् भने कोही मोडलिङबाट टाढा भएका छन् । पहिलो मिस नेपाल हङकङ जूनु पुन यो क्षेत्रलाई चटक्कै छाडेर समाजसेवामा लागेकी छिन् । बर्सेनि हुने मिस नेपाल हङकङ गत वर्ष भने हुन सकेन । त्यसको विकल्पका रूपमा मिस ट्यालेन्ट हन्टले सौन्दर्य प्रतियोगिताको बिँडो थाम्ने काम गर्‍यो । मोडलिङप्रति नेपाली युवतीहरूको जाँगर देखेपछि मिस नेपाल हङकङका आयोजक कुमार सुब्बा अब प्रतियोगितालाई निरन्तरता दिने सुरमा छन् ।

**शिव शर्मा**

**तस्बिर : एचकेनेपाल डटकम**





# लभगुरू रेखा



पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं । आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनुहोस् । ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय–सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ । यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन । आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला ।

**प्रश्न : म २४ वर्षीया विवाहित महिला हुँ । हाम्रो घर तराईमा छ । हाल हामी काठमाडौंमा डेरा गरी बस्दै आएका छौं । अहिले डेरामा बस्न थालेको तीन–चार महिना मात्र हुँदैछ । म आकर्षक देखिन्छु, सायद त्यसैले होला घरधनी मप्रति मोहित देखिन्छ । ऊ मभन्दा छ–सात वर्ष जेठो छ र उसका श्रीमती तथा छोराछोरी पनि घरमै छन् । उ प्रत्येक दिन श्रीमान् घरमा नभएको मौका पारी कुनै न कुनै बहाना गरेर हाम्रो फ्ल्याटमा आउँछ । मलाई उसको यस्तो व्यवहार मन पर्दैन । हुँदाहुँदा ऊ श्रीमान भएकै मौकामा हाम्रो बैठकमा आएर उहाँसँग गफ गरेर घन्टौं बिताउँछ । उसले मुखले केही नभने पनि व्यवहारले धेरै कुरा भनिसकेको छ । यस्तो स्थितिमा मैले के गर्नुपर्ला ? म उहाँप्रति समर्पित छु ।**

**–कविता**

उत्तर : आफ्नो श्रीमान्प्रति प्रतिबद्धता रहँदारहँदै, उसको व्यवहार मन नपर्दा-नपर्दै तथा उसको पारिवारिक स्थितिबाट परिचित हुँदाहुँदै पनि तपाईं नजानिँदो किसिमको आकर्षणमा परेको कुरा पत्रमा झल्कन्छ । यस्तो आकर्षणको सामाजिक, आर्थिक, मनोवैज्ञानिक एवं भौतिक शारीरिक आदि अनेक कारण हुन सक्छन् र यस्तो आकर्षण व्यक्त पनि हुँदैन । मानिसको जीवनमा कैयन् अवसरमा यस्ता परिस्थिति उत्पन्न हुन सक्छन् । तपाईंका लागि यो तनाव र जन्जालबाट मुक्त हुने सबैभन्दा सरल उपाय डेरा सर्नु नै हो । त्यसभन्दा अघि परिस्थिति आफ्नो काबुमा रहन्छ भने तपाइंले उसको वास्ता नगरेर पनि स्थिति सम्हाल्न सक्नुहुन्छ । तपाईंलाई आफ्नो श्रीमान्प्रति भरोसा एवं विश्वास छ भने आफ्नो समस्या उहाँलाई सुनाएर त्यसको हल खोज्नुहोस । यदि श्रीमान्लाई यी कुरा भन्न चाहनुहुन्न र उसको त्यस्तो व्यवहार बढ्दो क्रममा रह्यो भने श्रीमान्लाई कुनै बहाना देखाएर डेरा सर्नु नै उत्तम उपाय हो । यसले तपाईंका तर्फबाट ऊप्रति रहेको अप्रत्यक्ष आकर्षण पनि समाप्त हुन्छ र तपाईंले ऊ तथा उसको व्यवहारलाई त्यसै झेलिरहनु पर्दैन ।


## नारीको फागुन अंक बजारमा उपलब्ध छ






# फिल्मी खबर

-सुमन फिल्म्सको ब्यानरमा निर्माण भैरहेको चलचित्र 'तिम्रो सम्भनामा' निर्माणको अन्तिम चरणमा पुगेको छ । सुमन सरकारको लेखन, निर्देशन तथा छायाङ्कनमा निर्माण भैरहेको उक्त चलचित्रमा नायिका मीरा केसीको दोहोरो भूमिका छ । सुन्दर श्रेष्ठ, आकाश शाह, सुरज आरडी, मदनदास श्रेष्ठ, माया प्रधान, ध्रुव कोइराला आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेको उक्त चलचित्रमा गायक धीरज राईले पनि अभिनय गरेका छन् । चलचित्रमा लक्ष्मण शेषले संगीत दिएका छन् ।

-पूर्व मिस्टर नेपाल जीवन लुइँटेललाई नायकको भूमिकामा अभिनय गराइएको चलचित्र 'घातक' प्रदर्शनको सँघारमा पुगेको छ । निर्देशक रामजी लामिछानेको निर्देशन रहेको उक्त चलचित्रमा पूर्व मिस्टर नेपालका साथै रमित ढुंगाना, रवि बस्नेत, जयकिशन बस्नेत, गरिमा पन्त, नन्दिता केसी, प्रेरणा शर्मा, शंकर घिमिरे, विजय देउजा आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन् । खेलाडी बन्ने लक्ष्य बोकेका युवाहरूको विषयमा बनेको



चलचित्र 'घातक' दिनेश न्यौपानेको लेखन तथा लक्ष्मण शेषको संगीतमा निर्माण भएको हो ।

-नाटककार बालकृष्ण समको नाटक 'बोक्सी'लाई अब चलचित्रको पर्दामा हेर्न पाइनेछ । आवर स्टुडियोको ब्यानरमा निर्माण भैरहेको उक्त चलचित्रको शीर्षक पनि 'बोक्सी' नै राखिएको छ । हाल छायाँङ्कनको अन्तिम चरणमा पुगेको उक्त चलचित्रका निर्माता संगीतकार लक्ष्मण शेष हुन् । शुभेच्छा थापा, राज आचार्य, रामकृष्ण बजगाईं, शंकर लामिछाने आदि कलाकारले अभिनय गरिरहेको चलचित्र बोक्सीको छायांकन दीपक बज्राचार्यले काठमाडौं उपत्यकाको गोदावरी क्षेत्रमा गरिरहेका छन्। फरक धारको चलचित्रका रूपमा प्रस्तुत हुने यो चलचित्रका निर्देशक गोपाल चन्द हुन् भने पटकथा अविनाश श्रेष्ठले लेखेका हुन् ।

-वर्षौंदेखि चलचित्रको पर्दामा खलनायकको भूमिकामा देखा परिरहेका नरेन्द्र थापा आफ्नै निर्माणमा चलचित्र निर्देशन गर्ने तयारीमा छन् । विदेश जाने युवापुस्ताको चाहना र बिदेसिएपछिको अप्ठेरोलाई बेग्लै ढंगबाट प्रस्तुत गरिएको चलचित्र 'देश परदेश'को निर्देशन तथा निर्माण थापाले गर्ने भएका हुन् । दिलीप रायमाझी, निखिल उप्रेती, अरुणिमा लम्साल आदि कलाकारले अभिनय गर्ने उक्त चलचित्रमा शम्भुजित बास्कोटाको संगीतमा गीत रेकर्डिङ भैरहेको छ ।

## भिन्न किसिमको डान्स पार्टी



विराटनगर- एउटा फरक किसिमको डान्स पार्टी, जहाँ बालक, किशोर, युवा र वृद्ध सबै खाले मानिस सहभागी थिए । सबैको उद्देश्य एउटै थियो– नाच्नु र रमाउनु । गत शनिबार विराटनगर हाटखोलास्थित हरियाली पार्कमा भएको डान्स पार्टी यस्तै थियो । त्यहाँ बालबालिका, किशोरकिशोरी, युवायुवती एवं वृद्धवृद्धा सबै खाले मानिस नाचे ।

हरियाली पार्कले भ्यालेन्टाइन डेमा डान्स पार्टीको आयोजना गर्न एक महिनाअघिदेखि तयारी गरेको भए पनि वर्षाका कारण कार्यक्रम तीन दिन यता सरेको थियो । 'डान्स पार्टी सार्नुपरेकाले मानिस आउँदैनन् भन्ने लागेको थियो तर कार्यक्रम भव्य भयो,' आयोजक बब्लु अन्सारीले भने । रमणीय स्थलमा नृत्य गर्न पाएकोमा युवायुवतीहरू निकै रमाएका थिए ।

विराटनगर उपमहानगरपालिकाले सुकुम्बासी बस्ती हटाएर निर्माण गरेको हरियाली पार्कको मध्यभागमा रहेको चाइनिज दूबोको चौरलाई डान्स फ्लोर बनाइएको थियो । बाक्लो दूबो भएकाले नाच्दानाच्दै थाक्नेहरू थचक्क बस्थे त कोही त्यहीं सुतिदिन्थे । चार घण्टाको अवधिमा ५ सय जना सहभागी भएको उक्त पार्टीमा ६० वटा गीत बजाइएको थियो । नेपाली, हिन्दी र अंग्रेजी गरी सबै खाले गीतमा सहभागीलाई नचाइएको थियो ।

**–कमल रिमाल**

## पोखरामा कन्सर्ट धुम



पोखरा– मुटु कमाउने मौसम । बेलुकीपखको वातावरण चिसोले ठिहिराइरहेको थियो । नयाँबजारको प्रदर्शनी केन्द्रको खुला आकाशमुनि आकर्षक ढंगले सजाइएको मञ्च वरपर स्टाइलिस्ट तन्नेरीहरूको झुन्ड बाक्लिसकेको थियो । गत साता गोर्खाली मिडिया प्रा.लि.ले आयोजना गरेको राष्ट्रिय स्तरका पपका हस्तीहरूको अपूर्व जमघटसहितको मेघा लाइभ कन्सर्टले भिन्दै खालको रौनक ल्यायो ।

यति चिसो रातमा पनि खुला आकाशमुनि कठ्याङ्ग्रिँदो जाडोको बेवास्ता गर्दै युवायुवतीहरू कन्सर्टको प्रतीक्षामा थिए । त्यही क्रममा देखा परे गायक शक्ति लामा । पहिलो पटक पोखराको मञ्चमा प्रस्तुत भएका राजधानीका यी तन्नेरी गायकले पोखरेली दर्शकको अपार साथ पाए । बिस्तारै-बिस्तारै साँझ ढल्कँदै गएको थियो, कन्सर्टको वातावरण पनि जम्न थाल्यो ।

अविनाश घिसिङको लासाको चिसोमा दर्शक तातिहाले । तातिएका दर्शकलाई अझै मच्चाउन घिसिङ हौसिए । उनले कलकत्ते काइँयो गाउँदा तन्नेरीहरूमा कन्सर्टको रंग चढ्यो । त्यसपछि दर्शकलाई जुरुक-जुरुक पार्न आइपुगिन् गायिका सिनी गुरुङ । सिनी गुरुङलाई पोखराको ब्यान्ड ड्यामेज गिलटर्सले साथ दिएको थियो ।

पोखराकै चर्चित रक ब्यान्ड रकले पनि उफार्‍यो आफ्ना घरेलु दर्शकलाई । पहिलो पटक पोखराका दर्शकमाझ प्रस्तुत भएको राजधानीको रक ब्यान्ड माउन्ट एभरेस्ट एटीएट फोटीएटले पनि थप मनोरञ्जन दियो । लामो समयदेखि स्टेजअगाडि तन्नेरी दर्शकहरू पर्खेर बसेका थिए सविना राईको गीत सुन्न, तर सविन भने कार्यक्रमको अन्त्यमा दर्शकसामु प्रकट भए । सविनले सबैलाई नचाइहाले । उनले आफ्ना चर्चित गीत गाएपछि रात अझ रंगीन भयो । उनले दर्शकको वन्स मोर पनि पाए । सविन राईको गीतसँगै रातको ९ बजे कन्सर्टको धुम सकिएको थियो ।

**तस्बिर : विशाल तुलाचन**

## मज्जा माउन्टेन बाइक रेसको

नुवाकोट– काठमाडौंको वसन्तपुर दरबार क्षेत्रदेखि नुवकोटको साततले दरबारक्षेत्रसम्म माउन्टेन बाइकिङका लागि रुट तय गरिएको छ । यो रुटमा पहिलो पटक माउन्टेन बाइकिङ प्रतियोगितासमेत सम्पन्न भएको छ । ओजार्क गियरको प्रयोजनमा एक्सप्लोर हिमालय ट्राभलले आयोजना गरेको फस्ट ओजार्क माउन्टेन बाइकिङ च्याम्पियनसिप प्रतियोगितामा पदम साबेनहाङ च्याम्पियन भएका छन् । पदमले ४६ दशमलव ८ किलोमिटिर दूरी २ घण्टा २६ मिनेटमा पार गरेर प्रथम भएका हुन्

द्वितीय हुने सुरेशकुमार दुलालले उक्त दूरी २ घण्टा ३१ मिनेटमा पार गरेका थिए । त्यस्तै तृतीय हुने अजय पण्डित क्षेत्रीले उक्त दूरी २ घण्ट ३६ मिनेटमा पार गरेका थिए । प्रतियोगितामा १ अपाङ्ग र सात विदेशी सहित १ सय ३ जनाको सहभागिता थियो । प्रथम, द्वितीय र तृतीय हुनेहरूले क्रमश २५, १५ र १० हजार रुपैयाँ नगद, ट्रफी तथा प्रमाणपत्र हात पारेका छन् । वसन्तपुरबाट सुरु हुने यो रुट बूढानीलकण्ठ, गोल्फुभन्ज्याङ, छहरे, थानसिङफाँट सेरा तथा खानीगाउँ हुँदै सातत‌ले दरबारसम्म कायम गरिएको छ । यो रुटमा माउटेन बाइकिङका लागि उपयुक्त र मनोरम प्राकृतिक दृश्यहरूको आनन्दसमेत लिन पाइने सहभागीहरूले बताएका छन् ।

## घन्कियो खुलामञ्च



**साप्ताहिक समाचार**

काठमाडौं– प्रायः राजनैतिक सभा-सम्मेलनहरूको आयोजना भैरहने खुलामञ्चमा शनिबार बेग्लै खालका दर्शक देखिए । त्यहाँ न त कुनै नाराबाजी भैरहेको थियो, न त कुनै भाषण नै । ग्रामी एवार्डबाट विभूषित अमेरिकाको संगीत समूह ओजोम्याट्ली तथा नेपाली युवा दर्शकहरूमाझ लोकप्रिय संगीत समूह रविन एन्ड द न्यु रिभुलेसन भर्खरै हिमपात भएर चिस्सिएको काठमाडौंको वातावरणलाई तताउने सुरमा थिए । ५५ हजार वाटको साउन्ड सिस्टम र वृहद स्टेजमा आधुनिक बाजागाजासहित पूर्ण जोसका साथ तम्तयार स्वदेशी तथा विदेशी संगीतकर्मीहरूको भीड । साउन्ड सिस्टम जाँच्न गिटार अथवा ड्रम बज्नेबित्तिकै उभिएका हजारौं दर्शक चिच्याउन थालिहाल्थे ।

कान्तिपुर एफ.एम.का उद्घोषक आशिष र प्रशान्तले दर्शकहरूलाई उत्साहित तुल्याउँदै थिए । रविन एन्ड द न्यु रिभुलेसनले निर्धारित समयमा 'नेपाल मेरो' गीत गाएर कार्यक्रमको शुभारम्भ गरे । एक दर्जनजति गीतले खुलमञ्च घन्काएपछि ओजोम्याट्ली समूहका नौ जना सदस्यले विभिन्न गीत सुनाउन थाले । गीत गाउँदागाउँदै उनीहरू पटक-पटक नेपाली भाषामा 'हामी लसएञ्जल्सबाट आएको', 'ठीक छ ?' भन्दै रमाइलो गरिरहेका हुन्थे । 'थरीथरी बाजा एउटै ताल, मिलेर बनाऔं सुनौलो नेपाल' नाराका साथ भोग एडभर्टाइजिङ एन्ड इभेन्ट म्यानेज्मेन्टले व्यवस्थापन गरेको उक्त कार्यक्रममा निःशुल्क प्रवेशको व्यवस्था थियो । त्यसैले पनि दर्शकहरू कार्यक्रममा रमाइलो गर्न ओइरिएका थिए ।



## चलचित्र

### हनिमुन ट्राभल्स प्राइभेट लिमिटेड

बलिउड चलचित्र उद्योगमा आज एउटा नयाँ नामको चलचित्र सार्वजनिक हुँदैछ। नाम नै हनिमुन ट्राभल्स प्राइभेट लिमिटेड राखिएको यो चलचित्र हेरेर दर्शकले पर्याप्त मनोरञ्जन लिन सक्नेछन्। एक्सल फिल्म्सको ब्यानरमा निर्मित यो चलचित्रलाई रिमा कार्गतीले निर्देशन गरेकी हुन् भने फरहान अख्तर तथा रितेश सिध्वानीले निर्माण गरेका हुन्। दुई घन्टा लामो यो चलचित्रमा अभय देओल, मिनिशा लाम्बा, सबाना आजमी, बोमन इरानी, केके मेनन, रैमा सेन, अमिशा पटेल, करण खन्ना, सन्ध्या मृदुल, विक्रम चटवाल, रणवीर सोरे, दिया मिर्जा, अर्जुन रामपाल, नसरुद्धिन साह आदिको अभिनय हेर्न पाइन्छ। भारतको गोआ लगायत विभिन्न स्थानमा छायाङ्कन गरिएको यो चलचित्रका गीत जावेद अख्तरले लेखेका हुन्। चलचित्रमा बोमन इरानी तथा सबाना आजमीबीच उमेर ढल्किएपछि विवाह भएको हुन्छ। यही कारणले समाजले उडाए पनि उनीहरू त्यसलाई मतलब गर्दैनन्। जीवन बिताउने क्रममा थुप्रै दुःख बेहोरे पनि उनीहरू सुन्दर भविष्यको खोजीमा हुन्छन्। त्यसैगरी केके मेनन र रैमा सेन, अमिशा पटेल र करण खन्ना, सन्ध्या मृदुल र विक्रम चटवाल, रणवीर सोरे र दिया मिर्जा, अभय देओल र मिनिशा लाम्बाका जोडीको पनि आफ्नै मूल्य-मान्यता हुन्छ। पूर्णतः पारिवारिक मनोरञ्जन दिलाउने उद्देश्यले निर्माण भएको यो चलचित्रमा सबै जोडी गोवाको प्याकेज भ्रमणमा गएका हुन्छन्। भ्रमणका क्रममा एक रहस्यमय व्यक्तिले उनीहरूको पिछा गरिरहेको हुन्छ। त्यो मानिस को हुन्छ, चलचित्र हेरेपछि मात्र दर्शकले थाहा पाउनेछन्।

### द एस्ट्रोनट फार्मर

हलिउड चलचित्र उद्योगमा आज चलचित्र द एस्ट्रोनट फार्मर सार्वजनिक हुँदैछ। अमेरिकामा निर्माण भएको यो चलचित्रमा अन्तरिक्ष यात्रा तथा अन्तरिक्ष यात्रीहरूको कथालाई आधार बनाइएको छ। अत्यधिक खर्च गरिएको यो चलचित्रलाई गेयर कोसिन्स्की, रोबर्ट बेन्जामिन एवं पाउला वेन्स्टेनले निर्माण गरेका हुन् भने निर्देशन माइकल पोलिसको छ। हास्यचलचित्र द एस्ट्रोनट फार्मरमा अन्तरिक्ष यात्री बिल्ली बब थोर्नटोनलाई उनको पारिवारिक खेती प्रणालीलाई निरन्तरता दिने मानिस नभएको कारण देखाउँदै नासा छोड्न दबाब दिइन्छ तर बब आफ्नै स्रोत-साधन प्रयोग गरेर त्यो सपना पूरा गर्ने निर्णयमा पुग्छन्। उनको यो अभियानलाई छिमेकीहरूले अनौठो काम भनेर अनुगमन गर्छन् भने मिडियाले स्कुप स्टोरी भनेर नजिकबाट नियाल्छ। एउटा व्यक्तिको साहस भएकाले पनि समाचार संस्था प्रतिनिधि हरबखत उनको वरिपरि हुन्छन्। त्यसैगरी सरकारले सर्तकता अपनाउँदै चेतावनीका साथ उनको अभियानलाई हेर्छ। सबै बाधा-व्यवधानका बीच बब आफ्नो अभियानलाई निरन्तरता दिन्छन्। न्यु मेक्सिको अमेरिकामा छायाङ्कन गरिएको यो चलचित्र १ घन्टा ४५ मिनेट लामो छ।

## कस्ता होलान् काठमाडौंका सुन्दर-सुन्दरी



**साप्ताहिक समाचार**

काठमाडौं-मोडलिङ् क्षेत्र तथा यसका गतिविधिहरूमा छाएको सुस्ततामा गति आउन थालेको छ। मिस नेपालको आयोजनाको घोषणा, म्यानहन्ट इन्टरनेसनलमा नेपालका चन्दन अग्रवालले मिस्टर पर्सनालिटीको उपाधि जित्नुजस्ता समाचारले आजभोलि अखबारका पाना रंगीन हुन थालेका छन्। मिस नेपालको आयोजना हुनुअघि र पछिका मितिहरूमा झन्डै आधा दर्जन मोडलिङ तथा सौन्दर्य प्रतियोगिताको आयोजना हुने तयारी भैरहेको छ। त्यही क्रममा एक्सपोज नेपाल डटकमले आउँदो फागुन २६ गते राजधानीको वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा १५-१५ जना पुरुष तथा महिला मोडलबीच एक प्रतिस्पर्धाको आयोजना गर्दैछ।

दर्शन शाहीको आयोजना, दिनेश शाहीको संयोजन, दिनेश खड्काको व्यवस्थापन तथा सबिन श्रेष्ठको कोरियोग्राफीमा आयोजना हुन गैरहेको उक्त मोडलिङ प्रतिस्पर्धा 'मिस्टर एन्ड मिस काठमाडौं'का विजेताहरूले क्रमशः ५०-५० हजार रुपैयाँ पुरस्कार पाउनेछन्। हाल प्रशिक्षणका क्रममा रहेका प्रतियोगी मोडलहरूले हालै पशुपति वृद्धाश्रमका वृद्धवृद्धाहरूलाई खाजा ख्वाएका छन्। कार्यक्रममा विजेताका अतिरिक्त दुई रनरअप तथा बेस्ट ड्रेस, क्याटवाक, ट्यालेन्ट, पर्फमेन्स, ट्यालेन्ट तथा फिगर विधामा पनि पुरस्कार प्रदान गरिनेछ।

## सानो पर्दा



-कान्तिपुर टेलिभिजनको चर्चित कार्यक्रम 'द पवनकली सो'मा कार्यक्रम सञ्चालिका परिवर्तन भैरहने उक्त कार्यक्रमका निर्माता प्रदीप कसपालले बताएका छन्। सुरुमा लुनिभा तुलाधर त्यसपछि तारा कँडेलद्वारा सञ्चालन हुने गरेको उक्त कार्यक्रम हाल माम्पी घोषले सञ्चालन गरिरहेकी छिन्। कार्यक्रम लोकप्रिय भएकाले सञ्चालिका परिवर्तन गरेर पनि दर्शकहरूको माग पूरा गरिएको कसपालले बताए। हाल उक्त कार्यक्रम हरेक शनिबार बेलुकी साढे सात बजे प्रसारण हुने गरेको छ।

-इमेज च्यानलबाट प्रसारण हुने कार्यक्रम 'लाइफ स्टाइल' को रूपरेखा पूर्ण परिवर्तन गरिएको छ। महिमा भट्टराई तथा दीपाञ्जलीले संयुक्त रूपमा सञ्चालन गर्ने उक्त कार्यक्रमको नयाँ स्वरूपमा आसिफ भीजेका रूपमा देखापर्छन्। घर परिवार, घरेलु टिप्स आदिका बारेमा महिलाहरूका लागि उपयोगी कार्यक्रमका रूपमा प्रसारण गरिने उक्त कार्यक्रममा अब आधुनिक जीवनशैलीसँग गाँसिएका सामग्री तथा क्यारियर निर्माणका अवसरहरूका बारेमा जानकारी दिइनेछ। कार्यक्रमका सञ्चालक आसिफका अनुसार कार्यक्रममा मोटरसाइकल, मोबाइल, ह्यान्डीक्याम्प, पहिरन आदिका बारेमा जानकारी दिने तथा ह्याङआउट, डेटिङलगायत फोटोग्राफी, डिजेइङ, उदघोषण कला आदि विधामा क्यारियर निर्माण गर्ने बाटो देखाउने काम गरिनेछ। कार्यक्रम 'लाइफ स्टाइल' हरेक सोमबार राती ८:३० बजे प्रसारण हुने गरेको छ।

-इमेज च्यानलबाट हालैदेखि नेपाली चलचित्रहरूसँग सम्बन्धित नौलो कार्यक्रम 'उडमान्डु' को प्रसारण आरम्भ भएको छ। हरेक शनिबार राती साढे आठ बजे प्रसारण हुने उक्त कार्यक्रममा चलचित्रका गतिविधिहरू, गीत आदि प्रस्तुत गरिन्छ तर प्रस्तोताको स्वर मात्र सुनिन्छ। सोमबार दिउँसो साढे दुई बजे पुनःप्रसारण हुने उक्त कार्यक्रमका निर्माता तथा प्रस्तोता सुरेश दर्पण पोखरेल हुन्।

-अभिनेता दीपक त्रिपाठी हाल निर्माण तथा प्रसारण भैरहेका सामाजिक टेलिश्रृंखलाहरूमा सबैभन्दा व्यस्त मानिएका छन्। हाल उनी नेपाल वान टेलिभिजनबाट प्रसारण भैरहेको दैनिक टेलिश्रृंखला 'कसलाई आफ्नो भनूँ,' नेपाल टेलिभिजनबाट 'खुसी पलभरको' तथा 'करुणा' मा निरन्तर देखिरहेकै बेला थप दुई टेलिश्रृंखला 'सिन्दुर' र 'पथभ्रष्ट' मा पनि उनको अभिनय हेर्न पाइन्छ। हाल एकपछि अर्को टेलिश्रृंखलामा उनको माग र व्यस्तता देखेर टेलिचलचित्रकर्मीहरूले उनलाई 'सानोपर्दाका राजेश हमाल' पनि भन्न थालेका छन्।

## शिवरात्रीमा ताण्डव भएन


**साप्ताहिक समाचार**

काठमाडौं- काका दिव्सन तथा भतिजा विक्रमले एउटा इभेन्ट कम्पनी खोले र नाम राखे- 'अंकल एन्ड नेफ्यु'। शिवरात्रीका दिन दिउँसो यी दुवै काका-भतिजाले महेन्द्र पुलिस क्लबको पौडीपोखरीछेउ एउटा डान्स पार्टीको आयोजना गरे र पार्टीको शीर्षक राखे- 'महाशिवरात्री डान्स विद लर्ड शिव'। आगन्तुकहरूलाई उनीहरूले भगवान् शिवको प्रिय भाङको लड्डुले स्वागत गरे। यद्यपि पार्टीस्थलमा बियर र ह्विस्कीको आनन्द लिन पाइने व्यवस्था त छँदै थियो। त्यो दिन दिनभरि बादल लाग्यो र साँझपख पानी पनि पर्‍यो, तर पनि झन्डै ४ सय युवायुवती नाच्न तम्तयार भएर पार्टीस्थलमा पुगेका थिए। काका दिव्सन भन्दै थिए- 'एक जनालाई भगवान् शिवको गेटअप दिएर ताण्डव गराउने योजना थियो, तर अन्तिम समयमा व्यवस्था गर्न सकिएन।' तीन बजे प्रारम्भ भएको उक्त पार्टी साँझको लोडसेडिङले केही बेर बिथोलियो, तर त्यसपछि डिजे उमेशले रातको १० बजेसम्म विभिन्न हिन्दी तथा नेपाली रिमिक्सहरू बजाएर पार्टीमा सबैलाई



नचाए। आयोजकले साप्ताहिकसँगको भेटमा एउटा महत्त्वपूर्ण कुरा भने- 'अंग्रेजी पर्वका बेला यहाँ सयौं कार्यक्रम हुन्छन्, तर हाम्रो आफ्नै चाडपर्वमा पनि यस्ता कार्यक्रम गर्न सकिन्छ भनेर उदाहरण देखाउने प्रयत्न गरेका हौं।'

## च्याङ्बा र मैच्याङको ताल



धरान– डिजे राजुको रिमिक्स गीत 'च्याङ्बा ओई च्याङ्बा'ले दुई वर्षयता खुबै चर्चा पायो। एफएम तथा टेलिभिजन च्यानलहरूमा यो गीत छाइरह्यो। गीतका च्याङ्बा क्रान्ति आले र मैच्याङ मौसमी गुरुङले जत्तिकै रिमिक्सकर्ता डिजे राजु पनि चर्चामा रहे। नयाँ-नयाँ संगीत र नृत्यको स्वाद चाख्न अग्रणी धरानेहरूले यसपालिको भ्यालेन्टाइन डेमा मात्रै च्याङ्बा र मैच्याङका रूपमा डिजे राजुको तालमा डान्स गर्नेअवसर पाए।

साउने झरीजस्तै फागुनमा परेको चिसो वर्षात् झेल्दै धरानवासीहरू प्रणय दिवसमा साँच्चिकै च्याङ्बा र मैच्याङ देखिएका थिए। लगातार दुई दिनदेखिको झरी एकैछिन मात्र के रोकिएको थियो, गल्फ खेल्ने घाँसेमैदानमा पार्टी चराचरीहरू कम्मर मर्काउँदै उफ्री-उफ्री शरीर तताउँदै नाच्न थालिहाले।

थर्ड जेनेरेसनद्वारा आयोजित भ्यालेन्टाइन पार्टीमा पहिलोपल्ट धरानेहरूलाई नचाउन यहाँ आएका व्यस्त डिजे राजुले हिन्दी र अंग्रेजी गीतमा मात्र भ्यालेन्टाइन जोडीहरूलाई नचाएनन्, नेपाली पप र हिपहपमा पनि कम्मर मर्काउन लगाए। लगातारको बर्षातबाट जोगिँदै उनले राति दस बजेसम्म सात सयभन्दा बढी धरानेलाई भरपूर उफारे। झरीकै कारण चार घण्टा ढिलो अपराह्न ५ बजे मात्र भ्यालेन्टाइन डान्स पार्टी सुरु भएको थियो।

भ्यालेन्टाइन जोडी बन्न-बनाउन नसकेकाहरू आ-आफ्नै समूहमा जुत्ता भास्सिने हिलाम्य मैदानमै नाचिरहेका थिए। कहिल्यै डान्स पार्टीमा नदेखिने अनुहार पनि यो पार्टीमा देखिए। झरी छल्दै हलभित्रै नाच्नेहरूको भीड पनि कम थिएन।

धराने गायक सपन श्रेष्ठले घरेलु संगीत पारखीहरूलाई प्रशस्तै मनोरञ्जन दिए। भ्यालेन्टाइन-डेको अघिल्लो दिन फेसन डिजाइनरबाट डिजे बनेका ललित राईले सिन्ड्रेलाज बेकरी क्याफेमा पनि युवा-युवतीहरूलाई डान्समा मस्त बनाएका थिए।

- राजु घिसिङ

## २५ जनामा को होलिन् मिस नेपाल ?

**साप्ताहिक समाचार**

काठमाडौं- मिस नेपालको आयोजक हिडेन ट्रेजरका सुवर्ण क्षेत्री भन्दै थिए- 'यो वर्ष ३ सय जनाको आवेदन आएको थियो, जसमा ७५ जना अन्तर्वार्ताका लागि छनौटमा परेका थिए। पूर्व मिस नेपाल, प्रशिक्षक तथा आयोजकका प्रतिनिधिहरूबाट अन्तवार्ताको माध्यमबाट २५ जना छनौट भएका छन्।' झन्डै एक महिनाअघि उचाइ ५ फिट ४ इन्च, न्यूनतम शैक्षिक योग्यता प्लस टु उत्तीर्ण, उमेर १९ देखि २५ वर्ष भएका नेपाली सुन्दरीहरूलाई आवेदनका लागि आह्वान गरिएको थियो। 'त्यसकै आधारमा प्रतियोगीहरूको छनौट गरिएको हो,' हिडेन ट्रेजरका अध्यक्ष गेहेन्द्रमान राजवंशीका अनुसार– ती २५ जना सुन्दरीहरूलाई अब छ दिनको 'क्लोज क्याम्प'मा राखेर त्यसमध्येबाट पनि अन्तिम 'सर्ट लिस्ट'मा परेका प्रतियोगीहरूलाई मात्र अन्तिम प्रतिस्पर्धामा सहभागी गराइनेछ।

यस पटक छनौटमा परेका २५ जनालाई कोरियोग्राफर रचना गुरुङ शर्माले कोरियोग्राफी, मेहर्स कलेक्सनले पहिरन, रुबी राणाले श्रृंगार, द न्यू एराले ग्रुमिङ आदिको प्रशिक्षण दिनेछन्।




**छनौटमा परेका सुन्दरीहरू**

| | | | |
|---|---|---|---|
| नानीमाया खड्का (२५), | सुनसरी | जन्नी बज्राचार्य (२२), | काठमाडौं |
| ऋचा शर्मा (१९), | कैलाली | निशा खातुन (२०), | काठमाडौं |
| रोजी बर्नावाल (२१), | बाँके | ममता प्रधान (२३), | मोरङ |
| श्वेता शाह (२२), | ललितपुर | रश्मिला बस्नेत (२३), | सुनसरी |
| पूजा बस्नेत (२०), | पर्सा | लक्ष्मी लामा (२१), | काठमाडौं |
| मानवी ढकाल (२०), | झापा | प्रतिभा ढकाल (१९), | काठमाडौं |
| सितास्मा चन्द (२३), | ललितपुर | सृष्टि मानन्धर (२१), | काठमाडौं |
| विभा प्रजापति (२३), | काठमाडौं | भूमिका श्रेष्ठ (२४), | काठमाडौं |
| पूनम शाही (२३), | काठमाडौं | पूनम थापा (२०), | बाँके |
| संरचना प्रधान (१९), | काठमाडौं | रश्मि केसी (१९), | रूपन्देही |
| बन्दना शर्मा (२२), | ललितपुर | अम्बिका रानाभाट (२३), | कास्की |
| बबिता मानन्धर (२१), | काठमाडौं | सावित्रा श्रेष्ठ (२०), | रूपन्देही |
| | | तेजस्वी मल्ल (२४), | काठमाडौं |

## सातको स्वर



### देविका बन्दना

**चिठी लेखेछ.............कस्तो प्रकारको गीत हो ?**

- लोकमा आधारित आधुनिक गीत हो । यो गीतमा माया-प्रेम अभिव्यक्त गर्ने माध्यम चिठीलाई बनाइएको छ ।

**श्रोताहरूको प्रतिक्रिया कस्तो पाउनुभएको छ ?**

-एकदमै राम्रो छ । हामीले राम्रो मेहनत गरेका थियौं, जसको फल पनि राम्रै आउला जस्तो छ ।

**म्युजिक भिडियो कस्तो बनेको छ ?**

-व्यक्तिगत रूपमा मलाई मन परेको छ, दर्शकहरूले पनि यसलाई मन पराउनुहुन्छ भन्ने आशा छ । आलोक नेम्वाङको निर्देशन रहेको यो म्युजिक भिडियोको छायाङ्कन जोमसोममा भएको थियो ।

**गीतको भाव कस्तो छ ?**

-युवकले युवतीलाई मन पराएर पठाएको चिठी हेर्दै युवतीले यो गीत गाएकी छन् । म्युजिक भिडियोको छायाङ्कन पनि यही कन्सेप्टमा आधारित छ ।

**यो गीत लोकप्रिय हुन्छ भन्ने आधार के छ ?**

-शब्द, संगीत, स्वर र म्युजिक भिडियो सबै पक्षबाट राम्रो भएकाले श्रोताहरूले यसलाई मन पराइसक्नुभएको छ ।

-चलचित्र संगीतमा लोकप्रियता कमाएका संगीतकार शम्भुजित बास्कोटा शाहीकालमा चलचित्र विकास बोर्ड तथा नेपाल टेलिभिजनमा अध्यक्ष भएपछि निकै आलोचित भएका थिए । चलचित्र संगीतमा हाल नयाँ पुस्ता हावी भए पनि उनले चलचित्रमा संगीत दिने कर्म भने छाडेका छैनन् । हाल बास्कोटाको संगीत रहेका 'दोबाटो', 'पाले दाइ', 'भाग्यविधाता' आदि चलचित्र सार्वजनिक हुँदैछन् भने उनी 'पति परमेश्वर', 'पीडा', 'देवयानी' आदि चलचित्रमा व्यस्त छन् । यसबीच बास्कोटाको संगीत रहेको साइबाबाको नेपाली भजनहरूको संग्रह 'साई भजन' एक कार्यक्रमबीच सार्वजनिक भएको छ । उक्त एल्बममा रामकृष्ण ढकाल, सत्य-स्वरूपराज आचार्य, मनोज सेवा, अञ्जु पन्त, कुन्ति मोक्तान, जगदीश समाल, माण्डवी त्रिपाठी आदिले स्वर दिएका छन् ।

-गायक भएपछि जस्तो पनि गीत गाउन सक्नुपर्छ भन्ने मान्यता बोकेर पप गायक सुगम पोखरेल हाल एक लोकगीतको एल्बमको तयारीमा जुटेका छन् तर उनले गाउने लोकगीतको भाका लोक भए पनि संगीत तथा प्रस्तुति भने अत्याधुनिक हुनेछ । पाश्चात्य संगीतको मिश्रण गरेर फ्युजन स्वरूपमा तयार पारिएको उक्त एल्बमको एउटा गीत 'रात्रिबसैमा' लाई डिजे सन्तोषले संगीत संयोजन गरेका छन् । सुगम हाल आफ्नो आगामी एल्बमका लागि एकैपटक तीनवटा फरक शैलीका गीत तयार गर्न व्यस्त छन् । उनका बाँकी गीत रक तथा युगल हुने बताइन्छ । यसबीच अर्का गायक यशकुमारले पनि आफ्नो आगामी एल्बमका लागि एउटा लोकगीत गाएका छन् ।

- पूर्वी तराईका आदीवासी रैथाने राजवंशी जातिले संस्कृति विस्तारको उद्देश्य राखेर पहिलो गीतिएल्बम तयार गरेका छन् । 'समाद' अर्थात् सन्देश नाम दिइएको एल्बममा ८ वटा गीत समाविष्ट छन् । दीपनारायण राजवंशीको रचना, प्रवलदीप विश्वासको संगीत रहेको एल्बममा माया, प्रेम, पहिरन, संस्कृति र राजवंशी जातिको रीतिरिवाजलाई संगीतबद्ध गरिएको छ । दीपनारायण राजवंशी, मनीषा पोखरेल, प्रवलदीप विश्वास, सृजना तथा रमेशको स्वर रहेको यो एल्बम समाद परिवारले निकालेको हो, जुन विराटनगरको खारजीमा रहेका राजवंशी युवाहरूद्वारा गठन गरिएको संस्था हो ।

-राजधानीको बत्तीसपुतलीस्थित राममन्दिरमा हरेक औंसीमा शास्त्रीय संगीत कार्यक्रमको आयोजना हुने गरेको छ । त्यही क्रममा गत शनिबार नेपालका पुराना ध्रुपद गायक पं. भवनाथ शर्मा अधिकारीबाट ध्रुपद गायन प्रस्तुत गरियो । ललितकला क्याम्पसमा लोकसंगीतकी उपप्राध्यापक तथा गायिका शोभा तिवारीको भजनबाट प्रारम्भ भएको उक्त कार्यक्रममा तिवारीलाई अच्युतराम भण्डारीले तबला तथा रमेश पोखरेलले हार्मोनियममा साथ दिएका थिए । बुढ्यौली उमेरका मानिसहरूले जातिसुकै जान्ने भए पनि ध्रुपद गाउन सक्दैनन् भन्ने भनाईलाई गलत साबित गर्दै ८२ वर्षीय पं. भवनाथ शर्मा अधिकारीको गायन सुन्नेहरू अचम्ममा परेका थिए । ध्रुपद गायनमा पं. अधिकारीलाई तबलामा होमनाथ उपाध्याय तथा तानपुरामा संगीता पुडासैनीले साथ दिएका थिए ।

-स्वीजरल्यान्डबाट नेपाल आएका सीतारवादक पं. सलिलले गत साता बुधबार साँझ काठमाडौंका दर्शकहरूलाई सितार संगीत सुनाए । विश्वविख्यात भारतीय सितारवादक पं. रविशंकरबाट दीक्षा लिएका ६० वर्षीय यी सितारबादकलाई तबलाबादक नवराज गुरुङले तबला बजाएर साथ दिएका थिए ।

-संगीत प्रशिक्षण केन्द्र पोखराले गायक तथा संगीतकार रामभक्त जोजीजुलाई लालबहादुर ढेवाजु स्मृति संगीत पुरस्कार-२०६३ बाट सम्मानित गरेको छ । सांगीतिक क्षेत्रमा दुई दशकयता निरन्तर सक्रिय जोजीजुको योगदानको उच्च कदर गर्दै केन्द्रले सम्मानपत्रका साथ नगद ७ हजार र दोसल्ला ओढाएर सम्मान गरेको हो । संस्कृतिकर्मी सर्वज्ञमान प्रधानाङ्गले उक्त पुरस्कार प्रदान गरेका थिए । गायक जोजीजुले उक्त रकम केन्द्रको सांगीतिक सामग्री खरिदका लागि केन्द्रलाई नै हस्तान्तरण गरेका थिए । त्यसैगरी जोजिजुले चाँडै आउन लागेको युगल गीतिसंग्रह 'चयन'को बिक्रीबाट आएको केही रकम संस्थालाई प्रदान गर्ने बताएका छन् ।

-गायक अमृत थापा मगरले जनचेतनामूलक लोक-दोहोरी गीतिसंग्रह 'गल्ती नगरौं' सार्वजनिक गरेका छन् । एचआईभी संक्रमणका बारेमा जनचेतना फैलाउने उद्देश्यले उक्त गीतिसंग्रह तयार पारिएको गायक मगरले बताए । एचआईभी संक्रमणविरुद्ध जनचेतना जगाउने कार्यमा सक्रिय जीवनज्योति सामुदायिक विकास सेवामा काम गर्दै आएका गायक मगरको उक्त संग्रहमा कमल सौराग, विष्णु माझी, पूर्ण सुनवार, माण्डवी त्रिपाठीले पनि स्वर दिएका छन् । त्यसैगरी अर्का गायक भुवन सुप्तिहाङको दोस्रो एकल एल्बम 'सजेसन' यसै साता सार्वजनिक भएको छ । उक्त एल्बममा बुद्धवीर लामा, शिव प्रधान र आनन्द अधिकारीका शब्द तथा आलोकश्री, चन्द्रकुमार दोङ र बडिराज राईको संगीत सुन्न पाइन्छ ।

-राजधानीका एफएमका कार्यक्रम सञ्चालकहरूले गीत गाउने र रचना गर्ने कार्यमा सक्रिय भएको धेरै भैसकेको छ । पोखराको एफएम अन्नपूर्णका स्टेसन म्यानेजर दीपेन्द्र श्रेष्ठले पनि गीत रचनाकारका रूपमा आफ्नो पहिचान बनाउँदै छन् । हालै राजधानी आएको मौका पारेर उनले आफ्ना गीतहरूको म्युजिक एल्बम 'बेस्ट अफ लक' सार्वजनिक गरेका छन् । नेपाल पर्यटन बोर्डमा आयोजित एक कार्यक्रममा विमोचन गरिएको उक्त एल्बममा कर्णदास, यशकुमार, रामचन्द्र काफ्ले, राजेशपायल राई, रामकृष्ण ढकाल, शिव परियार, जगदीश समाल, श्यामसुङ तामाङ आदि गायकको स्वर सुन्न पाइन्छ ।

-लोक तथा आधुनिक गायक रामचन्द्र काफ्लेले लोकगायनबाट जति ख्याति कमाए, आधुनिक गायनबाट त्यति कमाउन सकेनन् । लोकगायकका रूपमा आफ्नो बेग्लै पहिचान बनाइसकेका यी गायक अब सामाजिक सेवामा लाग्ने भएका छन् । हालै हङकङबाट एक सांगीतिक कार्यक्रममा सहभागी भै फर्किएका गायक काफ्लेले पशुपति वृद्धाश्रमका वृद्धवद्धाहरूलाई कम्बल वितरण गर्दैछन् । त्यसपछि सडक बालबालिकाका लागि कुनै सेवामूलक कार्य गर्ने योजना उनले बनाएका छन् ।

-संगीतकर्ममा रुचि भएका कलेज पढ्दाका सहपाठीहरू मिलेर केही संगीत समूह गठन भएका छन् । नोबेल एकेडेमीका सहपाठीहरूले गठन गरेको 'एक्सिस' समूहले चर्चा पनि पाएको थियो, तर सहपाठी भएर पनि गायकद्वय नीराजन थापा र कवीन्द्रराज गौतमले कुनै संगीत समूह गठन गरेनन् । बरु उनीहरूले संयुक्त रूपमा एउटा एल्बम बजारमा ल्याउँदैछन्, जसमा कवीन्द्रले पाँच तथा नीराजनले तीनवटा गीत गाएका छन् । रेन्डर क्युले निर्माण गरेको र कवीन्द्रले गाएको 'परिबनी' गीतको म्युजिक भिडियोमा मिस टिन नेपाल खुश्बु ओलीसँग नीराजनले मोडलिङ गरेका छन् भने आलोक नेम्वाङले निर्देशन गरेको र नीराजनले गाएको 'नपिउनु' गीतमा कवीन्द्रले नायिका उषा पौडेलसँग अभिनय गरेका छन् । चाँडै नै बजारमा आउने एल्बम 'रिदम' दुवै गायकको पहिलो एल्बम हो ।

-गायक राजीव लोहनी मीठो गीत गाउँछन् । उनले गाएका गीतहरू युवापुस्तामाझ चर्चित पनि भएका छन् । गाएर मात्र पेट पाल्न सकिन्न भन्ने कुरा उनले बुझेका छन् । गायनयात्रा थाल्नुअगावै अर्का गायक मिग्मा शेर्पासँग मिलेर उनले एउटा म्युजिक भिडियो निर्माण गर्ने कम्पनी सञ्चालन गरेका थिए । उक्त कम्पनीबाट उनीहरूले गायक सुदीप गिरीको पहिलो चर्चित गीत 'टुट्नु थियो, टुट्यो मुटु'को म्युजिक भिडियो निर्माण गरेका थिए । अब गायक लोहनीले गीतकार तथा संगीतकार नीराजन उप्रेती र शहनवाजसँग मिलेर अर्को कम्पनी सञ्चालनमा ल्याएका छन् । तीन जनाको नामको पहिलो अक्षर मिलाएर शीर्षक जुराइएको नयाँ कम्पनी 'निराशा'ले पहिलो म्युजिक भिडियो तयार पारेको छ । गायक जयजंग थापाको गीत 'कोइलीको धुन'को म्युजिक भिडियोभन्दा अघि उक्त कम्पनीबाट गायक लोहनीले आफ्नै म्युजिक भिडियो 'खुसी आउँछ'को म्युजिक भिडियो पनि तयार पारेका थिए ।

-शास्त्रीय संगीत सबै किसिमका संगीतको आधार मानिए पनि यसले पाउनुपर्ने प्रचार र स्थान नपाएको भन्दै कलानिधि इन्दिरा संगीत महाविद्यालयले 'शान्तिका लागि सांगीतिक यात्रा' नाराका साथ शास्त्रीय संगीत अभियान प्रारम्भ गरेको छ । उक्त अभियानको दोस्रो संस्करणस्वरूप यसै साता राजधानीको वसन्तपुर डबलीमा एक शास्त्रीय संगीत कार्यक्रम सम्पन्न भयो । गीतकार तथा गायक डा. भोला रिजालले भजनबाट प्रारम्भ भएको उक्त कार्यक्रममा शिला विष्ट, मोहनप्रसाद जोशी, धनबहादुर गोपाली आदि गायक-गायिकाहरूले भक्ति गीत सुनाएका थिए भने शास्त्रीय संगीतका प्रशिक्षक तथा साधक गुरुदेव कामतले शास्त्रीय गायन प्रस्तुत गरेका थिए ।

## अफबिट



गायक राजेसपायल राई आफ्नी प्रशंसकसँग तस्बिर : फुर्सद डटकम

## लाइभ शो

-पबमा गएर खाने, पिउने, नाच्ने-नचाउनेहरूका लागि त्रिपुरेश्वरस्थित झकास डान्सिङ पबले नियमित त्यस्तो सुविधा उपलब्ध गराउँदै आएको छ । उक्त पबमा हरेक दिन साँझ सात बजेपछि नाच्ने-नचाउने कार्यक्रम प्रारम्भ हुन्छ ।

## नजिकबाट: सुगम पोखरेल

| | | |
|---|---|---|
| जन्ममिति | : | २० सेप्टेम्बर १९७९ |
| घरमा बोलाउने नाम | : | सुगम |
| नामको अर्थ | : | सजिलो |
| तपाईंको परिचय | : | गायक, रेडियोकर्मी |
| जन्मस्थान | : | भलुवा-मङ्गलबारे, मोरङ |
| तपाईंको गोप्य कुरा | : | कलाकारहरूको क्यारिकेचर गर्छु |
| रुचि | : | संगीत, साहित्य, चलचित्र |
| अध्ययन | : | स्नातक |
| प्रेरणा | : | रेडियो, क्यासेट प्लेयर |
| पहिलो प्रेम | : | कक्षा ५ मा अध्ययन गर्दा कक्षा ३ की केटीले प्रस्ताव गरेको |
| पहिलो डेटिङ | : | विद्यालय जीवनमै कक्षा ३ मा पढ्नेसँग |
| हनिमुन | : | काठमाडौं |
| पहिलो प्रेमपत्र | : | कक्षा ३ मा पढ्नेले परीक्षाको समयमा पठाएको |
| पहिलो पटक बजाएको बाजा | : | गिटार |
| मनपर्ने परिकार | : | नेपाली |
| मनपर्ने रंग | : | कालो, नीलो, सेतो |
| मनपर्ने पहिरन | : | जिन्स, टिसर्ट |
| पहिलो उपहार | : | विद्यालय जीवनमा गीत गाएर पाएको पुरस्कार |
| मनपर्ने मौसम | : | जाडो |
| मनपर्ने खेल | : | क्रिकेट |
| फुर्सदमा | : | टेलिभिजन हेर्ने, छोरीसँग खेल्ने |
| मनपर्ने संगीत | : | कानबाट छिरेर हृदयलाई छुने |
| रिस उठेको बेला | : | दबाउने र कराउने दुवै हुन्छ |
| मनपर्ने आफ्नै बानी | : | प्रस्ट छु |
| खराब बानी | : | सबैलाइ आफैं जस्तै सोच्ने |
| गर्न बाँकी कुरा | : | काठमाडौंमा घर बनाउने, गाडी किन्नु छ |
| जीवन के हो | : | बुझ्ने प्रयास गर्दैछु |
| जीवनको लक्ष्य | : | मरेर गएपछि पनि सम्झना लायक व्यक्ति बन्ने । |



# उपचारको खोजीमा गायक

धरान- सांगीतिक प्रस्तुतिका निम्ति चोकमागु गाउँविकास समिति, पाँचथरका कविराज तुम्बापो स्टेजमा उभिन थालेको १२ वर्ष बितिसकेको छ । यो अवधिमा उनले पूर्वी नेपालका स्टेजहरूमा सयभन्दा बढी सांगीतिक कोसेली प्रस्तुत गरिसकेका छन् । श्रोतालाई सुख-दुःखका गीत सुनाउँदै आएका तुम्बापो आफैं यतिबेला जीवन-मरणको दोसाँधमा छन् ।

शरीरलाई चाहिने रगत उत्पादन गर्ने बोनम्यारोले डिप्रेसनका कारण काम नगरेपछि आठ वर्षयता २९ वर्षे तुम्बापो समस्यामा परेका हुन् । अब्बल गायन प्रतिभा मानिएका सामान्य परिवारका तुम्बापो भन्छन्- 'उपचारका निम्ति बोनम्यारो ट्रान्सप्लान्ट गर्न चार लाख भारतीय रुपैयाँ चाहिएको छ ।' ठूलो रकम जुटाउन नसक्दा अहिलेसम्म उनको उपचार हुन सकेको छैन । शरीरमा रगत उत्पादन नहुने भएकाले २०५६ सालदेखि उनको शरीरमा मासिक दुई पिन्ट रगत चढाउनुपर्छ ।

जीवनलाई निरन्तरता दिनकै निम्ति उनी पत्नी, छोरी र छोरालाई चोकमागुस्थित घरमै छाडेर ६ वर्षयता दमकमा रहेका नातेदारकहाँ बसिरहेका छन् । उनलाई एकै जनाले दसपल्टसम्म रगत दिइसकेका छन् ।



तुम्बापोले आफ्नो उपचारकै निम्ति आफैँले साथीहरूको सहयोगमा पूर्वाञ्चलका इटहरी, दमक, ताप्लेजुङ, बिर्तामोड, रवि, काँकडभित्ता आदि विभिन्न स्थानमा २२ वटा सांगीतिक कार्यक्रम सम्पन्न गरिसकेका छन् । यसबीच उनकै उपचारका निम्ति रकम संकलन गर्ने लक्ष्यका साथ इलामको द ट्वीङ्कलिङ स्टार ट्रेडिङ प्रा.लि. तथा पाँचथरको पाथीभारा स्पोर्टिङ क्लबले किस्ताबन्दी उपहार कार्यक्रम सुरु गर्दैछ । तुम्बापोका दुई गजलसहित चार नयाँ गीत रेकर्ड भैसकेको छ । उनको आफ्नै संगीतमा लिम्बु भाषाको एकल एल्बम पनि तयार भएको छ । यही महिना उक्त एल्बम बजारमा आउनेछ ।

# सफल मान्छे हुन के गर्नुपर्छ

पैसा कमाउनुपर्छ, पैसा छैन भने सफल मान्छे बन्न सकिंदैन ।

**राजीव खड्का** (१९), **गोरपार–९ सप्तरी**

आत्मविश्वास र विवेकका साथ काम गर्नुपर्छ ।

**श्यामबहादुर थापा**

जीवनलाई संघर्ष मान्ने, सत्यलाई नछोड्ने, असत्यको त्याग एवं हरेक कुरा गर्न सक्छु भन्ने आत्मविश्वास ।

**प्रफुल्ल भण्डारी** (२४), **धरान, विजयपुर**

समयलाई चिनेर अघि बढन सके सफल हुन सकिन्छ ।

**लेखनाथ ओझा, बर्दिबास**

खै, २०५२ सालतिर बाबुराम डा. सा'व तथा प्रचण्ड काकासँग घाँस-दाउरा गर्ने निहुँले जंगलतिर पस्या भए सफल मान्छे भइने रै'छ । बूढाहरूले जाने बेला भनेनन्, अहिले... ।

**कमल निश्चल** (२०)

निरन्तर रूपले कडा परिश्रमका साथ काम गर्न सके अवश्य सफल भइन्छ ।

**सन्तोष गौतम** (२२), **हरिऔन, सर्लाही**

ठीक समयमा सुत्ने, ठीक समयमा उठ्ने अनि निर्धारित समयमा काम गर्ने ।

**रविन्द्र श्रेष्ठ**

घुस खान, ख्वाउन छाड्नुपर्छ ।

**कपिल पौड्याल**

बाबुआमाको आँखामा आँसु फुट्न दिनु हुँदैन ।

**आनन्द भुजेल**

शिक्षकले राम्रोसँग पढाउनुपर्छ, विद्यार्थीले राम्रोसँग पढ्नुपर्छ । किसानले उन्नत जातका बीउ-विजन लगाउनुपर्छ ।

**लक्ष्मीप्रसाद**

बोलेको कुरा पुऱ्याउनुपर्छ ।

**पुष्कर पौडेल**

ठूलो राजनीतिज्ञ हुनुपर्छ ।

**प्रदिम्न पौडेल** (२०)

जसरी हुन्छ, धनाढ्य हुनुपर्छ ।

**लक्ष्मी भडेल, चाँगुनारायण**

नौलो क्रान्ति गर्नुपर्छ ।

**रोशन पौडेल**

अरूको त थाह छैन तर उनलाई पाउन पाए मलाई जीवनमा ठूलो सफलता मिल्नेछ ।

**गोपाल पौडेल**

आफ्नो काममा सफल हुनुपर्छ ।

**काशीराम बिरस**

सेक्सलाई अलकत्रा झैं जथाभावी प्रयोग गर्नुहुँदैन ।

**आकाश पौडेल**

राष्ट्रिय विभूतिहरूले जस्तो राम्रो काम गर्नुपर्छ ।

**अनिता थापा**

हरेक समस्याको शान्तिपूर्ण समाधान खोज्नुपर्छ ।

**रामदेवी थापा**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. पुरुषको व्यक्तित्व केमा हुन्छ ?
२. रक्सी र युवतीमध्ये के को लत (नसा) खतरनाक ? किन ?
३. तपाईंलाई केले सुखी र सन्तुष्ट बनाउँछ ?
४. के रक्सी वा नशाले दुःख भुल्न सकिन्छ ?
५. नेपालमा खेलकुदको विकासका लागि के गर्नुपर्छ ?
६. महिलाहरूलाई ३३ प्रतिशत आरक्षण कति उचित हो, किन ?
७. तपाईं प्रधानमन्त्री भए के गर्नुहुन्छ ?
८. केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ? किन ?
९. बुद्धि ठूलो कि बल ? किन ?
१०. देशभक्ति के हो ?




साथ दिन्छु भनिसकेपछि धोका दिनुहुँदैन ।

**कल्पना भुजेल, लामोसाँघु**

पिरतीको बारीमा मायाको सुगन्धित फूल रोप्नुपर्छ ।

**सञ्जीव भँडेल**

गालामा चुम्बनको बीउ रोपेर आनन्दको फसल बटुल्न सक्नुपर्छ ।

**सन्तोष ढुंगाना, नारायणघाट**

जथाभावी समय खर्च गर्नुहुँदैन ।

**पुनम थापा**

गिरिजा बाबुको जस्तो राजनीति गर्नुपर्छ ।

**सुरेन्द्र खड्का**

खराब लत त्याग्नुपर्छ ।

**सन्तोष भुजेल** (२७)

यसो-उसोतिर ध्यान नदिई आफ्नै काममा मात्र लागिरहनुपर्छ ।

**सीता मोक्तान**

अनुत्पादक कार्यमा लाग्नुहुँदैन ।

**राजेन्द्र श्रेष्ठ, चाँगुनारायण**

क्षणिक आनन्दमा नलागी आफ्नो काम खुरुखुरू गर्नुपर्छ ।

**सुवेस भँडेल**

कसैसँग नबोली आफ्नो बाटोमा हिँड्नुपर्छ ।

**रेलकुमार तामाङ**

आफू र आफ्नो वातावरण धमिलिन दिनुहुँदैन ।

**सुन्दरी खड्का**

अरूको समस्या बुझिदिनुपर्छ ।

**शुभचिन्चक थापा**

नेता हुनुपर्छ ।

**ऋषिराम पाण्डेय** (२३), **स्याङ्जा**

समस्या तथा बाधा-अड्चनालाई छल्न निपूर्ण हुनु जरुरी छ ।

**दीपक पोखरेल** (२१), **सानोठिमी**

पैसा भए त सबैले सफलता पाउँछन्, नभए पाउँदैनन्, होइन र सम्पादकज्यू ?

**डिल्लीराम श्रेष्ठ**

सहयोग लिन-दिन भुल्नु हुँदैन ।

**रमा भँडेल**




**प्रश्न: म २२ वर्षीया अविवाहित युवती हुँ । विगत एक वर्षदेखि कहिलेकाहीँ हाम्रो यौनसम्पर्क हुँदै आएको थियो । हामी दुवै विद्यार्थी भएकाले तीन वर्षपछि मात्रै विवाह गर्ने सल्लाह गरेका छौं । गएको महिनामा हामीले सुरक्षित (कन्डम लगाएर) यौनसम्पर्क गरेका थियौं । हामी ढुक्क पनि थियौं, कुनै शंका थिएन, तर अर्को महिना मेरो महिनाबारी रोकियो । मेडिकलमा चेक गरायौं । गर्भ रहेको रिपोर्ट देखियो । विश्वास लागेकै थिएन । महिनावारी पहिले पनि कहिलेकाहीं ढिला हुन्थ्यो । चिकित्सकको सल्लाहअनुसार पछि ढिला भयो भने धेरै खर्च लाग्ने डरले हामीले आपसी सल्लाहमा क्युरेट गरायौं । अहिले आएर पहिलो गर्भ क्युरेट गराउँदा बाँझोपन आउँछ भन्ने सुन्दै छु । के यो सत्य हो ? के विवाहपछि म शिशु जन्माउन सक्दिनँ? शिशु जन्माउन नसक्ने कुराले मलाई सधैं पिरोलिरहन्छ । क्युरेट गराउँदा किन शिशु जन्माउन सकिँदैन ? क्युरेट गराउँदा पाठेघरलाई के असर पर्छ ? यदि क्युरेट गराउँदा शिशु जन्माउन सकिँदैन भने चिकित्सकहरू क्युरेट गराउने किन सल्लाह दिन्छन् ?**

**–बी.जी.**

**उत्तर : कन्डमले किन काम नगरेको होला ?**

युवावस्थामा यौनभावना अनि यौनसम्पर्क गर्ने चाहना प्रबल हुने नै भयो । कन्डमको प्रयोगले गर्भ रहनबाट बचाउँछ तर यसलाई सही तरिकाले नियमित रूपमा प्रयोग गर्नुपर्छ । यसका लागि कन्डम सही तरिकाले उत्तेजित लिङ्गमा यौनसम्पर्कको सुरुदेखि अन्त्यसम्म लगाइएको हुनुपर्ने तथा यौनसम्पर्कपछि तुरुन्तै कुनै वीर्य पोखिन नदिई फुकाल्नुपर्नेसम्मका कुरा छन् । त्यसबाहेक कन्डम प्रयोग गर्नुभन्दा पहिले नफुस्कियोस् वा नच्यातियोस् भनेर म्याद, कन्डमको प्याकेटको स्थितिजस्ता कतिपय कुरालाई ध्यान दिनुपर्ने हुन्छ । यस्ता कुरामा कुनै त्रुटि भएमा कन्डमको प्रभावकारीता घट्छ ।

**के क्युरेट गरेपछि गर्भ रहँदैन ?**

क्युरेट एक विधि हो, यो कहिले समस्या निदान (पत्ता लगाउन) गर्न प्रयोग गरिन्छ भने कहिले निश्चित उपचारका लागि । चिकित्सा विज्ञानमा सामान्यतया D and C (Dilation and Curettage) भनिने यो प्रविधिलाई अहिले सजिलोका रूपमा क्युरेट मात्र भनिन्छ । अंग्रेजी curettage शब्दको अर्थ खुर्कनु वा सफा गर्नु भन्ने लाग्छ । विशेष गरेर गर्भपतन सुरक्षित रूपमा भए पाठेघरको भित्री तहलाई कुनै किसिमको हानि पुग्दैन र पुन: गर्भ रहन वा त्यसको सफल निरन्तरताका लागि कुनै समस्या पर्दैन । नेपालमा मुलुकी ऐन एघारौं संशोधनले गर्भपतनलाई प्रजनन स्वास्थ्य अधिकारका रूपमा व्यवस्था गरेर केही निश्चित अवस्थामा गर्भपतन गर्न पाउने अधिकार प्रदान गरेको छ । त्यसो भए पनि गुणस्तरीय सेवा सर्वसुलभ हुन एकातिर गाह्रो छ भने अर्कातिर सामाजिक मूल्य-मान्यताभित्र विशेष गरेर अविवाहित व्यक्तिहरूमाझ यो सेवाको पहुँच न्यून छ । फलस्वरूप कतिपय व्यक्ति असुरक्षित किसिमको गर्भपतन सेवा लिन पुग्छन् । यस्तो स्थितिमा भावी जीवनमा गर्भ नरहने मात्र होइन, ज्यानमै पनि खतरा हुनसक्छ तर कहिलेकाहीं राम्रैसँग गराइएका क्युरेटका पनि प्रतिकूल असर हुनसक्छन् । पाठेघरको भित्री तहमा गम्भीर क्षति पुग्नेदेखि लिएर प्वाल नै पर्नेसम्मका असर पर्न सक्छन् तर अचेल विश्व स्वास्थ्य संगठनले Manual Vaccum Aspiration (MVA) गर्न सकिने अवस्था भएसम्म क्युरेट गर्ने सिफारिस गर्दैन । तपाईंले क्युरेटपछिको आफ्नो महिनावारीका सम्बन्धमामा केही लेख्नुभएको छैन । महिनावारी नियमित रूपमा राम्रैसँग चलिरहेको छ भने त्यो प्रजनन प्रणालीले नियमित रूपमा नै काम गरिरहेको संकेत हो । केही गरेर गर्भ रहन समस्या परेको स्थितिमा भने चिकित्सकको सहयोग आवश्यक पर्छ ।

**किन चिकित्सकले क्युरेट गराउने सल्लाह दिन्छन् ?**

समस्या परेपछि समाधान त गर्नैपऱ्यो । तपाईंहरूले यौनसम्पर्क नै नराख्नुभएको भए गर्भ नै रहने थिएन । गर्भ रहेपछि पनि त्यसलाई निरन्तरता दिने निर्णय गर्नुभएको भए पनि गर्भपतन गराउनुपर्ने थिएन । विवाह तुरुन्तै गर्ने निर्णय गरेर त्यसलाई सामाजिक मान्यता पनि प्रदान गर्न सकिन्थ्यो तर तपाईंहरूले गर्भलाई निरन्तरता नदिने निर्णय गर्नुभयो । पक्कै नै चिकित्सकका लागि तपाईंहरूलाई सहयोग गर्नुको विकल्प रहेन होला । त्यसैले समग्रमा गर्भलाई निरन्तरता दिनुको तुलनामा यी विधिको नकारात्मक असरको भार कम भएको हुनुपर्छ । दैनिक जीवनमा गरिने क्रिलाकलापमा जस्तै चिकित्सा क्षेत्रमा अपनाइने विधिका पनि फाइदाका साथै बेफाइदा वा प्रतिकूल असरहरू हुन्छन् र एक हदसम्मको जोखिमको सामना चिकित्सक होस् वा सेवा प्राप्त गर्ने व्यक्तिले लिनैपर्छ । MVA को सट्टा किन यो विधि प्रयोग गरियो होला भन्ने कुरा चिकित्सकको तालिम, औजारको उपलब्धताजस्ता कतिपय कुराले प्रभाव पारेको हुनसक्छ । अर्कातिर चिकित्सकको आम्दानी पनि यससँग गाँसिएको छ भन्ने कुरा बिर्सनु हुँदैन । ढिला भए खर्च बढी हुने भन्ने सोच सत्य भए पनि रमाइलो छ । बढी ढिलो भए शिशु ठूलो भैसक्नाले गर्भ तुहाउने प्रक्रिया नै बढी जटिल हुने र त्यसका कुअसर बढी हुँदै जाने अर्थात् असुरक्षित हुँदै जाने हुन्छ । पक्कै नै समस्या जटिल भएपछि उपचारका लागि खर्च पनि बढ्न सक्छ तर यहाँ मूल प्रश्न स्वास्थ्यमा पर्ने असर हुनुपर्छ न कि खर्च ।

**रोकथाम किन नगर्ने ?**

अहिले नेपालमा सुरक्षित गर्भपतनको कुराले निकै चर्चा पाएको छ । पक्कै नै यसले हजारौं महिलाको स्वास्थ्यमा सकारात्मक प्रभाव पारेको छ तर मुख्य कुरा के भने यसरी गर्भपतन गराउनुपर्ने स्थितिमा पुग्नुभन्दा पहिले नै गर्भनिरोधका साधनको राम्रो प्रयोगले त्यसलाई रोक्न सकिन्छ । गर्भपतनको तुलनामा गर्भनिरोधका साधनका कुअसरहरू नगण्य छन् तर कहिलेकाहीं थोरै भए पनि गर्भनिरोधका साधनको नकारात्मक प्रभावलाई आवश्यकताभन्दा बढी चर्चा-परिचर्चा गरिन्छ जुन दु:खलाग्दो कुरा हो ।

नकारात्मक र असजिलो समय आयो भन्दैमा जीवनलाई सकारात्मक रूपमा जिउन प्रयास नगर्ने ? राम्रो पक्ष त के भने तपाईंको केटा साथीले तपाईंलाई राम्रो साथ दिनुभएको देखियो । कतिपय पुरुष त आफूले यौनसम्पर्क गरेकी युवतीको गर्भ रहेको थाहा पाएपछि भाग्छन् । मुख्य कुरा पछि यस्तो नहोस् भनेर सजगता अपनाउनुपऱ्यो । यदि तपाईंहरूको नियमित यौनसम्पर्क हुन्छ भने अन्य प्रभावकारी गर्भनिरोधका साधन प्रयोगका सम्बन्धमा पनि सोच्न सक्नुहुन्छ ।




# यौन शब्दसँग किन डराउने ?

प्रकृतिको सिर्जनामध्ये एउटा सिर्जना हो– यौन । प्रकृतिले मानव जीवनलाई सृष्टि सञ्चालन गर्ने गहन जिम्मेवारी प्रदान गरेको छ । प्रकृतिले दिएको कुराको संरक्षण गर्ने कुरा त छँदैछ, तर पनि धेरै पटक राम्रोसँग प्रयोग हुन नसक्दा यौन दूराचारको समस्या पनि देखा पर्छ । यौनसम्बन्धी जिज्ञासाहरू मेट्न मन लागे पनि भन्न हिचकिचाहट हुन्छ । धेरै कुरा जान्नु राम्रो हो । यस्ता विषयमा धेरै जिज्ञासा हुन सक्छन्, अनुभूतिहरू हुन सक्छन् तर जिज्ञासा राख्दा कतै दुराचारी त भइने होइन घरपरिवार, समाजले औंला उठाउने मौका पाउने त होइन भन्ने शंकाका कारण समस्या पनि बढ्दै जान्छ ।

सोचौं एकैछिन्, के मानिस यौनबाट टाढा रहन सक्छ ? अपरिहार्य भएकै कारणले त बेलाबेलामा चाहिने-नचाहिने अपराध भएका छन् । योचाहिँ आवश्यताभन्दा बढी भएकाले पनि हुन्छ । १२ वर्षकी किशोरीलाई अधवैंसेले बलात्कार गरेर आत्मसन्तुष्टि लिने हाम्रो समाजमा विकृतिका अनेक धार छन् । उचित शिक्षाको अभाव पनि विकृतिको जड हो । हाम्रो समाजमा घटेका कतिपय घटनामध्ये अपराध तथा विकृतिजन्य घटनाको कारण यौन पनि हुने गरेको छ ।

पहिले प्रेम र प्रणयमा जुन आनन्द एवं कौतुहलता थियो त्यसपछि विभिन्न किसिमका बाधा अवरोध देखा पर्न थाले । स्वस्थ तथा रहस्यमय कौतुहलतामाथि भय, त्रास, विरोध, हत्या, घृणाको स्वरूपको जन्म हुन थाल्यो । व्यक्तिगत स्वार्थ तथा व्यक्तिगत आनन्दका लागि पुरुषले नारीलाई आफ्नो मुठीभित्रको यौन खेलाडीका रूपमा हेर्न थाल्यो, अर्कातिर नारीले आफ्नो शरीरको उपजका रूपमा उत्पादित सन्तानलाई काखी च्यापेर मातृत्व प्रदान गर्न थाले । पुरुष र नारीबीचमा देखापरेको तनाव तथा त्यसबाट उत्पन्न भएको कठोर अवस्थामा विद्रोह, हत्या एवं घृणाले जन्म लिएको छ ।

पुरुष तथा नारीबीचको इच्छा एवं तृप्तिले उत्पन्न गराउने मानसिक अवस्था र शारीरिक तृप्ति यही नै हो वा यस्तै हुनुपर्छ भन्ने मापदण्ड पनि छैन । परम्परामा विकसित भएका संस्कार र मान्यतालाई साधारण तरिकाले मूल्यांकन गर्ने तथा आफ्नो हीनताबोधको ढाकछोप गर्दै आफ्ना कुण्ठित मनोदशाको सीमा नाघ्न नसक्नेहरू आफ्नै कुकार्यको खाडलभित्र जाकिन पुग्दा पनि होसमा आउँदैनन् । सृष्टिकर्ताले तयार पारिदिएको आकर्षणमा एक-अर्कालाई कसरी आफूतिर तान्ने भन्ने धारणा जोकोहीमा हुनसक्छ, तर त्यसको सीमा र मर्यादा हुन्छ ।

यौनसँग मात्र होइन, यौन शब्दसँग नै डराउने हाम्रो समाज बाहिर भने डर मानेझैं गर्छ, तर भित्र यसलाई खुलस्त रूपमा उपभोग गर्ने चलन हुन्छ । खुलस्त जान्ने इच्छा भए पनि डर मान्ने प्रवृत्ति कायमै छ । यस्ता विषयमा लुकीछिपी पढ्ने, हेर्ने आजको समाज स्वतन्त्र बहस गर्न डराउनु पनि स्वाभाविक हो । लुकेर गर्ने आघातका कारण नारीहरूले पनि घात सहनुपरेको छ ।

यौनबिना जीवन सम्भव छैन । अनिवार्य हुँदाहुँदै पनि यसले एउटा बेग्लै दूराचार निम्त्यायो । श्रीमतीसँग सन्तुष्ट नभएर बाहिर सम्पर्क राख्ने श्रीमान्बाट श्रीमती सन्तुष्ट नहुने । यस्ता कारण थुप्रै छन् तर आत्मसन्तुष्टि दिने क्रममा अपहेलना बेहोर्नुपऱ्यो । किनकि यौन कुण्ठाका रूपमा विकसित भएर बिग्रियो ।

यौनको परिभाषा वृहत्तर रूपमा बुझेको खण्डमा यो विषयमा छलफल र बहस गरिए यौन अपराध नरोकिए पनि कम हुने सम्भावना छ तर यहाँ अश्लीलताका कुराहरूमा नै समाज रुमल्लिएको छ । सांस्कृतिक परिवर्तनका अभियान चलाउँदै आएका संस्थाहरू बढी भए पनि यस्ता विषय पछ्यौरीभित्र नै रहँदै आएका छन् ।

**– रेजिना पाण्डे**

## सातासाका श्रीमान्

**० समय कसरी बित्दैछ ?**
- (हाँस्दै) खासै भन्नुपर्दा धेरै समय त उनलाई ल्याउन-पुऱ्याउनमै बित्दैछ। नृत्यसम्बन्धी नयाँ-नयाँ काम गर्ने विचार हुँदाहुँदै पनि गर्न पाइएको छैन। अचेल अभ्यास कम हुने भएकाले पनि खिन्न लागेको छ।

**० तपाईंहरूको भेट कसरी भयो ?**
- प्रज्ञा-प्रतिष्ठानको प्रशिक्षणका क्रममा भेट भएको हो तर त्यतिखेर उनीप्रति कुनै ध्यान दिएको थिइनँ। काम गर्दागर्दै मन पऱ्यो।

**० तपाईंहरूको प्रेम-प्रसंग सुनाउनुहोस् न ?**
- प्रत्यक्षतः उनलाई भन्दा मन नपर्ला कि भन्ने डर थियो। त्यसैले पत्रबाटै हामीले एक-अर्काको भावना साटासाट गऱ्यौं तर त्यसपछि पनि कारणवश चार वर्षजति हाम्रो बोलचाल बन्द भयो।

**० त्यसो भए वैवाहिक बन्धनमा कसरी बाँधिनुभयो ?**
- नबोले पनि हामीबीच मनमा माया थियो। नृत्य सँगै गरिन्थ्यो र हामी दुवैका नजिकका साथीले हामीबीच बोलचाल गराइदिए तर पनि दस वर्ष लामो हाम्रो प्रेमका बारेमा कसैलाई थाहा थिएन। पछि बुबाहरूको मध्यस्थतामा हाम्रो विवाह भयो।



२०२१ सालतिर नृत्य संस्करण प्रारम्भ गर्ने राधेश्याम प्रधान चर्चित नृत्यांगना तथा कलाकार नारायणदेवी प्रधानका जीवनसाथी हुन्। २०१८ सालमा नेपाल प्रज्ञा प्रतिष्ठानमा प्रवेश गरी नृत्य निर्देशकसम्मको कार्यभार सम्हाली भर्खरै मात्र विश्राम लिएका प्रधानले भरत नाट्यममा स्नातकोत्तर गरे पनि उनको लगाव भने चर्या नृत्यमा छ। सन् १९६५ मा वैवाहिक जीवनमा प्रवेश गरेका प्रधानको जन्म २०१० सालमा काभ्रे, बनेपामा भएको हो। प्रधान दम्पतीका तीन छोरा छन्।

**० घरपरिवारलाई मनाउन कत्तिको गाह्रो भयो ?**
- म आफैं पनि कलाकार भएकाले कलाकार नै विवाह गर्ने इच्छा थियो तर त्यो इच्छा पूरा हुन सक्छ कि सक्दैन भने डरचाहिँ थियो।

**० श्रीमतीलाई स्वतन्त्रताको आवश्यकता कत्तिको छ ?**
- पहिलेजस्तो महिलाहरू घरमै मात्र सीमित रहने अवस्था छैन। स्वतन्त्र भएपछि कुनै पनि मानिसले आफ्नो विचार एवं बुद्धिले कार्य गर्न सक्छन्।

**० नृत्यजस्तो विधामा विवाहपछि अघि बढ्न कत्तिको गाह्रो छ ?**
- यो विधामा कहिले कोसँग कार्य गर्नुपर्छ भन्ने कुरा निश्चित हुँदैन तर कामप्रतिको लगावलाई नघटाई संकुचित भावनाबिना अघि बढ्ने हो भने अवश्य सफल हुन सकिन्छ।

**० यति लामो दाम्पत्य जीवनमा उहाँलाई कस्तो पाउनुभयो ?**
- म त्यति बोल्दिनँ र कुराभन्दा काम गर्न मन पराउँछु तर उनी बाहिरी मान्छे, नातागोता तथा आफ्नो काम सबैतिर भ्याउँछिन्। त्यसैले उनी आफ्नो पारिवारिकदेखि पेशागत जीवनसम्ममा सफल छिन्।

**० उहाँको कुन बानी सुधार्नुपर्छ ?**
- खासै केही देख्दिनँ। उनी बाहिर हुँदा फोन गर्छिन्। उनी ढिला हुँदा हतोत्साहित नहुन् भनेर म कहिल्यै रिसाउँदिनँ तर म अलि ढिला भएँ भने रिसाइहाल्छिन्।

**० तपाईंहरूको रुचि कत्तिको बाझ्छ ?**
- अरू बेला त हुँदैन, सँगै बजार जाँदा उनी अत्यावश्यक सामान मात्र किन्छिन् तर म धेरै पैसा खर्च गरेर भए पनि गुणस्तरीय सामान नै किन्न खोज्छु।

**० एउटा कुशल नृत्यांगनामा हुनुपर्ने गुण ?**
- सबैभन्दा पहिले मेहनत चाहियो। तपस्या र निरन्तर अध्ययनको संगमबाट नै एउटा कुशल नृत्यांगनाको जन्म हुन सक्छ।

**० दुवै जना एउटै क्षेत्रमा हुनुहुन्छ तर को बढी नाच्न सक्छ जस्तो लाग्छ ?**
- प्रायः सँगै काम गर्ने भएकाले यस क्षेत्रमा सन्तुलन आवश्यक छ, नभए नृत्य आकर्षक हुँदैन। मेरो अनुभवमा हामी दुवै बराबर नै छौं।

**० घरायसी काममा कत्तिको सघाउनुहुन्छ ?**
- हातखुट्टा चलाउनु पनि एउटा व्यायाम नै भएकाले म गर्न खोज्छु तर प्रायः उनले नै गरिरहेकी हुन्छिन्। घरायसी काम मिलीजुली नगरी एउटाले मात्र गर्न सक्ने काम हो जस्तो मलाई लाग्दैन।

**० उहाँ त अभिनय पनि गर्नुहुन्छ, तपाईंलाई कुनै सौख छैन ?**
- मलाई नृत्यप्रति नै विशेष झुकाव छ र यसमै पोख्त हौं जस्तो लाग्छ। नृत्य सबैभन्दा प्यारो भएकाले अभिनयमा खासै झुकाव छैन।

**० सधैं सँगै हुने मानिस कहिलेकाहीं नहुँदा कस्तो लाग्छ ?**
- कामविशेषले टाढा हुँदा उनको महत्त्व झन् बढ्छ। काममा त खासै फरक पर्दैन तर त्यस बेला प्रतीक्षा भने धेरै हुन्छ।

**० विवाहपछि उहाँलाई सोचेजस्तै पाउनुभयो ?**
- विवाहपछि जहाँ जाँदा पनि सँगै रहने भएकाले सम्बन्ध प्रगाढ हुँदो रहेछ। उनमा पनि एउटा असल श्रीमतीमा हुनुपर्ने गुण विकसित हुँदै गए।

**० विवाह गर्दा तपाईंको आर्थिक स्थिति कस्तो थियो ?**
- म डेरामा बस्थेँ तर घरबाट केही नलिई मेहनतका साथ सबै काम आफैं गर्थें। उनले यस्तो चीजको कुनै पर्वाह नगरी अघि बढ्न हौसला दिइन्।

**० अचेलका केटीहरू त धनी श्रीमान् नै खोज्छन् नि ?**
- हो, अहिले त सोचाइ नै फरक भैसकेको छ। तुरुन्तै सीधा कुरा गरी एकतिर मात्र ध्यान दिन्छन् र क्षणिक आवेसमा आएर गरेको निर्णयले पछि पछुताउँछन्।

**० अहिले धेरैजसो सम्बन्ध बिग्रिएका देखिन्छन्, के यही कारणले हो त ?**
- अप्रत्यक्ष रूपमा यो एउटा प्रमुख कारण हो तर पुरुषको नजरले भन्नुपर्दा अहिलेको जमाना फरक भैसकेको छ। त्यहीअनुरूप महिलाहरूको विचार र इच्छामा विविधता आएको छ। त्यसको परिपूर्ति हुन नसक्दा नै सम्बन्ध बिग्रन्छ।

**० उहाँ अझै कार्यरत भएकाले कस्तो नृत्य गरोस् भन्ने सल्लाह दिनुहुन्छ ?**
- हामी जुनसुकै काम सल्लाहबिना एक कदम पनि अघि बढाउँदैनौं। संस्कृति जोगाउने खालको नृत्य त सबैले गरेका हुन्छन्। त्यसैले अब ठूल्ठूला धार्मिक, ऐतिहासिक गीतिनाटक, नृत्य नाटक गरुन् जस्तो लाग्छ।

**– संगीता कटुवाल**

## पारिवारिक स्वास्थ्य

**डा. प्रकाश बुढाथोकी**



धूम्रपानले ग्यास्ट्रिक, खोकी, क्यान्सर आदि निम्त्याउँछ, फाइदा गर्दैन भन्ने आमधारणा जताततै छ, तैपनि चिया खाने समय भनेझैं अम्मलीले बिंडी खाने, चुरोट खाने वा छोटो ब्रेक भन्दै समय निकाल्छन् धूम्रपान गर्न। धूम्रपान फेसन बनिसकेको छ, पर्याय भैसकेको छ फेसनको, आधुनिकताको प्रतीकको, पहिचान देखाउन, साहसी बनाउन, मर्द बन्न सहर-बजारमा र गाउँघरमा पनि। भनिन्छ, सुर्ती खाने मानिस सधैं तरुनो रहन्छ, घरमा चोर लाग्दैन, धेरै साथी हुन्छन्। यसको तात्पर्य अम्मलीहरू बुढ्यौली नआउँदै युवावस्थामा नै खोकी, मुटुरोग र क्यान्सरले मर्छन्। जसले युवा उमेरदेखि नै धूम्रपान सेवन गर्छ र लगातार २० वर्षसम्म वा त्योभन्दा बढी समयसम्म सेवन गरिरहन्छ, उनीहरूको मृत्यु धूम्रपान नगर्नेको तुलनामा २०-२५ वर्षअघि नै हुन्छ।

सुर्तीजन्य पदार्थ भन्नासाथ मानिसको स्वास्थ्यमा हानिकारक असर पार्ने वस्तु भन्ने बुझिन्छ। चुरोटले खोकी लगाउने, हात, दाँत बिगार्ने, मुटुरोग तथा क्यान्सर लगाई मार्छ भन्ने थाहा हुँदाहुँदै अम्मली भैसकेपछि सुर्तीको दास भैसकेका कारणले छोड्न सकिँदैन। अम्मल सुर्तीजन्य पदार्थको सेवन सारा विश्वका लागि टड्कारो समस्या बनिरहेकोमा नेपाल त्यसबाट अछूतो रहने कुरै भएन, त्यसैमा अझ विगत १५ वर्षमा सुर्तीजन्य पदार्थको खपत १ हजार २ सय गुणाले बढ्दा उत्पन्न शारीरिक, मानसिक, पारिवारिक, आर्थिक, सामाजिक तथा वातावरणीय असर सम्झँदा नै कहाली लाग्ने भएको छ।

धूम्रपानको प्रयोग देखासिकीमा, नक्कल गर्ने, समस्याबाट मुक्ति पाउन तथा व्यक्तित्व बढाउन भनेर पहिलो प्रयोग ८-९ वर्षको उमेरमा गरिएको देखिन्छ भने त्यस्ता व्यक्ति १३-१५ वर्षसम्ममा धूम्रपानको अम्मली बनिसकेका हुन्छन्। त्यसैगरी लगभग ४० वर्षमा उकालो चढ्न नसक्ने गरी स्वाँ-स्वाँ गर्ने हुन्छन्। धेरैजसो युवायुवती आफूलाई आधुनिक देखाउन तनावबाट मुक्ति पाउन, चिन्ता हटाउन, काममा जोस जगाउन, अरूको लहैलहैमा, साथीभाइको संख्या बढाउन र विपरीत लिङ्गीको ध्यान आफूतर्फ आकर्षित गर्न धूम्रपान गर्छन्। त्यसैमा युवतीको संख्या डरलाग्दो किसिमले बढ्दो छ जुन कुरा मुख परीक्षण गर्दा तथा उपत्यकाको रात्रिजीवनमा देख्न सकिन्छ। सहरी होस् वा ग्रामीण, शिक्षित होस् वा अशिक्षित, पुरुष हुन् वा महिला, वयस्क हुन् वा युवायुवती जोसुकैमा धूम्रपानको कुलतले जरा गाडेको छ। धूम्रपान स्वास्थ्यका लागि हानिकारक छ भन्ने कुरा राम्रोसँग बुझेका, पढेलेखेका युवायुवतीहरूमा समेत धूम्रपानको लत छाडा रूपमा बढ्दै जानुमा केही हदसम्म उनीहरूका अभिभावकहरू पनि जिम्मेवार छन्।

विश्व स्वास्थ्य संघले केही वर्षअघि गरेको सर्वेक्षणमा मुलुकको ७२ प्रतिशत घरमा न्यूनतम एक व्यक्तिले धूम्रपान गरेको पाइएको थियो भने त्यसमा १२ प्रतिशत १० वर्षको उमेर नपुग्दै सुर्तीजन्य वस्तुको सेवन सुरु गर्नेहरू थिए। सन् २००० को सर्वेक्षणले १५ वर्षभन्दा माथिका ३८ दशमलव ४ प्रतिशत जनता धूम्रपान गर्छन् जसमा पुरुष ४८ दशमलव ४ प्रतिशत तथा २९ दशमलव ३ प्रतिशत महिला छन् भन्ने देखाएको छ। विश्व स्वास्थ्य संगठनका अनुसार अहिले प्रत्येक ६ दशमलव ५ सेकेन्डमा १ व्यक्ति धूम्रपानको कारणले मर्छ भने प्रत्येक दिन १३ हजार ३ सय र वार्षिक रूपमा ५० लाख व्यक्ति मर्छन् जसमध्ये ७० प्रतिशत नेपालजस्तै विकासशील देशमा मर्छन्। नेपालमा वार्षिक १६ हजार मानिस धूम्रपानकै कारणले मर्छन्। विकसित देशमा अम्मली कम भैरहेका र अविकसित राष्ट्रमा बढिरहेका छन् भने धूम्रपान गर्नेहरू सुर्तीजन्य पदार्थको उत्पादक बहुराष्ट्र कम्पनीहरूले अविकसित मुलुकहरूलाई आफ्नो भविष्यको बजारका रूपमा हेरिरहेका छन्।

**धूम्रपान भन्नाले के बुझिन्छ ?**

सुर्तीजन्य वनस्पति प्रमुखतया निकोटियना रस्टिका तथा निकोटियना टोबाकमको पात सुकाएर सीधै वा विभिन्न प्रक्रियाद्वारा प्रशोधन गरी वा प्रशोधनपछि अन्य तत्त्व मिसाएर प्याकेटमा राखी बनाइएका चुरोट, बिंडी, सुर्ती, सुल्फा, जर्दा, पराग, गुट्खा इत्यादिमा हुने निकोटिन नामक रासायनिक पदार्थलाई कुनै पनि माध्यम चाहे मुख, म्युकोसा, नाक वा छालाबाट होस् शरीरले ग्रहण गर्नु वा अवशोषित गर्नुलाई धूम्रपान भनिन्छ। धूवाँ सेवन मात्र नभएर सुर्ती सेवन पनि एक प्रकारको दुर्व्यसन हो।

**अम्मली बन्नुको कारण**

संसारभरि नै व्यापक दुरुपयोग गरिने लागूपदार्थ सूर्तीमा रहेको निकोटिन नै सबैभन्दा बढी नशालु हानिकारक लत बसाल्ने तत्त्व मानिन्छ। निकोटिनको लत हेरोइन र कोकिन जत्तिकै शक्तिशाली हुन्छ। सुर्तीमा रहेको उक्त निकोटिन धूवाँको माध्यमबाट लिंदा फोक्सोले र चपाएर, चुसेर, लेपेर लिंदा पाचन प्रणालीबाट शरीरले अवशोषित गरी रगतमार्फत् दिमागमा पुग्छ। एक खिल्ली चुरोटमा एक मिलिग्राम बराबर निकोटिन हुन्छ, यसले लत बसाल्ने, मुटु, रक्तनलीमा विभिन्न रोगको विकास गराउँछ। साधारणतया चुरोट खाने व्यक्तिले आफ्नो वरिपरि ८५ प्रतिशत निकोटिन फैलाउँछ। उक्त हावामा रहेको निकोटिन नाकमा पुग्दा दोब्बर र फोक्सोमा पुग्दा चौबर हुन्छ धूम्रपान नगर्नेहरूमा पनि।

सुर्तीको रस वा धूवाँमा निकोटिन भनिने एक प्रकारको तत्त्व हुन्छ जसले चुरोट तानेको १५ सेकेन्डमै हाम्रो मस्तिष्क, स्नायुलाई असर पार्छ। निकोटिनको मात्रा रगतमा कम हुनासाथ तलतल लाग्नु, के खाऊँ ? कता जाऊँ ? लाग्ने हुन्छ र फेरि धूम्रपान गर्न मन लाग्छ। यसरी निकोटिनको दासी वा अम्मली भइन्छ र अम्मली बनेपछि छाड्न चाहेर पनि सकिँदैन। निकोटिनले हाम्रो शरीरको सम्पूर्ण भागलाई नियन्त्रणमा राख्ने अति संवेदनशील अंग मस्तिष्कमा पाइने एक रसायन तत्त्वलाई नष्ट गर्छ, जसले गर्दा हामी अम्मली बन्छौं र पछि गएर सम्झनाशक्ति कम हुने तथा निद्रा नलाग्ने हुन्छ।

*(डा. बूढाथोकी, लुम्बनी अञ्चल अस्पताल र लुम्बिनी नर्सिङ होम, बुटवलमा दाँत तथा मुखरोग विशेषज्ञका रुपमा कार्यरत छन्।)*



## साडीमा नारी

साडी विशेष पहिरन हो जसको एउटा छुट्टै विशेषता छ। यो सभ्यताको प्रतीक पनि हो। नारीलाई साडीमा सजिएको देख्दा मन निकै खुसी हुन्छ।

र्‍याम्पमा पाश्चात्य परिधानभन्दा हाम्रो संस्कृतिले दिएको साडी नै आकर्षक देखिन्छ। पाँच हात लामो साडीमा जुनसुकै क्षेत्रका नारी पनि आकर्षक देखिन्छन्। १६ वर्षका किशोरी हुन् वा वयस्क साडी सबैलाई सुहाउँछ।

धेरैजसो किशोरी छोटा, अंग प्रदर्शन हुने खुला पहिरन लगाउन रुचाउँछन्। यति हुँदाहुँदै पनि तिनै किशोरीहरू कुनै विशेष अवसरमा भाग लिन जाँदा भने साडीमा सजिन मन पराउँछन्। साडीलाई संसारकै सबैभन्दा सेक्सी पहिरन मान्नेहरू पनि छन्। सबै शरीर ढाकेर पनि सौन्दर्यमा कुनै कमी हुन नदिने पहिरन भएकाले नै साडीलाई सबैभन्दा सेक्सी पहिरनको संज्ञा दिइएको हो।

साडी उच्च वर्गका महिलादेखि पिछडिएका आदिवासी महिलाले पनि लगाउने गरेको पाइन्छ। साडीमा महिलाहरू सभ्य, शालीन एवं ममतामयी मात्र होइन आकर्षक पनि देखिन्छन्। सुन्तला वा रातो जर्जेटको साडीमा आकर्षक कढाइ गरिएको महँगो साडी लगाउँदा होस् वा सुतीको साडी लगाउँदा होस् महिलाको सौन्दर्य खुलेकै हुन्छ।

नेपाली नारी अरू समयमा भन्दा चाडपर्वमा बढी साडी लगाउँछन्। हिँजोआज अरूको देखासिखी गरेर महँगा साडी किन्ने चलन छ। यसले शरीर सुहाउँदो साडीभन्दा महँगो साडी किन्ने होड बढेको छ। साडी सस्तो वा महँगोभन्दा पनि शरीरमा खुल्नुपर्छ भन्ने कुरामा ध्यान पुऱ्याउनु उचित हुन्छ।

**–जुली प्याकुरेल**

## परिकार

### स्रेडेड ल्याम्ब विथ ग्रीन पिपर

**सामग्री :** ५ सय ग्राम खसीको मासु, १ सय ग्राम प्याज मसिनो लामो गरी काटेको, २० ग्राम लसुन मसिनो गरी काटेको, १५ ग्राम कर्न फ्लोर वा आरारोट, १ ठूलो चम्चा तेल, १० मिलिलिटर ह्वाइट वाइन, आधा सानो चम्चा सोया सस, १० ग्राम हरियो प्याज लामो गरी काटेको, १ सय ग्राम हरियो भेंडे खुर्सानी लामो गरी काटेको, आधा सानो चम्चा रातो खुर्सानी पिसेको, नुन, सेतो मरीच, अजिनोमोटो स्वादअनुसार।

**विधि :** हड्डी नभएको मासुलाई अलि लामो मसिनो गरी काट्ने र त्यसमा नुन, मरीच, वाइन राखी मोलेर एकछिन् राख्ने, अर्कोतिर एउटा प्यानमा तेल तताउने तथा लसुनलाई एकछिन् भुट्ने। त्यसमा प्याज राखी भुट्ने। त्यसपछि मोलेको मासु हाली ५-७ मिनेटजति भुट्ने। अलिकति पानी हाली २-३ मिनेट पकाउने। त्यसपछि भेंडे खुर्सानी, नुन, मरीच, सोया सस, अजिनोमोटो हालेर चलाई कर्नफ्लोरलाई पानीमा घोलेर त्यसमा खन्याउने र चलाउने। हरियो प्याज हाली चलाउने तथा निकाल्ने। यसलाई राइससँग सर्भ गर्ने।



# प्रेममा पुरुष मनोविज्ञान

कुनै पनि नयाँ कुरामा बढी रुचि हुनु र ध्यान दिनु व्यक्तिको प्राकृतिक स्वभाव हो । प्रेम सम्बन्ध पनि यसबाट अछुतो छैन । प्रेम सम्बन्धको सुरुका दिनमा सबै कुरा राम्रो र सुमधुर लाग्छ । तपाईंको प्रेमी तपाईंलाई भेट्न दिइएको समयभन्दा दस मिनेटअगावै निर्धारित स्थानमा आइपुग्छ र तपाईंको प्रतीक्षामा समय बिताउँदा पनि खुसी रहन्छ । हरेक समय आफ्नो प्रेमको अभिव्यक्ति दिइरहन ऊ पछि पर्दैन तर जब प्रेम सम्बन्ध पुरानो हुँदै जान्छ तब उसले तपाईंलाई दुई-तीन दिनसम्म फोन गर्न पनि बिर्सन्छ । अधिकतर पुरुषको मनोविज्ञान यस्तै हुन्छ । जब ऊ आफ्नो प्रेम सम्बन्धमा निश्चित हुन्छ तब ऊ कुनै पनि कुरालाई गम्भीरतापूर्वक लिने चाहना राख्दैन न त सुरुका दिनमा जस्तो हरेकपल आफ्नो प्रेमको अभिव्यक्ति दिने कुरामा नै रुचि राख्छ । आफ्नो प्रेमको अभिव्यक्ति दिने मामिलामा प्रत्येक व्यक्तिको शैली फरक-फरक हुन्छ । कोही शान्त एवं लज्जालु स्वभावका हुन्छन् । उनीहरू आफ्नो प्रेमको अभिव्यक्ति पनि अलिक फरक ढंगबाट गर्छन् । कयौं अवस्थामा त्यस्ता व्यक्तिको व्यवहार बुझ्न पनि कठिन हुन्छ।

कयौं अवस्थामा पुरुषहरू आफ्नी प्रेमिकाबाट आफ्नो कुनै कामका लागि प्रशंसाका दुई शब्द सुन्न आतुर हुन्छन् र आफ्नी प्रेमिकाको प्रशंसा त्यति आवश्यक मान्दैनन् । सबै प्रेमी यस्ता हुन्छन् भन्ने पनि छैन । यद्यपि अधिकतर पुरुष आफ्ना बारेमा प्रशंसा सुन्न रुचाउँछन् । स्वाभाविक रूपले हरेक व्यक्ति कुनै न कुनै रूपमा प्रशंसाको चाहना राख्छन् । तपाईंले आफ्नो प्रेमीको प्रशंसा गर्नुभयो भने ऊ पनि खुलेर तपाईंको प्रशंसा गर्न पछि पर्दैन तर प्रारम्भ भने आफैबाट हुनुपर्छ । प्रेममा अधिकतर पुरुषको मनोवृत्ति यस्तै हुन्छ । प्रेममा स्त्री-पुरुषको मनोविज्ञान फरक-फरक हुन्छ । मित्रता होस् वा प्रेम सम्बन्ध महिलाहरू आफ्नो ब्वाइफ्रेन्डका साथ आफ्ना स-साना कुराहरू चाहे खुसी होस् वा दुःख बाँड्न चाहन्छन् । आफ्नो ब्वाइफ्रेन्डसित एक्लै हुँदा आफूसँग उसले प्रेमपूर्ण, मीठा-मीठा रोमान्टिक कुराहरू नै गरोस् भन्ने उनको चाहना हुन्छ । प्रेम सम्बन्धमा अधिकांश महिला भावनात्मक सम्बन्धलाई प्राथमिकता दिन्छन् र शारीरिक सम्बन्धबाट सम्भव भएसम्म बच्ने प्रयास गर्छन् तर पुरुषका लागि शारीरिक आकर्षणले पनि महत्त्व राख्छ । धेरै पुरुष आफ्नो प्रेम सम्बन्धमा प्रेमिकासित मात्र भावनात्मक रूपले जोडिएर रहन चाहँदैनन् । उनीहरूमा प्रेमिकाको शारीरिक सौन्दर्यप्रति पनि उत्तिकै रुचि हुन्छ । प्रायः पुरुषको मनोवृत्ति यस्तै हुने भएकाले यसप्रकारको व्यवहारलाई अस्वाभाविक मान्नु उचित हुँदैन । विवाहपूर्व शारीरिक सम्बन्धलाई तपाईं उचित मान्नुहुन्न र यसमा तपाईंको विमति छ भने खुलेर कुराकानी गर्नु बुद्धिमानी हुन्छ । यदि ऊ तपाईंलाई मनैदेखि प्रेम गर्छ भने उसले तपाईंको भावनाको अवश्य कदर गर्नेछ ।

प्रायः पुरुष बाहिरबाट हेर्दा रफटप र स्ट्रङ देखिन्छन्, भित्री रूपमा उनीहरू त्यत्तिकै कोमल एवं इमोसनल हुन्छन् । कहिलेकाहीँ उनीहरूको व्यवहार स-साना बालबालिकाहरूको जस्तो हुन्छ । प्रेमिकाले आफ्नो हेरचाह गरून् भन्ने चाहना तिनमा सधैं हुन्छ । आफ्नी गर्लफ्रेन्ड वा पत्नीले आफ्ना स-साना कुराको ख्याल गरून्, आफूलाई आमासरह ध्यान दिऊन् भन्ने मानसिकता प्रायः पुरुषमा पाइन्छ । यद्यपि पुरुषको आत्मनिर्भरता र आत्मसम्मानको संवेदनशीलताप्रति पनि उत्तिकै सजक हुनुपर्छ । सानो कुराले पनि प्रेम सम्बन्धमा तुषारापात गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । प्रायः महिलाले आफ्नो मनको भावना सहजरूपले व्यक्त गर्छन् । यदि कुनै कुरामा रिस उठे वा मन दुखे त्यसलाई व्यक्त गर्न उनीहरू धेरै समय लगाउँदैनन् । यो मामिलामा पुरुषहरू धेरै गम्भीर हुन्छन् ।

बाल्यावस्थादेखि नै केटाहरूलाई आफ्नो भावनालाई नियन्त्रणमा राख्न सिकाइन्छ । यदि कुनै बालक रुन थाल्यो भने उसलाई किन केटीजस्तै रोएको वा जिद्दी गरेको भनेर फकाइन्छ । परिणाम उनीहरू वयस्क अवस्थासम्म आइपुग्दा आफ्नो दुःख, क्रोध वा रिसलाई नियन्त्रणमा राख्ने प्रयास गर्छन् । सफल नभए पनि सकेसम्म उनीहरू आफ्नो चिन्ता अरूका सामु जाहेर गर्दैनन् । यद्यपि उनीहरूभित्र क्रोध भने जम्मा भएको हुन्छ । यस्तो स्थितिमा कुनै बखत बिनाकारण स-साना कुरामा पनि तिनलाई बढी रिस उठ्न सक्छ, यहाँसम्म कि आफ्नी प्रेमिका, पत्नी वा अरू कसैसितको सम्बन्ध पनि बिग्रने वा टुट्ने सम्भावना हुन्छ । प्रायः पुरुष आफ्नो दुःखलाई व्यक्त नगरी स्वयं महिलाले नै उसको मनस्थिति बुझेर त्यसअनुरूप सहयोग गरोस् भन्ने चाहना राख्छन् ।

त्यसैले यो अवस्थामा महिलाको व्यवहार महत्त्वपूर्ण हुन्छ । प्रेम सम्बन्धलाई बिग्रने स्थितिसम्म पुऱ्याउने मामिलामा जहाँ पुरुष पक्ष ६० सम्म जिम्मेवार रहन्छ त्यहीँ यो सम्बन्धलाई बिग्रन नदिने मामिलामा महिलाको भूमिका ९० प्रतिसतसम्म महत्त्वपूर्ण हुन्छ । अतः आफ्नो साथीको नदेखिएको वा लुकेको पक्ष तथा मनोभाव बुझ्न सके प्रेम सम्बन्धलाई सुमधुर एवं चिरस्थायी बनाउन सकिन्छ ।

**–रोजिन शाक्य**

## पुरुषका केही झूटा कुरा



महिलाहरू नै बढी झूटो बोल्ने गरेको कुरा प्रायः हामी सुन्छौं । पुरुषहरू पनि महिलाभन्दा झूटो बोल्न कम हुँदैनन् । उनीहरू आफ्नो वैवाहिक जीवन सुखी बनाउन वा आफ्नो कमजोरी लुकाउन झूटको सहायता लिन्छन् ।

क) कहिलेकाहीँ तपाईंले श्रीमान्सँग कुनै पहिरन लगाएर त्यसका बारेमा सोध्नुभयो भने उहाँको उत्तर हुन्छ-यो पहिरनमा तिमी धेरै सुन्दर देखिन्छ्यौ ।

यसमा झूटो बोल्नुको कारण हुन्छ-आपसी मतभेद वा झन्झटबाट बच्नु । श्रीमान्-श्रीमती भएर पनि तपाईंहरूबीच छुट्टाछुट्टै विचार हुन्छ । आपसी मतभेदबाट बच्न र तपाईंको खुसीमा साथ दिएको निहुँ बनाउन उहाँले झूटो कुराको सहायता लिनुहुन्छ । यसबाट श्रीमान्को आफूप्रतिको प्रेम झल्कन्छ ।

ख) घरको कुनै सामान बिग्रिए वा घरमा कुनै ठूलो-सानो अड्चन आइपरे उहाँको जवाफ हुन्छ- यो त मेरा लागि सामान्य काम हो ।


यो उहाँको अहंवादी स्वभावको परिणाम हो । उहाँ आफूले गर्न नसक्ने काम अरूले गर्न सक्छन् भन्ने कुरा मान्न तयार हुनुहुन्न ।

ग) कहिलेकाहीँ उहाँ धेरै चिन्तित र दुःखी देखिनुहुन्छ तर तपाईंले सोद्धा आफू बिल्कुलै ठीक र चिन्तारहित भएको बताउनुहुन्छ । अधिकांश श्रीमान् आफ्नो कामका सम्बन्धमा देखिएको तनावलाई लिएर श्रीमतीलाई पनि तनावयुक्त बनाउन चाहँदैनन् । त्यसैले यो कुरालाई उनीहरूले लुकाउँछन् ।

घ) साँझ श्रीमान्-श्रीमती कतै बाहिर जाने योजना बनाउनुभएको थियो तर प्रतीक्षा गर्दागर्दै उहाँ साँझ बाहिरै खाना खाएर ढिलो आउनुभयो । यस्तो अवस्थामा तपाईं दुःखी हुँदा वा रिसाउँदा मैले तिमीलाई फोन गरेको थिएँ वा सन्देश दिने प्रयास गरेको थिएँ तर.....भन्ने उत्तर पाउनुहुन्छ । यसको मुख्य कारण आफ्नो बचाउ गर्न खोज्नु हो । तपाईंले उहाँलाई माया र विश्वास गर्ने हुँदा यो कुराको पनि विश्वास गर्नुहुन्छ भन्ने भावना उहाँमा हुन्छ ।

ङ) माथि उल्लेखित चार किसिमका झूटो कुराका साथै कहिलेकाहीँ कुनै गल्ती गरेको कुराको प्रमाण फेला परेमा पनि फेरि उहाँ झूटो बोल्नुहुन्छ । यो अवस्थामा उहाँको जवाफ हुन्छ- म अब कहिल्यै झूटो बोल्दिन । यो अवस्थामा पश्चात्ताप गर्नुका साथै कहिल्यै झूटो नबोल्ने कसम पनि खानुहुन्छ । तपाईंले उहाँलाई माफी दिने कुरामा विश्वास भए पटक-पटक म अब कहिल्यै झूटो बोल्दिन भन्ने शब्द प्रयोग गरी फेरि झूटो बोल्नुहुन्छ । अब तपाईं नै भन्नुहोस्- बढी झूटो बोल्ने महिला कि पुरुष ?

# प्रेमी-प्रेमिकाबीचको सम्बन्ध कसरी सुधार्ने ?



प्रेमीप्रेमिका यस्ता पन्छीरूपी जोडी हुन्, जो भिन्न परिवार, भिन्न विचार, भिन्न बानीबेहोरा तथा भिन्न दिशाबाट आएर एकसाथ एउटै डालोमा बसेर सम्पूर्ण जीवन व्यतीत गर्छन् । त्यस्तो स्थितिमा सम्बन्धलाई निरन्तरता दिन आफ्नो दायरा फराकिलो पार्नुपर्छ । त्यसका लागि सम्बन्धमा सुदृढ पारदर्शिता आवश्यक छ । सम्बन्ध जति सफा हुन्छ, प्रेमको गहिराइ त्यति नै प्रगाढ र मजबुत हुन्छ । प्रेमी-प्रेमिकाबीच आत्मविश्वासको ढोकालाई जति बलियो बनाउन सकिन्छ, सम्बन्ध एवं कुराकानीको सिलसिला पनि उति नै अघि बढ्छ ।

**तनावको अन्त्य**

- कुराकानीका क्रममा तनाव उत्पन्न गर्ने एक-अर्काको कमजोरी, दोष, अवगुण आदिका साथै घटना-दुर्घटनाको चर्चा स्मरण गर्नु हुँदैन ।
- अप्रिय कुरा नगर्ने । जीवनमा आँधीबेरी ल्याउने खालको कुरा पनि गर्नु हुँदैन ।
- कुनै पनि कुरा नलुकाई सच्चा प्रेमको उदाहरण बन्नुपर्छ । विश्वासघात गर्ने कमजोरी वा हीनताका सम्बन्धमा कुरा उठाउनु उचित हुँदैन ।
- आवश्यकताभन्दा बढी आडम्बर देखाउनु हुँदैन ।
- कतिपय गम्भीर घटना लुकाउँदा नै एक-अर्काको हित हुन्छ । कतिपय घटना बताउँदा भविष्यमा गएर त्यसको झन्झट कम हुन्छ भने एक-अर्कामा विश्वास, स्नेह एवं प्रगाढता बढ्छ ।
- स-साना कुराबाट एक-अर्काको विचार बुझ्नुपर्छ र एक-अर्काको काममा सामेल गराउनुपर्छ ।
- एक-अर्काको गल्ती खोतल्ने प्रयास गर्नु राम्रो हुँदैन ।
- बेफाइदा हुने अनावश्यक झूटो कुरा बोल्नु हुँदैन ।
- विश्वास नै सबैभन्दा ठूलो धन हो । यसमा कमी आउन दिनु हुँदैन । स्वार्थी व्यवहारले माया-प्रेममा घात हुने सम्भावना हुन्छ ।
- सम्बन्धमा कुनै तेस्रो व्यक्तिलाई प्रवेश गर्न दिनु हुँदैन । न त कुनै त्यस्तो सम्बन्धका बारेमा एक-अर्कासँग कुराकानी गर्नु नै राम्रो हुन्छ ।
- रोमान्सको क्षणमा हीनताबोध हुने कुरा गर्नु हुँदैन ।
- मायाको सञ्चार एवं प्रेमभाव नष्ट हुन नदिन संवाद गर्नु आवश्यक छ ।
- प्रेमलाई सुमधुर बनाउन संगीत वा त्यस्तै कुनै कविता-सायरी पनि आवश्यक हुन्छ ।
- भ्रम निवारण गर्न सक्नुपर्छ
- मनको भ्रान्ति वा पूर्वाग्रहलाई जरैदेखि उखेलेर फ्याँक्नुपर्छ ।
- अज्ञानतावश कुनै भ्रामक स्थिति उत्पन्न भए गल्तीलाई चाँडोभन्दा चाँडो सुधार गर्नुपर्छ ।
- अनैतिक सम्बन्ध तुरुन्त तोड्नुपर्छ । त्यसको गम्भीर परिणाम निस्कन सक्छ ।
- एकपक्षीय व्यवहार पटक्कै नगरी आपसी सल्लाह र सहमतिमै पुगेको प्रेमको प्रतिष्ठा बढ्न सक्छ ।
- परस्परमा विश्वास बढाउने काम गर्नुपर्छ ।
- असन्तुष्टि व्यक्त गर्नु हुँदैन, यसले एक-अर्काको कान्ति क्षीण गराइदिन्छ ।
- सन्तुष्टिले भ्रान्तिलाई समेत निर्मूल पारिदिन्छ । निकटतालाई निरन्तरता दिंदा तनाव स्वतः कम हुन्छ ।
- एक-अर्काको समस्या बुझिदिनुपर्छ ।
- एक-अर्काको स्वभावगत कमी, कमजोरी तथा विशेषतालाई जान्ने-बुझ्ने प्रयास गर्नुपर्छ ।
- परिस्थितिदेखि नआत्तिई त्यसलाई हृदयदेखि स्वीकार गर्नुपर्छ ।
- यसै दृष्टिकोणबाट आफ्नो मानसिकता तथा वैचारिक उदारता झल्काउनुपर्छ ।
- सानातिना गल्ती, कमजोरीलाई सामान्य मानेर स्वीकार गर्नुपर्छ ।
- एक-अर्काको खुसीमा नै आफ्नो खुसी खोज्नुपर्छ ।
- शंकाले लंका पिर्छ, अतः शंका-उपशंका हटाउनुपर्छ ।
- आफ्नो वानीबेहोरा एवं सोचाइ तथा मान्यता नै पूरै सही छ भन्ने मान्नु हुँदैन ।
- दुवैको लक्ष्य एवं सपना साकार पार्ने प्रयास गर्नुपर्छ ।
- समाजको वास्तविकता कठोर हुन्छ । सारा जीवन त्यही कठोर वास्तविकताबीच रहेर बाँच्नुपर्छ । यो वास्तविकतालाई खुला हृदयले स्वीकार गर्नुपर्छ, जसबाट तनाव हटेर जान्छ । मानसिक तथा वैचारिक उदारता दुवैमा बराबर हुनुपर्छ ।
- प्रेम सम्बन्धलाई भौतिक कुरासँग तुलना गर्नु हुँदैन ।
- मानसिक उदारता सुदृढ सम्बन्धको पहिलो खुड्किला हो, जसबाट सम्बद्ध पक्ष अभिप्रेरित हुन्छन् ।
- सफलतामा एक-अर्कालाई साथ दिनुपर्छ ।
- हमेसा एक-अर्काको भलो चिताउनुपर्छ ।
- सम्बन्धमा पर्याप्त संवेदनशील भएर काम लिनुपर्छ ।
- स-साना कुरामा तनाव निम्त्याउनु हुँदैन ।
- प्रेममा हरपल घनिष्ठता, नयाँपन र सामाञ्जस्यता ल्याउने प्रयास गर्नुपर्छ ।
- मनको सपना साकार पार्ने सोच लिनुपर्छ ।
- एक-अर्काको भावनालाई सम्मान गर्दै आ-आफ्नो जिम्मेवारी पहिचान गरी त्यसलाई पूरा गर्नपट्टि लाग्नुपर्छ ।
- दायित्व वा कर्तव्यलाई नाक नखुम्च्याइ ठूलो उत्साह र लगनसाथ खुसीले पूरा गर्न सक्नुपर्छ ।
- वाचा अनिवार्य निर्वाह गर्नुपर्छ ।
- सपनाको घर यसरी सजाउनुहोस् कि लागोस् एक-अर्काको सपना साकार भैरहेछ, जसले हरक्षण सुखी रहन्छ ।
- सहायता, सहयोग र स्नेहले एकअर्काको विश्वास जित्न सकिन्छ ।
- समस्या समाधान हुँदा एक-अर्कालाई श्रेय दिनुपर्छ । यसबाट असफलताको तनाव हटेर जान्छ ।
- एक-अर्काको विचारलाई प्रशंसाको दृष्टिकोणबाट हेर्नाले उदासीनता हटेर जान्छ ।
- सहमति, सम्झौता वा इच्छालाई भारी मनले नस्वीकारी सहमतिका रूपमा ग्रहण गर्दा आपसी विश्वास बढेर जान्छ ।
- सम्झौतावादी सोच नराम्रो होइन, सम्झौता भनेकै बुद्धि र विवेकको संगम हो । यसलाई स्वीकार गरी गर्वको अनुभूति गरौं । प्रेममा हीनताबोध नगरौं ।

# कस्ता छन् विश्वकपमा सहभागी टिम ?



वेस्ट इन्डिजमा आयोजना हुने नवौं विश्वकपमा १६ टिमले प्रतिस्पर्धा गर्दैछन् । तीमध्ये आयरल्यान्ड र बर्मुडाले पहिलो पटक विश्वकप क्रिकेटमा सहभागिता जनाउँदैछन् । विश्वकप क्रिकेटको इतिहासमा यति धैरै टिमको सहभागिता भएको यो पहिलो अवसर हो । सम्भवतः यसै कारण आईसीसीले यस पटकको विश्वकपका खेल खेलाउन नयाँ विधि अपनाएको छ । यसपटक सहभागी १६ टिमलाई ४ समूहमा विभाजन गरिएको छ । प्रत्येक समूहमा ४/४ टिम सहभागी छन् । प्रत्येक समूहबाट २/२ टिमले अर्को चरणमा प्रवेश पाउनेछन् । यसअघि आईसीसीले पछिल्ला दुई विश्वकप क्रिकेटमा सहभागी टिमलाई दुई समूहमा विभाजन गरी हरेक समूहबाट ३/३ टिमलाई दोस्रो चरणमा प्रवेश गराएर उक्त चरणलाई 'सुपर सिक्स' नाम दिएको थियो । यस पटक सहभागी टिममध्ये ८ टिमले दोस्रो चरणमा प्रवेश पाउने भएकाले यो चरणलाई 'सुपर एट' नामकरण गरिएको छ ।

## समूह ए

नवौं विश्वकपको समूह 'ए' मा अस्ट्रेलिया, दक्षिण अफ्रिका, स्कटल्यान्ड तथा हल्यान्ड छन् । समूह 'ए' का सबै खेल सेन्ट किट्स एन्ड नेभिसमा खेलाइनेछ । आईसीसीको वरियताक्रममा दोस्रो तथा विश्वकप क्रिकेट आयोजकको वरियता क्रममा पहिलो स्थानमा रहेको अस्ट्रेलिया एवं आईसीसीको वरियताक्रममा पहिलो र विश्वकप क्रिकेट आयोजकको वरियताक्रममा पाँचौं स्थानमा रहेको दक्षिण अफ्रिका यसै समूहमा छन् । यो समूहबाट अस्ट्रेलिया र दक्षिण अफ्रिका दुवै टिम सुपर एटका प्रबल दाबेदार हुन् । अन्य दुई टिम स्कटल्यान्ड र हल्यान्डले यो विश्वकपमा कुनै वरियता पाएका छैनन् । अहिलेसम्म टेस्ट स्तरको मान्यता नपाएका यी दुवै टिमको उपस्थितिलाई समीक्षकहरूले मूल्यांकनयोग्य समेत सम्झेका छैनन् । यो समूहको सबैभन्दा महत्त्वपूर्ण खेल अस्ट्रेलिया र दक्षिण अफ्रिकाबीच चैत १० गते खेलाइनेछ । यही खेलले समूह विजेताको निर्धारणसमेत गर्नेछ ।

यो समूहमा रहेको अस्ट्रेलियाले अहिलेसम्मका सबै विश्वकपमा सहभागिता जनाउँदै ५८ वटा खेल खेलिसकेको छ । जसमध्ये अस्ट्रेलियाले ४० वटामा विजय प्राप्त गर्दै ३ पटक (सन् १९८७, १९९९ र २००३) विश्वकप जितिसकेको छ । विश्वकपमा अस्ट्रेलियाले १७ वटा खेलमा मात्रै पराजय व्यहोरेको छ भने सन् १९९९ मा दक्षिण अफ्रिकासँग खेलिएको सेमिफाइनल बराबरीमा टुंगिएको थियो । त्यसबेला अघिल्लो खेलमा ती दुई टिमले गरेको प्रदर्शनका आधारमा अस्ट्रेलियाले फाइनलमा प्रवेश पाएको थियो ।

अस्ट्रेलियाले अहिलेसम्म भएका ८ विश्वकपमध्ये ५ वटा विश्वकपको फाइनलमा प्रवेश गरेको छ । अस्ट्रेलिया पहिलो विश्वकपको फाइनलमा वेस्ट इन्डिजसँग १७ रनले तथा छैटौं विश्वकपमा श्रीलंकासँग ७ विकेटले पराजित भएको थियो । नवौं विश्वकपमा अस्ट्रेलियाको दाबीलाई बलियो मान्ने पक्षधरहरूको तर्क के छ भने अस्ट्रेलिया समकालीन समयमा सबै टिमलाई पराजित गर्न समर्थ देखिएको छ । अस्ट्रेलियाको पछिल्लो उपलब्धिका रूपमा सन् २००६ डिसेम्बरमा भारतमा सम्पन्न मिनी विश्वकप भनिने च्याम्पियन्स ट्रफीमा उसले पाएको सफलता पनि छ ।

यद्यपि अस्ट्रेलियाको विपक्षमा तर्क गर्नेहरू भन्छन्– गत २००७ जनवरी/फेब्रुअरीमा अस्ट्रेलियामै सम्पन्न न्युजिल्यान्ड तथा इङ्ल्यान्ड सम्मिलित त्रिकोणीय क्रिकेट गत साता न्युजिल्यान्डमा अस्ट्रेलियाले अहिलेसम्मकै सबैभन्दा ठूलो पराजय बेहोरेपछि कतिपय विश्लेषकहरूले नवौं विश्वकपमा अस्ट्रेलियाको दाबीलाई कमजोर मान्न थालेका छन् । अस्ट्रेलियाका लागि घातक खेलाडीका रूपमा देखिँदै आएका सेन वार्नको संन्यासले पनि अस्ट्रेलियाको प्रदर्शनलाई प्रभावित तुल्याउनेछ, तर पनि कप्तान रिक्की पोन्टिङ, विकेट किपर, एडम गिलक्रिस्ट, अलराउन्डर एन्ड्रु सिमोन्ड, तीव्रगतिका बलर ग्लेन म्याकग्राथ, ब्रेट् ली, युवा ब्याट्सम्यान माइकल क्लार्क तथा माइक हुसेको प्रदर्शनमा अस्ट्रेलियाको सफलता निर्भर रहनेछ ।

### अस्ट्रेलियाका खेलाडीहरू

रिक्की पोन्टिङ (कप्तान), एडम गिलक्रिस्ट (विकेट किपर), ब्राड हेडिन (विकेट किपर), नथन ब्रेकन, माइकल क्लार्क, म्याथ्यु हेडेन, ब्राड हग, ब्राड हग्स, माइक हुसे, माइकल जोन्सन, ब्रेट् ली, ग्लेन म्याकग्राथ, एन्ड्रु सिमोन्ड, सेन वाट्सन, सेन टाइट ।

समूह 'ए' मै रहेको दक्षिण अफ्रिकाले सन् १९९२ को पाँचौं विश्वकपदेखि विश्वकपमा सहभागिता जनाउन थालेको हो । परम्परागत रूपमा बलियो भए पनि तत्कालीन रंगभेद नीतिका कारण दक्षिण अफ्रिका अन्तर्राष्ट्रिय क्रिकेटमा बहिष्कृत थियो । रंगभेद नीतिको समाप्ति र प्रजातन्त्र पुनर्वहालीपछि विश्व क्रिकेटमा बलियो उपस्थिति जनाउँदै आएको दक्षिण अफ्रिकाले विश्वकप क्रिकेटमा अहिलेसम्म फाइनलको यात्रा गर्न पाएको छैन ।

विश्वकप क्रिकेटमा दक्षिण अफ्रिकाले अहिलेसम्म ३० वटा खेलमा सहभागिता जनाएको छ, जसमध्ये १९ मा विजय प्राप्त गरेको छ भने ९ खेलमा पराजय बेहोरेको छ । २ खेल नतिजारहित टुंगिएका छन् । दक्षिण अफ्रिकाले हालसालै भारत र पाकिस्तानविरुद्ध आफ्नो भूमिमा पाएको सफलता विश्वकपका सन्दर्भमा उल्लेखनीय छ । दक्षिण अफ्रिकाको सफलताका लागि कप्तान ग्रेम स्मिथ, अलराउन्डर ज्याक कालिस, विकेट किपर मार्क वाउचर, तीव्र गतिका बलर सन पोलकलगायत एस्वेल प्रिन्स, मखाया एन्टिनी, हर्षल गिब्स तथा युवा एबी डे भिलरको प्रदर्शन आफ्नो उत्कर्षमा हुनुपर्ने राय विश्लेषकहरूको छ ।

### दक्षिण अफ्रिकाका खेलाडीहरू

ग्रेम स्मिथ (कप्तान), ज्याक कालिस, लुट्स बोसम्यान, मार्क बाउचर (विकेट किपर), एबी डे भिलर, हर्षल गिब्स, एन्ड्रू हल, जस्टिन केम्प, चार्ल ल्याङ्गरभेल्ट, एन्ड्रु नेल, मखाया एन्टोनी, रोबिन पिटरसन, सन पोलक, एस्वेल प्रिन्स, रोजर टेलेमाकस ।

समूह 'ए' मा रहेको अर्को टिम स्कटल्यान्डले सन् १९९९ को विश्वकपमा सहभागिता जनाएको थियो । उक्त विश्वकपमा ५ खेल खेलेको स्कटल्यान्डले अहिलेसम्म कुनै जित हासिल गर्न सकेको छैन ।

### स्कटल्यान्डका खेलाडीहरू

## विश्वकप क्रिकेट २००७

ICC Cricket World Cup

ग्रेग राइट (कप्तान), रेयान वाट्सन, जोन ब्लेन, डुगी ब्राउन, गेभिन हेमिल्टन, माजिद हक, पाउल हफम्यान, डग्लस लकहर्ट, रोस लियोन्स, निल म्याकुलम, डेवाल्ड नेल, नवदीप पुनिया, ग्लेन रोजर्स, कोलिन स्मिथ (विकेट किपर), फ्रेजर वाट्स ।

यसै समूहमा रहेको हल्यान्डले अहिलेसम्म विश्वकपमा ११ खेल खेलिसकेको छ । सन् १९९९ र २००३ को विश्वकपमा सहभागिता गरेको हल्यान्डले विश्वकपमा एउटा खेलमा विजय प्राप्त गरेको छ भने १० खेलमा पराजय बेहोरेको छ ।

### हल्यान्डका खेलाडीहरू

लुक भान ट्रुस्ट (कप्तान), अदिल राजा, पिटर बोरेन, टिम डे लिङ्, मार्क जोन्कम्यान, एलेक्सी केरभेजी, मोहम्मद कासिफ, डरेने रिकर्स, एडगर सिफेर्ली, जोरेन स्मिट्स (विकेट किपर), विली स्टेलिङ, एरिक स्वार्जिन्स्की, रेयान टेन डोचेट, डान भान बुङ्गे, बास जुडेरेन्ट ।

## समूह बी

नवौं विश्वकपको 'समूह बी' मा श्रीलंका, भारत, बंगलादेश तथा बर्मुडा छन् । समूह 'बी' का सबै खेल ट्रिनिडाड एन्ड टोबागोमा खेलाइनेछ । यो समूहमा रहेको श्रीलंकाले विश्वकप आयोजकबाट दोस्रो वरियताक्रम र आईसीसीबाट छैटौं वरियताक्रम पाएको छ । भारतले विश्वकप आयोजकबाट आठौं र आईसीसीबाट पाँचौं वरियताक्रम पाएको छ । बंगलादेशले विश्वकप आयोजकबाट एघारौं तथा आईसीसीबाट नवौं वरियताक्रम पाएको छ । त्यसैगरी कुनै वरियताक्रम नपाएको बर्मुडाले पहिलो पटक विश्वकप क्रिकेटमा सहभागिता जनाउँदैछ ।

यो समूहको सबैभन्दा महत्त्वपूर्ण खेल भारत र श्रीलंकाबीच चैत ९ गते खेलिनेछ । यही खेलले समूह विजेताको निर्धारणसमेत गर्नेछ । तर पनि यसै समूहमा रहेको टेस्ट स्तर मान्यताप्राप्त बंगलादेशको उपस्थितिलाई विश्लेषकहरू कमजोर मान्ने पक्षमा छैनन् । पटक-पटक भारत र श्रीलंकालाई पराजित गरिसकेको बंगलादेशले कथंकदाचित विश्वकपका क्रममा भारत वा श्रीलंकालाई पराजित गऱ्यो भने यो समूहको गणितीय विश्लेषणमा ठूलो हेरफेर हुन सक्ने सम्भावना छ ।

यो समूहमा रहेको श्रीलंकाले सन् १९९६ को विश्वकप उपाधि जितिसकेको छ । श्रीलंकालाई सन् १९९६ को विश्वकपपछि विश्लेषकहरूले जहिले पनि विश्वकपको दाबेदारका रूपमा हेर्दै आएका छन् । पछिल्लो पटक न्युजिल्यान्डलाई न्युजिल्यान्डमै पराजित गरेको श्रीलंका यस पटक पनि विश्वकपको प्रबल दाबेदार मानिएको छ ।

श्रीलंकाले अहिलेसम्म विश्वकप क्रिकेटमा ४६ खेल खेलिसकेको छ जसमध्ये उसले सन् १९९६ को उपाधिसहित १७ खेलमा जित तथा २७ खेलमा हार बेहोरेको थियो भने एक खेल बराबरीमा र एक खेल अनिर्णित टुंगिएको थियो । श्रीलंकाको सफलताका लागि प्रमुख बलर मुथ्थैया मुरलिधरन, चामिन्दा भास, विकेट किपर कुमार संगाकरा, कप्तान माहेला जयबर्धनेसहित सनथ जयसूर्या, मार्वन अट्टापट्टु, उपुल थराङ्गा तथा तिलकरत्ने दिलसानको प्रदर्शनले विशेष भूमिका निर्वाह गर्नेछ ।

### श्रीलंकाका खेलाडीहरू

माहेला जयबर्धने (कप्तान), रसेल अर्नोल्ड, मार्वन अट्टापट्टु, मलिंगा बन्दरा, तिलकरत्ने दिलसान, दिलहारा फर्नान्डो, सनथ जयसूर्या, नुवान कुलसेकर, फार्बेज् महारुफ, लसित मलिंगा, मुथ्थैया मुरलिधरन, कुमार संगाकरा (विकेट किपर), चमारा सिल्भा, उपुल थराङ्गा, चामिन्दा भास ।

यसै समूहमा रहेको भारत पनि विश्वकपको प्रबल दावेदार हो । सन् १९८३ को विश्वकपमा अविश्वसनीय सफलता प्राप्त गरेको भारत त्यस बेलादेखि अहिलेसम्म सफलताकै खोजीमा छ । सन् १९८३ र २००३ को फाइनलमा प्रवेश गरेको भारत पछिल्लो विश्वकपमा अस्ट्रेलियासँग पराजित भएको थियो । पछिल्लो च्याम्पियन्स ट्रफी तथा दक्षिण अफ्रिका भ्रमणमा निराशाजनक प्रदर्शन गरेको भारतले पछिल्लो पटक आफ्नै भूमिमा वेस्ट इन्डिज र श्रीलंकाविरुद्ध सुदृढ प्रदर्शन गरेर विश्वकपका लागि आफ्नो आशालाई जीवितै राखेको छ ।

विश्वकपमा भारतको सफलता सचिन तेन्दुलकर, सौरभ गांगुली, कप्तान राहुल द्रविड, विकेट किपर महेन्द्रसिंह धोनी, बलर इरफान पठान, अजित अगारकर तथा हरभजन सिंहको प्रदर्शनमा निर्भर गर्नेछ । भारतले विश्वकप क्रिकेटमा अहिलेसम्म ५५ खेल खेलेको छ जसमध्ये सन् १९८३ को फाइनलसहित ३१ खेलमा विजय प्राप्त गरेको छ भने २३ खेलमा पराजय व्यहोरेको छ । भारतले खेलेको एउटा खेल अनिर्णित छ ।

### भारतका खेलाडीहरू

राहुल द्रविड (कप्तान), सचिन तेन्दुलकर, अजित अगारकर, महेन्द्रसिंह धोनी (विकेट किपर), सौरभ गांगुली, हरभजन सिंह, दिनेश कार्तिक, जहिर खान, अनिल कुम्बले, मुनाफ पटेल, इरफान पठान, वीरेन्द्र सहवाग, एस श्रीसन्त, रोविन उथ्थपा, युवराज सिंह ।

बंगलादेश टेस्ट स्तरको मुलुक भए पनि विश्वकपमा निराशाजनक प्रदर्शनका लागि चर्चित छ । विश्वकप क्रिकेटमा बंगलादेशले हालसम्म ११ खेल खेलिसकेको छ जसमध्ये उसले २ खेलमा मात्रै विजय प्राप्त गरेको छ भने ८ खेलमा पराजय । बंगलादेशले खेलेको एउटा खेल अनिर्णित छ । बंगलादेशका कप्तान हबिबुल बसार, सहरियार नसिव, अफताव अहमद, मोहम्मद अर्सरफुल, राजिन सलेहजस्ता खेलाडी यो विश्वकपमा चम्किन सक्छन् ।

### बंगलादेशका खेलाडीहरू

हबिबुल बसार (कप्तान), सहरियार नफिस, अब्दुर रज्जाक, आफताब अहमद, जावेद ओमार, मुसरफ मोर्तजा, मोहम्मद असरफुल, मोहम्मद रफिक, मुसाफिकर रहिम (विकेट किपर), राजिन सलेह, सकिबुल हसन, शहादत हुसैन, सैयद रसेल, तामिम इकवाल, तपस वैश्य ।

त्यसैगरी यो समूहमा रहेको बर्मुडाले पहिलो पटक विश्वकपमा सहभागिता गर्दैछ । क्रिकेटको लामो परम्परा रहेको वेस्ट इन्डिजको संगतमा रहेका कारण बर्मुडाले केही अविश्वसनीय नतिजा दिनसक्ने अनुमान कतिपय विश्लेषकहरूको छ ।

### बर्मुडाका खेलाडीहरू

इर्भिङ रोमेन (कप्तान), डिन मिनोर्स, डेलोन बोर्डेन, लियोनेल कान, डेभिड हेम्प, केभिन हर्डल, मालाची जोन्स, स्टेफन केली, ड्वायने लेभेरक, सलिम मुकुद्दिम, स्टेफन आउटरब्रिज, ओलिभर पिचर, क्ले स्मिथ, जेनिरो टुकर, क्वाम टुकर (विकेट किपर) ।




सर्वाधिक बिक्री हुने साप्ताहिक सबैको लागि सम्पूर्ण पत्रिका

## विश्वकप क्रिकेट क्विज

| प्रथम पुरस्कार | द्वितीय पुरस्कार | तृतीय पुरस्कार |
|---|---|---|
| ५ जनालाई १ वर्षसम्म साप्ताहिक | १० जनालाई ६ महिनासम्म साप्ताहिक | २० जनालाई ३ महिनासम्म साप्ताहिक |

१. विश्वकप क्रिकेट प्रतियोगिता सबैभन्दा धेरै पटक जित्ने मुलुक कुन हो ?

.........................................

२. नवौं विश्वकप कतिवटा मुलुकले आयोजना गर्दै छन् ?

.........................................

३. नवौं विश्वकपमा कतिवटा मुलुकले सहभागिता गर्दैछन् ?

.........................................

४. नवौं विश्वकप कुन राष्ट्रले जित्नेछ ?

.........................................

५. नवौं विश्वकपको 'म्यान अफ द टुर्नामेन्ट' को हुनेछन् ?

.........................................

**नियमहरू**

१. एकभन्दा बढी सही उत्तर प्राप्त भएमा गोलाप्रथाद्वारा निर्णय गरिनेछ । कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.को निर्णय नै अन्तिम हुनेछ ।
२. पुरस्कार कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.को काठमाडौं सुविधानगरस्थित मुख्य कार्यालय र विराटनगर, पोखरा, भरतपुर र नेपालगन्जस्थित क्षेत्रीय कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
३. उत्तर २०६४ वैशाख १० गतेसम्म प्राप्त भइसक्नुपर्नेछ ।
४. उत्तर पठाउँदा साप्ताहिकको कटिङ नै पठाउनुपर्ने छ । फोटोकपिलाई मान्यता दिइनेछैन । एक जनाले असीमित उत्तर पठाउन सक्नेछन् ।
५. कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. सँग सम्बद्ध कर्मचारी तथा तिनका परिवारले प्रतियोगितामा सहभागी हुन पाउनेछैनन् ।

**उत्तर पठाउने ठेगाना**
कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., कान्तिपुर, कम्प्लेक्स
पो.ब. नं. ६०१९, तीनकुने, सुविधानगर, काठमाडौं

**सहभागीको नाम :**
**ठेगाना :**
**फोन नम्बर :**

## छोटकरी समाचार

### इन्डो-नेपाल क्रिकेटमा फेडरेसन विजयी



बुटवल– बुटवल युथ स्पोर्ट्सको आयोजनामा सम्पन्न इन्डो नेपाल क्रिकेट फ्रेन्डसिप टुर्नामेन्ट इन्डियन ट्वान्टी फेडरेसनले जितेको छ। बेस्ट अफ थ्रीका आधारमा भएको टुर्नामेन्टमा लगातार दुई खेल जित्दै इन्डियन टिमले टुर्नामेन्ट जितेको हो। शुक्रबार सम्पन्न पहिलो खेलमा १४ रनले पराजित बुटवल ११ शनिबारको दोस्रो खेलमा ९ विकेटले पराजित भएको हो। शनिबार टस जितेर ब्याटिङ रोजेको बुटवल ११ ले भूपेन्द्र गुरुङको २३ ओम गुरुङको १० र विश्व थैबको ९ रनको योगदानमा निर्धारित २० ओभरको खेलमा ११ दशमलव ५ ओभरमा अलआउट हुँदै ६३ रन बनाएको थियो। इन्डियन फेडरेसनका लागि सुशान्तले ३ दशमलव ५ ओभर गर्दै १० रन खर्च गर्दै ५ तथा सम्राटले २ विकेट लिएका थिए।

प्रत्युत्तरमा ६४ रनको लक्ष्य इन्डियन फेडरेसनले ८ दशमलव १ ओभरमा मात्र १ विकेट गुमाएर प्राप्त गरेको थियो। इन्डियन टिमका लागि राकेश र अशोकले अविजित २९-२९ रनको योगदान दिएका थिए भने सम्राट १ रन बनाएर आउट भएका थिए।

### पोखरा म्याराथनको उपाधि अर्जुनलाई

पोखरा- रंगशालामा लस्करै धावकहरू दौडन तम्तयार। सिटीको आवाजसँगै म्याराथन दौड प्रारम्भ भयो। धावकहरू सबै उपाधि चुम्ने उत्कण्ठासहित दौडिए, तर नेपाली सेनाका अर्जुनकुमार बस्नेतले सबैलाई पछाडि पार्दै राष्ट्रिय वाणिज्य बैक छैटौं पोखरा म्याराथनको उपाधि आफ्नो हातमा पारे। गत वर्ष दोस्रो स्थानमा चित्त बुझाएका बस्नेत यस पटक नयाँ कीर्तिमानका साथ ४२ किलोमिटरको निर्धारित दूरी २ घण्टा २१ मिनेट ३२ सेकेन्डमा पूरा गर्दै पोखरा म्याराथनको च्याम्पियन बने। उपाधिसँगै उनले ४० हजार नगद पुरस्कार पाए।

प्रतियोगितामा सशस्त्र प्रहरीका अर्जुनप्रसाद ढकालले निर्धारित दूरी २ घण्टा २८ मिनेट २ सेकन्डमा पार गरे भने नेपाली सेनाकै उत्तम केसीले २ घण्टा ३० मिनेट ४४ सेकन्डमा निर्धारित दूरी पूरा गरी तेस्रो स्थान प्राप्त गरे। उनीहरूले क्रमशः २५ र १५ हजार रुपैयाँ नगद पुरस्कार जिते। प्रतियोगितामा अमृत हमाल उत्कृष्ट खेलाडी घोषित भए।

म्याराथनको चौथोदेखि सातौंसम्मको स्थानमा त्रिभुवन आर्मी क्लबले कब्जा जमायो भने आठौंमा मेहन्द्र पुलिस तथा नवौं र दसौं स्थानमा सशस्त्र प्रहरीले आफ्नो स्थान सुरक्षित राख्यो। उनीहरूले ५ देखि १ हजार रुपैयाँको नगद पुरस्कार पनि पाए।

महिलातर्फको १० किलोमिटर दौड महेन्द्र पुलिस क्लबकी कान्छीमाया कोजूले जितिन्। उनले ३९ मिनेटमा दौड पूरा गरेकी थिइन। प्रतियोगितामा छायाँ खत्री द्वितीय र हरिदेवी लावती तृतीय भइन्। यस्तै पुरुषतर्फकै १० किलोमिटर दौडमा सशस्त्रका गगनसिंह ऐरले उपाधि चुमे। उनले ३३ मिनेट २२ सेकन्डमा उक्त दूरी पार गरेका थिए। सेनाका नयन्द्र राईले ३३ मिनेट ३७ सेकन्डमा दूरी पार गरी द्वितीय तथा सशस्त्र प्रहरीका आशाराम राईले ३४ मिनेट ३ सेकन्डमा दूरी पार गरी तेस्रो स्थान ल्याएका थिए। महिला तथा पुरुष १० किलोमिटरतर्फ प्रथम द्वितीय र तृतीय हुनेलाई क्रमशः ७, ४ र ३ हजार रुपैयाँ नगद पुरस्कार



प्रदान गरिएको थियो।

विद्यालयतर्फको १० किलोमिटर छात्रतर्फको दौडमा ज्योतिदय सहकारी स्कुल काठमाडौंका दीपक देसार प्रथम भए भने सोही विद्यालयका प्रवीण देसार द्वितीय तथा पञ्चकन्या मा.वि. काठमाडौंका रमेश सुनार तृतीय भए। त्यस्तै छात्रातर्फको १० किलोमिटर दौडमा बाबा वाटिका स्कुल काठमाडौंकी सीता रिमाल, गौरीशंकर मा.वि. हेमजाकी दुर्गा चपाईं र शुक्रराज बलभद्र मा.वि. कास्कीकी राखी शर्मा क्रमशः प्रथम, द्वितीय र तृतीय भए।

पहिलो पटक अपांग र दृष्टिविहीनलाई पनि पोखरा म्याराथनमा सहभागी गराइएको थियो। अपाङ्ग तर्फको ४ सय मिटर दौडमा भरत बानियाँ प्रथम, झलक तिवारी द्वितीय तथा राजकुमार ठकुरी तृतीय भए। त्यसै गरी दृष्टिविहीनतर्फको १ सय मिटर दौडमा दिवस आले, तोरण अधिकारी र सुइर तुम्वाछावे क्रमशः प्रथम द्वितीय तथा तृतीय भए। भेट्रासतर्फ पोखराका पुराना चर्चित धावक गोपी श्रेष्ठ प्रथम भए। तुलबहादुर गुरुङ र खुसीराम शर्माले द्वितीय तथा तृतीय स्थान प्राप्त गरे। सञ्चारकर्मीको दौडमा प्रवीण कार्की प्रथम, राजन खत्री द्वितीय तथा दिनानाथ बराल तृतीय भए। नेपाल भूतपूर्व खेलाडी मञ्च कास्कीले आयोजना गरेको पोखरा म्याराथनमा कुल १ हजार ६९ धावक सहभागी थिए, जसमा विदेशी ३७ जनाको सहभागिता थियो। म्याराथनतर्फ १ सय ५३, १० किलोमिटर पुरुषतर्फ २ सय २५, महिलातर्फ ७७, स्कुले छात्रतर्फ ३ सय ७७, छात्रातर्फ १ सय ५१, भेट्रान्समा ४७। सञ्चारकर्मीतर्फ ३३ तथा अपाङ्गतर्फ २२ जना सहभागी थिए।

**–शिव शर्मा**

**तस्बिर : सुदर्शन रञ्जित**


## Admission Notice

Chelsea International Academy is a fast growing institution with national and international programs. Situated at the center of the city, the school provides all facilities required for proper grooming of the children. Focusing on better future for each individual, Chelsea emphasizes on individual attention and guidance right from their early childhood.





With a view of providing best environment in the best possible ways, Chelsea announces Admissions Open for the New Academic Session 2064 (2007/08) for limited seats from Play group to Grade Five

To know more about Chelsea, watch:

| Time & Date | Channel |
|---|---|
| 8:30 am, 10th Falgun, Thursday | Image Channel (red) |
| 7:30 pm, 11th Falgun, Friday | NTV 2 |
| 8:00 am, 12th Falgun, Saturday | NTV |
| 6:00 pm, 13th Falgun, Sunday | Kantipur TV |
| 6:15 pm, 13th Falgun, Sunday | Image Metro (blue) |

for further details contact the office of admissions (in person), weekdays from 9am to 5pm.

Chelsea International Academy
Lakhechaur Marg, New Baneshwor, Kathmandu, Nepal.
Phone: 4472902, 4499662, 4483212





# रेस्लिङले उचाल्यो दर्शक

नुवाकोट– टेनस्पोर्ट्‌सलगायत विदेशी खेलकुद टेलिभिजनहरूको लोकप्रिय रेस्लिङखेल नुवाकोटमा समेत प्रदर्शन भएको छ। टेलिभिजनको पर्दाबाहिर प्रत्यक्ष रूपमा जिल्लावासीले रेस्लिङ खेल (पेसागत पहलमानी अर्थात् व्यवयायी कुस्ती) हेर्ने मौका पाएका छन्।

रेस्लिङ प्रत्यक्ष हेरेर मनोरञ्जन लिनेहरूमा बालबालिका तथा युवाहरूको जमात नै बढी थियो। सगरमाथा रेस्लिङ मनोरञ्जन संघ, नेपालले आयोजना गरेको रेस्लिङ हेर्न आउनेको भीड थामिनसक्नु भएको थियो। सदरमुकाम विदुरको खुला चौरमा खेल्ने ठाउँ बनाइएको थियो। जहाँ आठ जना रेस्लरले तीन घण्टासम्म आफ्नो खेल कौशल प्रदर्शन गरेर १० हजारभन्दा बढी दर्शकलाई मनोरञ्जन दिए।

अजिङ्गर र बाबा बुई, स्याक्सवी र देबा, सोल्जर र साइनाइटर, आरके र किङ लिजार्डको जोडीले खेल प्रदर्शन गरेका थिए। प्रदर्शनका क्रममा आरके र किङ लिजार्ड सामान्य घाइतेसमेत भए।



दक्षिण एसियाकै पहिलो रेस्लिङ रेफ्री भनिएका नुवाकोटनिवासी उद्धव थपलियाले उक्त खेलमा रेफ्रीको भूमिका निर्वाह गरेका थिए। नेपालमा भर्खरै भित्रिएको र विरलै मात्र हुने यो खेललाई राजधानीबाहिर अन्य जिल्लामा पनि प्रदर्शन गर्दै लाने योजना रहेको संघले जनाएको छ। यसअघि पहिलो पटक २०६२ फागुनमा नुवाकोटको त्रिशूलीमा रेस्लिङ प्रतिस्पर्धा भएको थियो।

**–नवदीप अजनवी**

# दुलही बनिन् देवयानी

काठमाडौं– राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष पशुपतिशमशेर राणाकी छोरी देवयानी राणाको विवाह भारतीय राष्ट्रिय कांग्रेसका नेता अर्जुनसिंहका नाति ऐश्वर्य सिंहसँग आज भारतको नयाँदिल्लीमा सम्पन्न हुँदैछ। विवाहका लागि नेपालबाट राणा परिवारसहित आफन्तहरूको टोली यसअघि नै त्यहाँ पुगिसकेको छ। छोरीको विवाहका लागि दिल्ली जानुअघि अध्यक्ष राणाले साप्ताहिकसँग कुराकानी गर्दै भने- 'नयाँदिल्लीको वैवाहिक कार्यक्रम सकिएपछि नेपालमा पनि प्रीतिभोजको आयोजना गरिनेछ।'

देवयानीको विवाह नयाँदिल्लीस्थित इन्दिरा गान्धी विमानस्थलनजिकैको सिन्धिया भिला गजेर हाउसमा सम्पन्न हुनेछ। देवयानीकी आमा उषाराजे सिन्धिया राणालाई स्वर्गीय राजमाता विजयारजेले उक्त भवन दाइजोस्वरूप दिएकी हुन्। यो विवाहमा विशिष्ट नेपाली अतिथि मात्र होइन, भारतीय राजनीतिका चर्चित व्यक्तिहरूको समेत उपस्थिति रहने बताइएको छ।

देवयानी राणा कुनै विशेष नाम होइन, तर पनि उनलाई धेरै नेपालीले चिन्छन्। वि.सं. २०५८ जेठ १९ गतेको रात राजदरवार नारायणहिटीमा घटेको विस्मयकारी हत्याकाण्डपछि देवयानीको नाम अकस्मात् चर्चामा आएको थियो, तर अर्को अचम्म के भने त्यसयता धेरैले बुझ्न खोजेको देवयानीको जीवनलाई अहिलेसम्म पनि उनको परिवारबाहेक अरूले नजिकबाट बुझ्न सकेका छैनन्। राणा परिवार स्रोतका अनुसार देवयानी उक्त घटनापछि नेपाल बसेकी छैनन्। देवयानीका पिता पशुपतिशमशेर राणाकै भनाइमा पनि पाँच-छ वर्षयता उनी नेपालमा छैनन्। देवयानी नेपालमा नरहे पनि गत वैशाखमा उनको विवाह ऐश्वर्यसँग हुने समाचार आएको थियो। यद्यपि त्यसपछि सिंह परिवारले ग्रहदशा नमिलेको बताउँदै विवाहका लागि ढिलाइ गरेको थियो। बेहुलीका पिता राणाका अनुसार देवयानी र ऐश्वर्यले एक-अर्कालाई मन पराएपछि सबै प्रक्रिया मिलाएर दुवै परिवारले सम्बन्ध गाँस्ने निर्णय गरेको हो।

कुनै समय देवयानीको नाम तत्कालीन युवराज दीपेन्द्रसँग



जोडिएको थियो। लामो समयसम्म युवराजकी घनिष्ठ मित्र रहेकी देवयानीसँग युवराज दीपेन्द्रले विवाह गर्न चाहेका थिए। यतिसम्म कि दरबार हत्याकाण्डको कारक पनि युवराजले देवयानीसँगै विवाह गर्न पाउनुपर्छ भन्ने अड्‌डी कसेका कारण घट्न पुगेको कुरा बजारमा फिँजिएको थियो। त्यस्तै हत्याकाण्डअघि राणाको मोबाइल ९८५१०२१५१३ मा दीपेन्द्रले देवयानीसँग १ मिनेट ३३ सेकेन्ड कुराकानी गरेको बताइएको थियो। देवयानी र दीपेन्द्रबीच ३ वर्षको सम्बन्ध निकट मित्र वा त्योभन्दा अझै माथि के थियो, स्पष्ट नभए पनि दरबार हत्याकाण्डलगत्तै उनी नेपाल छोडेर मावलीघर भारतको ग्वालियर पुगिन्। घटनापछि देवयानी आहत भएको प्रसङ्ग पनि चर्चामा रह्यो।

ऐश्वर्य भारत मध्यप्रदेशका मुख्यमन्त्री भैसकेका तथा वर्तमान केन्द्रीय सरकारमा मानव संसाधन विकास मन्त्री अर्जुन सिंहका छोरीतर्फका नाति हुन्। मध्यप्रदेशस्थित निजी वनको संरक्षण गर्दै आएका ऐश्वर्य तथा देवयानीबीच पनि मित्रताको सम्बन्ध हुँदै प्रेमी-प्रेमिकाको सम्बन्ध गाँसिएको थियो। बहुमुल्य सयौं एकड जमिन तथा उद्योग रहेको सिंह परिवारको अर्को विशेषता मध्यप्रदेशको राजनैतिक भविष्य निर्धारण गर्न सक्ने खुबी हो। यता अन्तिम राणा प्रधानमन्त्री मोहन शमशेरका नाति तथा अहिलेका प्रमुख राजनैतिक दलहरूमध्ये एकका अध्यक्ष राणाको पनि आफ्नै उद्योगका अतिरिक्त अन्य थुप्रै उद्योगमा समेत लगानी छ। स्रोतका अनुसार राणा नेपालका दस धनी व्यक्तिको सूचीमा पर्ने व्यक्ति हुन्। त्यतिमात्र होइन, राणाकी धर्मपत्नी उषाराजे सिन्धिया राणा ग्वालियर राजपरिवारकी सदस्य हुन्।

देवयानीले प्रारम्भिक शिक्षा सेन्टमेरिजबाट लिएकी थिइन् भने त्यसपछि देहरादूनको वेलह्याम्स स्कुलबाट उनले विद्यालय अध्ययन पूरा गरेकी थिइन्। दिल्लीस्थित एलएएस हाईस्कुल हुँदै लन्डन स्कुल अफ इकोनोमिक्सबाट उनले स्नातकोत्तर पूरा गरेकी छिन्। हत्याकाण्डको केही समयपछि जेनेभास्थित एक अन्तराष्ट्रिय गैरसरकारी संस्थामा काम गरेकी देवयानी हाल युएनडिपी दिल्लीमा कार्यरत छिन्। यो विषयमा अध्यक्ष राणा भन्छन्– केही अघि देवयानीलाई मेनेन्जाइटिस भएर अपोलो अस्पतालमा भर्ना गरिएको थियो। राणाले भने– 'तर अहिले उनको स्वास्थ्यमा धेरै सुधार आइसकेको छ।'

नेपालमा भैरहने बन्द र हड्‌तालका कारण देवयानीको विवाह नेपालमा आयोजना गर्न नसकिएको राणाले बताए। विवाह दिल्लीमा भए पनि मैले दलहरूका सबै शीर्षस्थ नेतालाई निम्तो दिएको छु, राणा भन्छन्- 'देशको स्थिति असामान्य भएकाले उहाँहरू दिल्ली जान सम्भव नभएकाले नै नेपालमा पनि रिसेप्सन दिन लागिएको हो।'

करोडौं रुपैयाँ खर्च हुने अनुमान गरिएको यो विवाहका लागि नेपालका केही उद्योगपति तथा राजनेताहरूलाई पनि निम्तो दिइएको छ, जसमा माओवादीका अध्यक्ष प्रचण्डदेखि राजा ज्ञानेन्द्रसम्म छन्। त्यसका अतिरिक्त नेपालस्थित राणा निवास विजयवासमा आयोजना गरिने भोजका लागि पनि राणा परिवार विवाहको एक महिना पूर्वदेखि नै तयारीमा जुटेको थियो।





अंग्रेजि
दुई महिना मै!
*Basic *Intermediate *Advance
जान्दै नजान्ने हरुको लागी विशेष व्यवस्था
Free:Books, Cassets & Video-CDs
TOEFL, IELTS
Study in:
UK, USA, Australia
Free: Email & Internet
Member Of EGAN
Computer:
Basic to Diploma
Getway ☎ 4241870
Educational Consultancy P. Ltd
Bagbazar, KTM.

तालिम
* फोटोग्राफी
* भिडियोग्राफी
* कलरल्याब
* लेमिनेशन
* डिजिटल फोटोग्राफी
सम्पर्क: * डिजिटल भिडियोग्राफी
अरुण दत्त पन्त द्वारा
वि.सं. २०५३ देखि निरन्तर..........
मान्यता प्राप्त पहिलो फोटो भिडियो इन्ष्टिच्यूट
नेपाल फोटोग्राफी ट्रेनिङ इन्ष्टिच्यूट
भोटाहिटी, साझा भण्डार माथिल्लो तल्ला, काठमाण्डौं
४१९१०३७, ४२१६२९१

सजिलो ! सस्तो ! राम्रो !
मूल्य रू.१८५/–
Class XI
Taleju Refresher
English Guide
Class XI को Com. English पास गर्न चाहानु हुन्छ भने ..... !! !!!
तलेजु प्रकाशनको राम्रो गाइड पढ्न नभुल्नु होला ! सबैतिर पाइन्छ, आजै किन्नु होस्।
तलेजु प्रकाशन

होटल तथा पर्यटन तालिम
★ Tour & Travel Mgmt
★ Tour Operation
★ Airlines & Travel (Manual, Amadeus & Abacus)
★ Hotel Management
★ F & B Management
★ Cook ★ Front Office
★ Waiter ★ Barman
★ Bakery ★Housekeeping
SATS Course मा आधारीत तालीम
Compare our quality with the others
सम्पर्क:–सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र
नयाँ बानेश्वर चोक (अन्तराष्ट्रिय सभा केन्द्रको पानी ट्यांकीको पश्चिम)
४४७५११३/४४७२५५३
(विहान ७:०० देखि बेलुका ७:०० सम्म)

होटल तालीम होटल खुम्जुङ्गमा
Cook-Indian, Chinese, Continental Waiter, Bar Man, Room Boy, House Keeping लगायत सम्पूर्ण होटल तालीममा भर्ना धमाधम लिईदैछ।
हाम्रा विशेषताहरु
1. Cook Training गर्नेका लागि English तथा Waiter Training सित्तैमा
2. आफ्नै होटलमा सम्पूर्ण तालीम दिईने।
HOTEL KHUMJUNG Training Centre
चक्रपथ, महाराजगंज, नारायण गोपाल चोकबाट ३ मिनेट पूर्व
Ph: 4-373411, 4-372194
City Office:- रानीपोखरी, जमल
विश्वज्योती हलसंगै ,Ph:- 4249576


हेमराज ज्ञवालीद्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली/स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**